मनास्लु ८,१८६ मि.

# आवर्तन

## चौथो पाइला



लिगलिग कोट



गोरखा दरबार, माथिल्लो



हरि सांस्कृतिक केन्द्र भवन




## हरि सांस्कृतिक केन्द्र, गोरखा

२०४६

# हरि सांस्कृतिक केन्द्र गोरखाका केही झलक









# राजेश्वर देवकोटाका उपन्यासहरू खोजी–खोजी पढौँ




























गणतन्त्रात्मक नेपालको संविधान २०७२ लागु भएपश्चात गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लामा साविक २ न.पा. र ६४ गा.वि.स.को सट्टा २ न.पा., ९ गा.पा. समेत ११ स्थानीय तह

१. गोरखा न.पा.
२. पालुङटार न.पा.
३. सुलिकोट गा.पा.
४. अजिरकोट गा.पा.
५ सिरानचोक गा.पा.
६. आरूघाट गा.पा.
७. गण्डकी गा.पा.
८. चुम्नुब्री गा.पा.
९. धार्चे गा.पा.
१०. भिमसेन गा.पा.
११. शहीदलखन गा.पा.

# हरि सांस्कृतिक केन्द्र, गोरखा को

## मुखपत्र ः आवर्तन

**वर्ष : ११** **२०८०** **पाइलो चार**



संस्थापक संरक्षक :

**स्व. राजेश्वर देवकोटा**

सल्लाहकार :

**प्रा.डा. वासुदेव त्रिपाठी**

प्रधान सम्पादक :

**केदारनाथ खनाल**

सम्पादकहरू :

**डा. प्रभा कैनी**

**विजयराज न्यौपाने**

**सुनील अर्याल**

**गीता रेग्मी**

व्यवस्थापकहरू :

**दिलीप देवकोटा**

**विष्णुप्रसाद पोखरेल**



कम्प्युटर :

**जीवननाथ ढुङ्गाना, ९८४५०४६७४४**

मुद्रक :

**क्वालिटी प्रेस**

**भरतपुर-९, बसपार्क,चितवन**

**फोन : ०५६-५९४२०१**

**प्रकाशक:**

**हरि सांस्कृतिककेन्द्र,गोरखा**

**गोरखा नगरपालिकाका-६, शक्तिमार्ग**

**सम्पर्क : ९८४५०४५९२८, ९८४६०८९०३३, ९८४६०८८२२५**



# शुभ-कामना

इ. ईश्वरचन्द्र देवकोटा

संस्थापक/प्रमुख संरक्षक

'हरि सांस्कृतिक केन्द्र'बाट सञ्चालित कुनै पनि कार्यमा मन्तव्य प्रकट गर्नुपूर्व परमपूज्य पितामह हरिभक्त देवकोटाज्यूमा श्रद्धाभक्ति अर्पण गर्दछु । आफ्ना मान्यजनहरूको महिमागान गर्नु त्यति शोभनीय नहोला तथापि पूज्य माता मायादेवी देवकोटाज्यूको आफ्ना ससुरा हरिभक्तको स्मृति-भक्तिमा केन्द्रको भौतिक उत्थान र गतिविधि दिगो तथा दरिलो होस् भन्ने सदिच्छा तीव्र थियो भन्ने कुरा उल्लेख गर्न मनासिब ठान्दछु । आजको कार्यक्रममा 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' अर्पण, **आवर्तन** पाइलो चार लोकार्पण र **राजेश्वरकाव्यम्**को (संस्कृत) दोस्रो संस्करण (नेपालीमा अनुवादसमेत) एकैपटक लोकार्पण हुन लागेकोमा शुभकामनासहित निम्ननानुसार केही अभिमत राख्दछु :

**हरि उत्कृष्ट प्रतिभा पुरस्कार** : आज २०८० साल श्री पञ्चमीको पावन अवसरमा हरि उत्कृष्ट प्रतिभा पुरस्कारबाट सम्मानित हुनुहुने लोककवि श्री सुरेशकुमार भट्टज्यूलाई बधाइ दिन चाहन्छु । प्रसङ्गवश, श्री पञ्चमीको दिन विशेष धार्मिक आस्था राख्ने माताज्यूलाई अति शुभ लाग्ने दिन हो र यसै पावन अवसरमा यो कार्यक्रम भइरहँदा म माताज्यूलाई पुनः स्मृति-सम्मान प्रकट गर्दछु । यसै दिन विद्याकी देवी सरस्वतीको पूजा-अर्चना गरिन्छ, शुभअक्षरारम्भ गरिन्छ भने चराचरमा नयाँ पालुवाले नयाँ जीवन थालनी भएझैँ, शिक्षा, ज्ञान, संस्कृतिको चेत विभिन्न माध्यमबाट उजागर गर्ने शुभसाइत हुन्छ भन्दा अत्युक्ति नहोला । कवि माधवप्रसाद देवकोटाले २५० श्लोकको **भारती वैभवम्** महाकाव्य २५ वर्ष लगाएर लेख्नुभएको हो र त्यसमा उहाँले हरेक वर्ष श्री पञ्चमीकै दिनमा वर्षभरिको अध्ययनको निचोडमा १० वटा मात्र श्लोक लेख्नु हुँदोरहेछ भन्ने कुरा पनि प्रसङ्गवश उल्लेख गर्न चाहेँ ।

पुरस्कृत प्रतिभा श्री सुरेशकुमार भट्टज्यू धेरै लामो समयदेखि हाम्रो ऐतिहासिक र गौरवमय गोरखा जिल्लाको शैक्षिक उन्नयनमा समर्पित एक सुपरिचित नाम हो । यसबाहेक अन्य विभिन्न सङ्घ-संस्थामा रही उहाँ निरन्तर कार्यरत रहनुभएको कुरा पनि अवगत नै भएको हो । व्यक्तिगत तवरमा भन्नुपर्दा उहाँका कृतिहरूउपरका कार्यक्रमहरू जस्तै : विमोचन, छलफल, अन्तरक्रियामा म संलग्न

हुन पाएको हुँ। यसरी उहाँ यस केन्द्रबाट सम्मानित हुनुभएकोमा हर्ष लाग्नु स्वाभाविकै हो। लोककवि सुरेशकुमार भट्टज्यू उर्फ 'सुकुमार'लाई धन्यवाद दिन चाहन्छु। हरि सांस्कृतिक केन्द्रको मुखपत्र **आवर्तन**को पाइलो तीनमा भट्टज्यूका कृतिहरू **काँचुली** (उक्तकसङ्ग्रह), **तृतीय समर कोरोना कहर** (कवितासङ्ग्रह), **साइनु** (लोककाव्य), **सोली डोली** (लोक वेद), **मलाई मन पर्छ** (बालगीति-कवितासङ्ग्रह) समीक्षा गरिएको यहाँ सन्दर्भवश उल्लेख गर्न चाहेँ।

सर्वविदितै भएको कुरा हो - हरि सांस्कृतिक केन्द्रको स्थापना पिताज्यूले प्राप्त गर्नुभएको मदन पुरस्कार र साझा पुरस्कारबाट प्राप्त रकम ५८ हजार अक्षय कोषमा राखी २०४६ सालमा स्थापना गर्नुभएको हो। पिताज्यूको चाहना थियो, यस केन्द्रबाट प्रदान गरिने सबै पुरस्कारहरू यही रकम र यस्तै अन्य प्राप्त पुरस्कार तथा उहाँका साहित्यिक कृतिहरूबाट प्राप्त हुने रोयल्टीबाट चलिरहून्। त्यस मानेमा हामी परिवारजनलाई त्यो पिताज्यूको अवधारणा हाँकको रूपमा विद्यमान हुँदै आइरहेको छ भन्ने कुरा पनि यो पुरस्कारको सन्दर्भ हुँदा व्यक्त गर्न चाहेँ।

'**आवर्तन**' **पाइलो चार लोकार्पण** : आजै, हरि सांस्कृतिक केन्द्रको मुखपत्र **आवर्तन**को पाइलो चार लोकार्पण हुन लागेकोमा यस केन्द्रका सल्लाहकार, निवर्तमान अध्यक्ष एवम् यस प्रकाशनका प्रधान सम्पादक केदारनाथ खनालज्यूलगायत सम्पादक मण्डललाई धन्यवाद ज्ञापन गर्दछु। यस मुखपत्रको नाम **आवर्तन** वास्तवमा संयोगले जुर्न पुगेको हो भन्नुहुन्छ, खनालज्यू। यसो नियालेर हेर्दा धेरै कुराहरू सान्दर्भिक पनि हुन आएजस्तै लाग्छ। प्रथमतः यस केन्द्रको मूल नाम हरिको सहस्र नाममध्ये "आवर्तन" पनि हुनु, यस संस्थाका संस्थापक-संरक्षक राजेश्वर देवकोटाको प्रकाशित पहिलो उपन्यास पनि **आवर्तन** हुनु र गत ३१ अक्टोबर २०२१ (१४ कार्तिक २०७८) का दिन अमेरिकास्थित नर्थ क्यारोलाइना नेपाली साहित्य समाजको आयोजनामा हरि सांस्कृतिक केन्द्रले 'राजेश्वर देवकोटाको साहित्यिक र दार्शनिक व्यक्तित्व'माथि परिचर्चाको एक विश्वव्यापी कार्यक्रमको आवर्तन गर्नु रोचक टिप्पणी पनि यहाँ अनुस्मरण गर्न चाहेँ।

प्रा.डा. नारायणप्रसाद खनालज्यूले लेख्नुभएको **राजेश्वर काव्यम्** (जीवनी सम्बलितम्)को दोस्रो संस्करण नेपालीमा अनुवादसमेतको लोकार्पण हुन लागेको अवसरमा आदरणीय प्रा.डा. नारायणप्रसाद खनालज्यूप्रति आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु। हरि सांस्कृतिक केन्द्र परिवारका सम्पूर्ण सदस्यहरूसहित यस केन्द्रलाई शैशवकालदेखि नै निरन्तर स्नेह र संरक्षण प्रदान गर्नु हुने प्रा.डा. वासुदेव त्रिपाठीज्यूप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु। अन्तमा यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

●●●

# प्रकाशकीय / सम्पादकीय

- श्रीपञ्चमी विद्याकी अधिष्ठात्री सरस्वतीको पूजा–अर्चना, साधना–उपासना गर्ने, बालबालिकालाई अक्षरारम्भ गराउने शुभ दिन, आजैको शुभमुहूर्तमा वसन्तागमनको अनुष्ठान गरिन्छ । गृहस्थी/व्यवसायीले पुराना बहीखाता लेनदेन, हिसाब–किताबको तामेली र नयाँ कारोवार, व्यवहार सुरु गर्ने, कृषकले हलसरो गर्ने, वाङ्मयसेवीले आ–आफ्ना साधना–संस्कारित गर्ने, सिर्जना गर्ने यो पुनीत अवसरमा सरस्वतीका वरदपुत्र राजेश्वर देवकोटाजीद्वारा संस्थापित **हरि सांस्कृतिक केन्द्र-गोरखा**को मझेरीमा ‘स्रष्टा–सम्मान र कृति लोकार्पण’को आयोजना हुनु आफैमा महिमामय कार्य हो ।
- परिवर्तनशील संसारका सबै कुरा फेरबदल हुन्छन् । स्थिर केही छैन । ‘हरि सांस्कृतिक केन्द्र–गोरखा’ पनि गतिशील संस्था हो । २०४६ सालमा दर्ता हुँदाको यस संस्थाको विधान समय–सापेक्ष संशोधन–२०८० भएको छ । मिति २०८०।०२।२० गते डा. प्रभादेवी देवकोटा ‘कैनी’को अध्यक्षतामा सात सदस्यीय कार्यसमिति पुनर्गठन भएको छ । नयाँ कार्यसमितिलाई सफलताको शुभकामना !
- हरि सांस्कृतिक केन्द्रको संरक्षण र सम्बर्द्धनमा महत्त्वपूर्ण योगदान दिनुहुने श्रीमती मायादेवी देवकोटाको पुण्यस्मृतिमा ‘मायादेवी स्मृति पुरस्कार’ र ‘राजेश्वर देवकोटा विद्वत्वृत्ति कोष’ स्थापना गर्ने निर्णय भएको सुखद कुरा सहर्ष जानकारी गराउन चाहन्छौँ ।
- गोरखा, मसेल निवासी लोककवि श्री सुरेशकुमार भट्टलाई ‘हरि सांस्कृतिक प्रतिभा पुरस्कार–२०७९’ द्वारा सम्मान गर्ने निर्णय भएको छ । सम्मानित प्रतिभा भट्टजीलाई हाम्रो हार्दिक बधाइ !
- प्रा.डा. नारायणप्रसाद खनाल प्रणीत **राजेश्वरकाव्यम्** (जीवनी सम्वलितम्, नेपाली भाषा अनुवादसहितञ्च) काव्य–कृति दोस्रो संस्करण आजै लोकार्पण हुँदैछ । काव्यकार डा. खनाल र अनुवादक डा. हरिहर शर्मा अर्यालजीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौँ ।
- **आवर्तन**, हरि सांस्कृतिक केन्द्र, गोरखाको मुखपत्र भएकाले यसमा समावेश गरिने सामग्री यसैको सेरोफेरो र घेरोमा सीमित हुनु स्वाभाविकै हो भन्ने ठानेका

छौँ । पाइलो चारमा शुभकामनासहित प्रस्तावित हरिभक्त देवकोटा जीवनी र **माया**को दोस्रो संस्करणबारेको पूर्व जानकारीमूलक लेख उपलब्ध गराउनुहुने संरक्षक श्री ईश्वरचन्द्र देवकोटाज्यूसमेत आ–आफ्नो लेख–रचना उपलब्ध गराउनुहुने सबै कवि–लेखकहरूप्रति आभारी छौँ ।

- बालबालिकामा अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउने, आफ्नो भाषा–साहित्य, कला–संस्कृतिप्रति अभिरुचि जगाउने उद्देश्यका साथ स्थापनाकालदेखि सञ्चालन हुँदै आएको विद्यालयस्तरीय प्रतियोगिताको निरन्तरतामा हरि सांस्कृतिक केन्द्र गोरखाको आयोजना तथा भवानी बहुमुखी क्याम्पस, पालुङटार नगरपालिका–५, गोरखाको व्यवस्थापनमा मिति २०८०।१०।१३ गते भएको **पर्यावरणमा विकासको असर** शीर्षकमा 'अन्तर मा.वि. निबन्ध प्रतियोगिता' मा २३ जना विद्यार्थी सहभागी भएकोमा श्री युनाइटेड इ.बो. स्कुल, ठाँटीपोखरीकी छात्रा श्री साधना थापामगर प्रथम, श्री जनता मा.वि., आँपपीपलकी छात्रा श्री मन्दिरा भुजेल द्वितीय, श्री मीरकोट मा.वि., मीरकोटकी छात्रा श्री आस्था पाण्डे तृतीय र श्री मण्डली मा.वि., छोप्राककी छात्रा श्री सृष्टि धिताल र श्री महेन्द्र लीला मा.वि., हर्मीका विद्यार्थी श्री सिजन ढकालले सान्त्वना पुरस्कार प्राप्त गर्नुभएका विजयी सबैलाई हार्दिक बधाइ तथा समुज्ज्वल भविष्यको कामना !
- **आवर्तन** पाइलो चार सम्पादनको क्रममा असावधानीवश भएका कमी–कमजोरी र त्रुटिलाई अन्यथा नठानी मानवीय कमजोरीको रूपमा लिन अनुरोध गर्दै कम्प्युटर टाइपिङ तथा सेटिङ गर्ने जीवननाथ ढुङ्गाना र मुद्रक क्वालिटी छापाखाना, भरतपुर, चितवन परिवारप्रति हार्दिक धन्यवाद ! अन्त्यमा, हरि सांस्कृतिक केन्द्रको समुज्ज्वल भविष्यको कामना गर्दछौँ ।

❐

# यसभित्र......

**शुभकामना**

**प्रकाशकीय/सम्पादकीय**

**प्रस्तावित 'हरिभक्त देवकोटाको जीवनी' प्रकाशन सन्दर्भमा**
इ. ईश्वरचन्द्र देवकोटा १

**प्रस्तावित 'माया'को दोस्रो संस्करण प्रकाशन सन्दर्भमा**
इ. ईश्वरचन्द्र देवकोटा ४

**'राजेश्वरकाव्यम्'को रचना सम्बन्धमा**
प्रा.डा. नारायणप्रसाद खनाल ७

**मायादेवीको सम्मानमा अर्पित पुरस्कार**
डा. प्रभादेवी देवकोटा (कैनी) १२

**कति अक्षरमा रम्छन्**
सीताराम कोइराला १५

**'सन्ध्या' कवितामा हरिभक्त देवकोटा**
विजयराज न्यौपाने १६

**लिगलिगको लय**
सुरेन्द्र देवकोटा २१

**हरि सांस्कृतिक केन्द्र : केही जोडिएका, केही नजोडिएका प्रसङ्गहरू**
डा ऋषि बस्ताकोटी २३

**'राजेश्वर देवकोटा स्मृतिग्रन्थ' : पाठकका नजरमा भित्र–बाहिर**
सुरेशकुमार भट्ट ३०

**लिगलिग पण्डित गाउँ : सङ्क्षिप्त चिनारी**
सुभाषचन्द्र देवकोटा, शिशिर देवकोटा ४२

**श्रद्धासुमन स्व. मोहननारायण श्रेष्ठ र स्व. राजेश्वर देवकोटामा**
बद्रीकुमार मास्के ५८

**हरि सांस्कृतिक केन्द्रमा डेढ दशक**
केदारनाथ खनाल ६३

**हरि सांस्कृतिक केन्द्रको गतिविधि र संशोधनसहित विधान पुनर्लेखन–२०८०**
सुनील अर्याल ७०

कविता

# गोर्खा



❑ गोविन्दराज विनोदी
गैँडाकोट

यो भूमि हो राष्ट्रिय एकताको
यो भूमि हाम्रो नव सभ्यताको
यो भूमि हो जागृति चेतनाको
यो भूमि हो गोरख(वन्दनाको

सत्प्रेरणा ज्योति लिई खुरुक्क
पृथ्वी जहाँबाट उठे जुरुक्क
त्यो ज्योतिको सूत्र बिसे नगर्ची
यो भूमिकै हो युगतत्त्वदर्शी

वीरत्वका भावहरू उमार्ने
सञ्चेतना-द्वारहरू उघार्ने
पानी यहाँको अति जोशिलो छ
हावा यहाँको अति पोषिलो छ


उठूँ उठूँ लाग्छ जहाँ सुतेर
कुदूँ कुदूँ लाग्छ जहाँ पुगेर
कथा अझै लिग्लिगको छ बाँकी
यो पद्यको त्यो अधुरै छ फाँकी

अस्तित्व हामी हुनुको जहाँ छ
गोर्खा कहाँ छैन जहाँतहाँ छ
जीवन्त हाम्रो इतिहासभित्र
छ गोरखाको अभिराम चित्र

नेपालको इज्जत-दीप बाली
छ गर्व ठूलो हुनु गोरखाली
वीरत्वको भाव जहाँ छ मित्र !
त्यो गोरखाको मुटु हो पवित्र

❐

# प्रस्तावित 'हरिभक्त देवकोटाको जीवनी' प्रकाशन सन्दर्भमा



❑ इ. ईश्वरचन्द्र देवकोटा
गोरखा

प्रथमतः परम पूज्य पितामह हरिभक्त देवकोटाज्यूमा श्रद्धाभक्ति अर्पण गर्दछु। जसको नाममा यो संस्था 'हरि सांस्कृतिक केन्द्र' स्थापित छ, उनै हरिको जीवनी यस केन्द्रद्वारा प्रकाशन भइरहेको स्थिति सुन्दा म हर्षविभोर भएको छु। पितामहको जीवनी खोज-अनुसन्धानको आधारमा धेरै मेहनत गरेर प्रस्तुत गर्नुभएकोमा हाम्रा स्वजन श्री विजयराज न्यौपानेजीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। कुनै समयमा यो जीवनी म आफैले पनि तयार पार्नुपर्ने महसुस गरेको थिएँ। यसको इतिवृत्ति यस्तै भयो। यस सन्दर्भमा लेखकसँग विशेष अनुगृहित भएको छु। म विभिन्न किसिमले संलग्न हुन पाएकोमा भने सन्तुष्ट नै छु। प्रकाशनमा ल्याउन सहयोग पुऱ्याउने स्रष्टाहरू, मित्रजनहरू, परिवारजनहरू धन्यवादका पात्र हुनुहुन्छ, कृतज्ञ छु, हृदयदेखि धन्यवाद ज्ञापन गर्दछु।

मेरा उपर पितृ ऋण छन्, पितृप्रति भक्ति-भाव व्यक्त गर्न युक्तिसङ्गत मात्र नभई मेरो दायित्व पनि हो भन्ने लाग्दछ। आफ्ना मान्यजनहरू जो स्वतः स्तुत्य हुनुहुन्छ उहाँहरूको महिमा-गान गर्नु त्यति शोभनीय नहोला तथापि यस पुस्तकमा प्रस्तुत गरिएको पितामहको बहुआयामिक व्यक्तित्व निःसन्देह चिन्तनशील छ। वर्णन गरिएको छ, हरिभक्त समयअनुसार चल्नुपर्छ भन्ने अग्रगामी धारणा राख्थे, चाहे त्यो अङ्ग्रेजी शिक्षा पढाउने कुरा होस् वा नयाँ आविष्कारका कुरा भित्र्याउने होस् वा विकास निर्माणको पूर्वाधार तयार गर्ने कुरा होस्। उनको वाक्चातुर्य अमिट थियो, पुराण वाचनकला, तीक्ष्ण र सामवेदी थियो, सुललित कण्ठ थियो, शिक्षण पेसामा कौशल थिए, समग्रमा प्रियता र पटुता उनका पोल्टामा थिए। उनी कृषि पेसामा त्यस्तै दक्ष थिए। उनी रसिक पनि थिए, हार्मोनियम बजाउँथे, ग्रामाफोन बजाउँथे, वि.सं. १९९० कै दशकमा **गोर्खापत्र**, **शारदा**को ग्राहक भएर संसारका खबरहरू गाउँका दाजुभाइहरूलाई सुनाउँथे। उनी होचा थिए तर गोरा राम्रा थिए, 'झिल्के पण्डित'का नामले पनि प्रख्यात थिए। अति सुन्दर अक्षर लेख्दथे। ४४ वर्षको अल्पायुमा बिते। यी सबै वर्णनहरू मैले यहाँ अरूहरूले लेखेको वा भनेको वा सुनेको जस्ताको त्यस्तै उल्लेख गरेको हुँ। मैले पितामहका मित्रहरू, शिष्यहरू वा आफन्तजनहरू, कोहीसँग पनि कुरा गर्दा उहाँको चरित्र र व्यक्तित्वले प्रभाव भएको छर्लङ्ग देख्दथेँ, उहाँहरूको

बोली अथवा अनुहारमा आभा तरङ्गित देख्दथेँ । मैले बाल्यकालमा वा जीवनकालमा उहाँलाई देख्न पाइन भने यस किताबमार्फत धेरै देख्न पाएजस्तो लाग्छ । हुन त मैले बेलाबेलामा सुनिरहेका अभिव्यक्तिहरू पनि हुन् । खास गरीकन मैले पिताजी र माताजीको हजुरबुवाप्रतिको असीम भक्ति विभिन्न प्रसङ्गमा सुनिरहन्थेँ, मनन गरिरहन्थेँ । वास्तवमा मेरा पूज्य मातापिता मायादेवी र राजेश्वर देवकोटाज्यू दुवैको पितामहप्रतिको आदरभाव मेरो मन-मस्तिष्कमा जरा गाडेर नै बसेको हो । बारम्बार जीवनको विभिन्न समयमा यस विषयमा अन्तर्मन्थन गरिरहेको हुन्थेँ र अझै पनि गरिरहेकै छु । जबजब म त्यतातिर सोच्दछु, पितामहको कुल, घर, परिवारप्रतिको अतुलनीय समर्पण र प्रतिबद्धताको भावले आफ्नो कर्तव्य सचेत हुन्छ । मलाई लाग्छ त्यसै भावको ओतमा मैले जीवन धान्नुपर्छ र आफ्नो जिम्मेवारी बहन गर्नुपर्छ ।

म गाउँमा जन्मेँ, पितामहले काठमाडौँमा थाहा पाउनुभएको रहेछ तर इच्छा हुँदाहुँदै पनि देख्न पाउनुभएनछ । मेरो नामसम्म 'हरिश्चन्द्र' जुराइ पठाउनुभएछ । बालचन्द्र शर्मा, बनारस हिन्दु विश्वविद्यालयबाट वि.सं. २००३ मा अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर गरेको र हिन्दीमा साहित्य रत्न गरेका पारिवारिक चिनजानसमेतका प्रखर विद्वान् थिए । त्यही प्रेरणामा आफू किशोरावस्थामा छँदा बालचन्द्रको 'चन्द्र' र हरिभक्तको 'हरि' को सम्मिश्रणमा आफ्नो पिताजीलाई 'हरिश्चन्द्र' सिफारिस गरेको हुँ भनेर सानु-सानबा जगदीश्वर भन्नुहुन्छ । मेरो नाम 'ईश्वरचन्द्र' स्कुल भर्ना हुने सिलसिलामा परिवर्तन हुन पुगेको हो । यति सामान्य चर्चा हुँदै गर्दा पनि मलाई पितापुर्खाले नाम सँगसँगै सुम्पेको भरोसाको बोध हुन्छ । गाउँमा हामी 'ठुलाघरे' भनेर चिनिन्छौँ । ठुलाघरे भन्नाले ठुलो घर नभइकन ठुलो दाजु अर्थात् जेठाका हाँगो भनिएको हो । यस रीतमा जेठाको हाँगो हुँदै म पनि जेठो हुन पुगेको छु, जसले मलाई थप जिम्मेवारीको बोध हुन्छ ।

अब 'हरि सांस्कृतिक केन्द्र'को सङ्क्षेपमा चर्चा गरौँ । आफ्ना पिताज्यू हरिभक्तको पुण्य स्मृतिमा मेरा पिताज्यू राजेश्वर देवकोटाले आफूले प्राप्त गरेको २०४४ सालको मदन पुरस्कार र २०४३ सालको साझा पुरस्कारको रकममा अन्य रकमसमेत थपेर अक्षयकोष राखी स्थापना गरेको संस्था हो - 'हरि सांस्कृतिक केन्द्र' । गोरखा नगरपालिका-६, शक्तिमार्गस्थित संस्थाको पक्की भवन माताज्यू मायादेवीले आफ्नै जग्गामा निर्माण गरिदिनुभएको हो । २०४६ सालमा स्थापना भएदेखि पितामाता राजेश्वर देवकोटाज्यू र मायादेवी देवकोटाज्यूको 'हरि सांस्कृतिक केन्द्र'को भौतिक उत्थान र केन्द्र दिगो तथा दरिलो होस् भन्ने सदिच्छा तीव्र थियो भन्ने कुरा उल्लेख गर्नु मनासिब ठान्दछु । यस केन्द्रले हाम्रो ऐतिहासिक एवम् गौरवमय जिल्ला गोरखासँग सम्बन्धित स्रष्टाहरूका साहित्यिक रचनाहरू प्रकाशन गर्नुका साथै २०४८ सालदेखि नै अविच्छिन्नरूपमा 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' प्रदान गर्दै आएको

छ । गोरखा जिल्लाका अन्तर मा.वि. स्तरका विद्यार्थी माऋ निबन्ध, कथा, कविता, वक्तृत्वकला आदि साहित्यिक प्रतियोगिताहरूको पनि आयोजना गराउँदै आएको छ ।

अन्तमा, पितामह हरिभक्तको जीवनीबाट सामाजिक इतिहासको पनि विशेष बोध हुन्छजस्तो लाग्छ । उहाँको जीवनी प्रेरणादायी प्रतीत हुन्छ । यो जीवनी प्रकाशनको अभिप्राय पनि यिनै हुन् र हाम्रो सानो प्रयास मात्र हो । यसमा कमीकमजोरीहरू पर्याप्त होलान् । सचेत हुँदाहुँदै पनि अज्ञानतावश भएका अशुद्धि र त्रुटिलाई अन्यथा नठानी मानवीय कमजोरीको रूपमा लिइदिनुहुन पाठकहरूमा अनुरोध छ । अन्त्यमा यसलाई प्रकाशनमा ल्याउने निर्णय गर्ने 'हरि सांस्कृतिक केन्द्र' परिवारप्रति पुनः कृतज्ञता ज्ञापन गर्दै केन्द्रको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

मूलतः यहाँ यो लेखको अभिप्राय **हरिभक्त देवकोटाको जीवनी** प्रकाशनमा आउँदै छ भन्ने अग्रिम जानकारीको लागि हो ।

●●●

## हरि सांस्कृतिक केन्द्र, गोरखाबाट प्रकाशित कृतिहरू

१. मलाई विभाजित नगर (कवितासङ्ग्रह) - रामनारायण जोशी
२. समयको आवाज (कवितासङ्ग्रह) - भीम राना 'जिज्ञासु'
३. नेपाली साहित्यमा गोरखा-२०५४ (अनुसन्धानमूलक कृति) - दीनानाथ शर्मा पण्डित
४. गोरखागाथा-२०६१ (खण्डकाव्य) - धनेश्वर भट्टराई
५. गोरखाको डायरी-२०६१ (खोजपरक दैनिकी) - नारायणप्रसाद खनाल
६. ताक्लुङको मधुरिमा-२०७७ (काव्य) - केदारनाथ खनाल
७. राजेश्वरको उपन्यासमा साङ्ख्यदर्शन-२०७८ (शोधपरक समालोचना) - डा. टीकाराम आचार्य 'आरुणि'
८. राजेश्वर काव्यम्-२०७९ (जीवन सम्बलितम्) — प्रा.डा. नारायणप्रसादः खनालः
९. राजेश्वर स्मृतिग्रन्थ-२०७९, प्र.सं. केदारनाथ खनाल
१०. राजेश्वर काव्यम् दो.सं.-२०८० (जीवनी सम्बलितम्, नेपाली भाषा अनुवादसहित)
११. आवर्तन (हरि सांस्कृतिक केन्द्र, गोरखाको मुखपत्र), अङ्क ४ सम्म प्रकाशित) - प्र.सं. केदारनाथ खनाल

# प्रस्तावित 'माया'को दोस्रो संस्करण प्रकाशन सन्दर्भमा

❑ इ. ईश्वरचन्द्र देवकोटा

**माया**को पहिलो संस्करण नइ प्रकाशनले २०६८ सालमा छापेको हो । नइ प्रकाशनप्रति आभार व्यक्त गर्दछु । यो पुस्तकको माग भइरहेको थाहा पाउँदा र बजारमा उपलब्ध नहुँदा दोस्रो संस्करण प्रकाशनमा ल्याउने प्रयत्न गरिएको छ ।

वास्तवमा **माया**को पहिलो संस्करणबारेमा म अनविज्ञ नै थिए । पुस्तक लेखिएको त पत्तो थिएन, प्रकाशन भइसकेको के पत्तो होस् ! एकदिन म घरको आँगनमा उभिएर बिहान छ-सात बजेको मधुरो बालसूर्य र चराचरको शान्त वातावरणमा मोहित भैरहेको थिए । तत्समयमा **माया** किताबको एक ठेली आइपुग्ये । झुकेर एउटा पुस्तक टप्प टिपेर हेर्दाहिर्दै पढ्दा-पढ्दै उभिँदा-उभिँदै त्यो पुस्तक आद्योपान्त भएछ । मैले बस्न मेसो नपाएको अथवा आवश्यकता नपरेको महसुस तत्पश्चात् गरेँ । पुस्तक विनासानाध्याय 'विना आसन अध्याय' अर्थात् समाप्त भएछ । तसर्थ मेरा भावहरू स्वतः वर्णनातित हुनुपर्ने थिए सो भए । आमाको नाम मायादेवी हो । बुबाले 'देवीजी" भनेर सम्बोधन गर्नुहुन्थ्यो । यस मानेमा पुस्तकको नाम 'देवीजी' हुनुपर्ने हो भन्ने तर्क उठ्न सक्छ । तर मलाई लाग्छ **माया** भन्न त निबन्धसङ्ग्रह भनिएको छ, वास्तवमा त्यो एउटा 'मायाग्रन्थ' हो । देवीजी मायामा ब्यक्त गरिएका अभिव्यक्तिहरूमा यथेष्ठ मात्रामा उपस्थित हुनुहुन्छ । दोस्रो संस्करणमा मेरो आफ्नो भनाइ यत्ति नै अर्पण गरेँ ।

प्रथम प्रकाशनपछि **माया** पुस्तकमा धेरै टिप्पणी, अन्तरक्रिया र समीक्षाहरू देखिसकेको हुँ । केही पाठकहरूले लेखक एक निपुण शब्द शिल्पी हुन् भनेको पाएँ भने अन्य पाठकहरूले लेखकले प्रस्तुत गरेको जीवन अन्वेषण र महिलाहरूको अर्थपूर्ण भूमिकाको असरले प्रभावित भएको पाएँ । **माया** लेखकको व्यक्तिगत जीवनको हिस्सा हो, वेदना हो । मानौँ जीवनको विस्तृत दायरा जगाउने मार्मिक र साहित्यिक अभिव्यक्ति संयोगले हुन पुगेको हो । निम्नलिखित केही टिप्पणीहरू उल्लेख गर्न मनासिब सम्झेँ :

हाम्रै स्वजन पत्रकार विनोद न्यौपानेजीले अचानक एक दिन म्यासेज गरेर भन्नुभयो, "बुबाले आमाको बारे लेख्नुभएको **माया** यसअघि दुईपटक पढेको थिएँ । आज बिहान त्यो कृति फेरि पढेँ । कृतिले धेरै कुरा सिकाउँछ । कतिपय शब्द र

वाक्यांशले तेस्रोपटक पनि भावविह्वल बनायो ।"

दिनार 'रनादी'जी **राजेश्वर देवकोटा स्मृतिग्रन्थ**मा लेख्नुहुन्छ – "राजेश्वर बुबाका साहित्यिक पाटो पर्गेल्ने साहस र आँट मसँग छैन र त्यो दुस्साहस मैले गरिनँ पनि तर मलाई बुबाले मुमाको सम्झनामा लेख्नुभएको **माया** भन्ने पुस्तक सबैभन्दा बेजोड लाग्छ । मैले १० पटकभन्दा बढी पढिसकेको छु बुबाले लेख्नुभएको त्यो किताब । जतिपटक पढे पनि चित्त बुझ्दैन । सधैँ पढूँपढूँ लाग्ने त्यो **माया** पुस्तकको कविता बुवाबाट सापटी लिएर बुवा राजेश्वर देवकोटा र मुमा मायादेवी देवकोटाका यी सम्झनाका तरेलीहरू यहीँ बिट मार्दै छु :

*उनले माया गरिन्*
*मैले कर्तव्य प्रेम गरेँ*
*पत्नी बनि उनी आइन्*
*मैले प्रेम गर्नु कर्तव्य सम्झेँ*
*तर उनी माया बनी मेरो अन्तरमा पसिन्*
*माया भित्र पस्यो प्रेम बाहिरियो*
*उनको माया मेरो भित्र नै लिपिएछ*
*लिपिमा म के उतारूँ*
*छैनन् भन्नु भ्रममात्र हो ।*

**साप्ताहिक जनसत्ता**मा (२०६९।०३।१६) 'मायालाई साँच्चिकै माया गर्ने देवकोटा' शीर्षकमा राम सञ्जेलजी लेख्नुहुन्छ 'माया' शब्द नै एउटा विशाल आकास हो । 'माया' राजेश्वर देवकोटाकी प्रिया हुन् । लामो जीवनसँगै बसेर यो संसारबाट माया अस्ताएपछि प्रस्तुत **माया**मार्फत देवकोटाले आफ्नो प्रियालाई सम्झिएका हुन् । मैले यसलाई वियोगले भरिपूर्ण निबन्धात्मक आलेख भन्ने ठानेँ । ममाथि मायादेवीको ऋणको भार ठुलो छ । उनले त आफूलाई ममा समर्पित गरिन्, म त्यसको गाम्भीर्य र मर्म कति बुझ्न सक्छु ! म त उनीप्रति कर्तव्य प्रेम गरेर सतहमा नै गोता खाइरहेँ । मैले जति शब्दार्पण गरेँ – त्यो अधूरो छ, अपूर्ण छ । नारी जननी हुन्, यिनका अपेक्षा पुरूष धेरै अपूर्ण छ । राजेश्वरले आफ्नी 'माया' मायादेवीलाई सम्झिएर यस्ता भावनात्मक टिप्पणी लेख्न पुगे । अन्तिममा देवकोटाले लेखेको छन्, "असिद्ध नास्तिकहरूका लागि देह एउटा बरफको टुक्रा हो, पग्लिन्छ, बिलाउँछ । म त हृदय भएको प्राणी हुँ– त्यहाँ मायालाई स्थान छ । मायादेवी मायाकी प्रतीक हुन् ।"


करिब १० वर्षपछि **सूचनापत्र** साप्ताहिकमा (२०७९।०८।२५) 'राजेश्वर देवकोटाको माया र जीवन दर्शन' शीर्षकमा वंशी शर्माजी लेख्नुहुन्छ, "राजेश्वर देवकोटा राजनैतिक, सामाजिक र साहित्य क्षेत्रको पर्दामा जति प्रष्ट देखिन्छन्


र गनिन्छन् उनकी धर्मपत्नी कहीँ-कतै चर्चामा आउँदिनन् तर देवकोटाका हरेक सफलतामा उनको भूमिका महत्त्वपूर्ण देखिन्छ। ... रुट्ट हेर्दा यो मायादेवीको माया नै हो। उनकै सम्झनामा समर्पित स्मरण हो। जीवन भोगाइको वणर्न हो तर यो कृति त्यतिमा मात्र सीमित छैन। यसमा सिङ्गो मानवीय दर्शन छ। जीवन जिउने कला छ। समस्त नारी जातिको महानता वर्णित छ। नारी चेतना र महानताको कदर पाइन्छ।


मूलतः यहाँ यो लेखको अभिप्राय **माया**को दोस्रो संस्करण आउँदै छ भन्ने अग्रिम जानकारीको लागि हो।


●●●

## राजेश्वर देवकोटाका कृतिहरू खोजी-खोजी पढौँ



# 'राजेश्वरकाव्यम्'को रचना सम्बन्धमा



❑ प्रा.डा. नारायणप्रसाद खनाल
अध्यक्ष : त्रिवेणी साहित्य प्रतिष्ठान, नवलपरासी (ब.सु.पू.)

संस्कृत अध्ययन गरिरहेका देशका कुनाकुनाबाट काठमाडौँको तीनधारा पाकशाला/पाठशालाका विद्यार्थीहरूले 'संस्कृत भाषाका शास्त्रीय विषयहरूसँगसँगै आधुनिक विषयहरू समावेश गरियोस्' भन्ने माग राखेर 'जयतु संस्कृतम्' नामक आन्दोलन ठीक त्यतिबेला आरम्भ गरे, जतिबेला नेपालमा राणाशासन चलिरहेथ्यो, जसलाई एकतन्त्रीय जहानिया शासन भनिन्थ्यो, यो शासन हटाउन नेपाल प्रजा-परिषद् मुलुकमा विरोधीहरूलाई एकत्र गर्न र जनान्दोलनद्वारा प्रजातान्त्रिक शासनप्रणाली ल्याउन चाहन्थ्यो । पछि राष्ट्रिय काङ्ग्रेसको उदय भयो । त्यसपछि यसबाट काङ्ग्रेस-डिल्लीरमण र काङ्ग्रेस-मातृका गुटमा विभाजन देखापर्‍यो । त्यसपछि यी दुवै एक भए र नेपाली काङ्ग्रेस बन्यो, जसलाई दलीय मान्यता थिएन र नै राणाशासनले यसका सदस्यहरूलाई झुन्ड्याएर वा गोली हानेर मार्नेसम्मका हरकत गर्‍यो । 'जयतु संस्कृतम्' संस्कृत पढ्ने छात्रहरूले गठन गरेका थिए, जसमा पूर्णप्रसाद ब्राह्मणलगायत राजेश्वर देवकोटा र श्रीभद्र शर्मा खनाल आदि तमाम राजनेताले भाग लिएका थिए । राजेश्वर देवकोटाको यस आन्दोलनमा आफ्नै किसिमको विशिष्ट भूमिका रहेको छ ।

यिनै राजेश्वर देवकोटाले आफ्नो गृह जिल्ला गोरखामा 'हरि सांस्कृतिक केन्द्र' खोलेका छन् । 'हरि' पदले राजेश्वरका पिता हरिभक्त देवकोटालाई जनाउँछ तर 'हरि' पद विष्णु भगवान्का नामका लागि पनि प्रसिद्ध छ । 'हरि' शब्दका अरू अर्थ पनि छन् । यस केन्द्रको आयोजनामा नेपाली राजनीतिमा 'जयतु संस्कृतम् आन्दोलन'बाट उदाएर नेपाली कांग्रेस पाटीमा लागेर उहाँको निर्णयानुसार भारतीय स्वतन्त्रता संग्राममा लागेर २००७ सालको क्रान्ति सफल पार्न गोरखाली नेता राजेश्वरले आफ्नै गृह जिल्ला गोरखामा आन्दोलन गरेर त्यहाँ विजय हासिल गरेका थिए भने गोरखा पूरै कब्जा गरेका थिए । तर जयतु संस्कृतम् आन्दोलनको नेतृत्वकारी भूमिकामा रहेका राजेश्वरलाई थानकोट कटाइएको थियो । अतः उनी अरूजस्तै बनारस पुगेका थिए । उनले त्यहाँ संस्कृत, हिन्दी, अङ्ग्रेजीजस्ता भाषामा दखल राख्दै पत्रकारिता गरेका थिए भने काङ्ग्रेस पार्टीका कार्यालय सचिव भएर पनि काम गरेका थिए । पछि काङ्ग्रेस परित्याग गरी पञ्चायतमा त्यतिबेला प्रवेश

गरे जब राजा महेन्द्रले संसदीय व्यवस्थालाई निमिट्यान्न पारेर पञ्चायती व्यवस्थाको उदय गरेका थिए । राजेश्वरजस्ता महत्त्वाकाङ्क्षी नेतालाई छानीछानी घुसाउँथे । एक दिन राजेश्वर पनि पञ्चायतमा समाहित भए र जिल्ला पञ्चायतको सभापति, योजना आयोगको सदस्य, मन्त्री, राष्ट्रिय पञ्चायतको अध्यक्ष पटकपटक बनेर देशसेवा गरेका यस्ता व्यक्तिले नेपाली, संस्कृत, हिन्दी भाषामा राम्रो लेखनकला विकसित गरेका थिए । यसैले उनका **उत्सर्ग प्रेम** (उपन्यास)ले मदन पुरस्कार र **पूर्वकथा** (उपन्यास)ले साझा पुरस्कार पाएका थिए । दुवै पुरस्कारको र अन्य आफ्नो तर्फबाट पनि केही धनराशि जम्मा गरी 'हरि सांस्कृतिक केन्द्र' खोलिएको थियो, जो गोरखामा कार्यरत छ । यस केन्द्रले पाण्डुलिपि पुरस्कार, कृतिगत-चरित्रगत पुरस्कार प्रदान गर्दै आएको छ र मेरो **गोरखाको डायरी** (२०६१) प्रकाशन गरी मेरो मनलाई उच्चाउने गरी सम्मान गरेको हुनाले म त्यस संस्थाप्रति र त्यसका संस्थापक राजेश्वर देवकोटाप्रति निकै कृतज्ञ थिएँ-छु । कसरी यस संस्थाका संस्थापकले लगाएको गुन तिर्ने भन्ने सोच धेरै दिनदेखि छँदै थियो र त्यो छपाउने प्रबन्ध गरेर मलाई प्रोत्साहन गर्ने त्यस संस्थाका सदस्य-अध्यक्ष दाजु केदारनाथ खनालप्रति पनि म अत्यन्त आभारी थिएँ । २०७२ सालमा **केदारनाथ खनाल : व्यक्ति कृति** (अभिनन्दन ग्रन्थ) सम्पादन गरेर अलिकति हल्का भएको थिएँ । केही समयपछिमात्र राजेश्वर देवकोटाको निधन भएको र उहाँका सुपुत्र इ. ईश्वरचन्द्र देवकोटा तथा अध्यक्ष केदारनाथ खनालहरूको निर्णयद्वारा **राजेश्वर देवकोटा स्मृतिग्रन्थ**-२०७९ प्रकाशन गर्ने योजना बन्यो । मलाई केदारनाथ खनालको सम्पादकत्वमा प्रकाशित हुने यस कृतिका लागि अतिथि सम्पादकको भूमिका निर्वाह गर्ने सुयोग सम्पादक दाजु केदारनाथ खनालबाट प्राप्त भयो, जुन कुरालाई मैले ठूलो अहोभाग्य ठानेर प्राप्त भएका तमाम विद्वज्जन लेखक, परिवारका सदस्य, मित्रजनका लेखहरूको प्रुफरिडिङ, सम्पादन-संशोधन आदि गर्दै जाँदा सबैजस्तो लेखहरू आधा-आधा पेजमा सकिने र ठाउँ खाली रहने देखियो । यसैले **केदारनाथ खनाल : व्यक्ति-कृति**मा झैँ बीचबीचका खाली ठाउँमा राख्न भनी केही संस्कृत पद्यहरू लेखेको थिएँ, लेख्दा-लेख्दै सय पद्य तयार भएछन्, त्यो लगेर सम्पादक दाजु केदारनाथ खनाललाई दिएँ । उहाँले अर्को दिन मलाई भन्नुभयो, "यो त काव्य नै भयो, राजेश्वर संस्कृतबाटै उठेकाले केही अरू पद्य थपथाप गरेर एउटा अलग्गै 'संस्कृत शतक' वा 'काव्य' नै निकालौँ ।" यो अत्यन्त मीठो सुझाव मैले पाएँ र केही अरू पद्यहरू तयार गर्दैरहेँ, फलतः यो द्विशतकका सामग्रीले पूर्ण भयो । फेरि लेख्दै जाँदा यसले त्रिशतक नाम पाउनसक्ने भयो र अन्तमा शतकको अवधारणालाई परित्याग गरी **राजेश्वरकाव्यम्** नामकरण गरेर सप्तशास्त्राचार्य विद्यावाचस्पति पूर्णचन्द्र उपाध्याय ढुङ्गेल, संस्कृत विद्याशिरोमणि प्रा.डा. वेणीमाधव ढकालको 'भूमिका' र हरि सांस्कृतिक केन्द्रका अध्यक्ष केदारनाथ खनालको 'प्रकाशकीय' एवम् लेखकको

‘किञ्चित्वक्तव्यम्’सहित विभिन्न छन्दमा आबद्ध ३१० पद्ययुक्त **राजेश्वरकाव्यम्** (जीवनीसम्बलितम्) भनेर प्रकाशित हुन सफल रह्यो । यसको सम्पूर्ण व्ययभार हरि सांस्कृतिक केन्द्रले वहन गर्‍यो, जसप्रति म अत्यन्त श्रद्धावनत छु ।

यस **राजेश्वरकाव्यम्**को प्रकाशन डिमाइ साइजमा अग्रपृष्ठ १२ र मूलभाग ५५ समेत ६७ पृष्ठाकारको रह्यो भने यसको अन्तिम प्रुफ संशोधनको बेला मलाई अस्ट्रेलियामा जानुपर्ने भएकाले त्यति सावधान हुन नसक्नुको परिणाम के भयो भने केही पद्यहरूमा विचलन तथा भूमिका खण्डमा केही त्रुटिहरू देखापरे । यति सानो पुस्तकमा विशेषतः संस्कृत काव्यमा त्रुटि देखिनु त्यति राम्रो होइन, यसैले ‘शुद्धाशुद्धि पृष्ठ’ छापेर थप गरियो र वितरण हुन गयो तर त्यो शुद्धाशुद्धिवेगर पनि केही प्रतिहरू वितरण भए तापनि कृति पढेकाहरूमा केही सुझावहरू प्राप्त भए । जस्तो कि - शुद्धाशुद्धि निरूपण गर्नुपर्ने र सकिन्छ भने नेपालीमा अनुवाद गरी पुनः प्रकाशन गर्ने इत्यादि ।

यसै बीचमा मानव अधिकार तथा शान्ति समाज-नेपालले विविध भाषाका प्रकाशित पुस्तकहरूलाई पुरस्कृत गर्ने नीतिअनुरूप खोजी हुँदा यो पुस्तक मेरा प्रिय भाइ डिल्लीराम रिमालका माध्यमबाट मानव अधिकारकर्मी डा. गङ्गाधर अधिकारीसमक्ष पुग्यो र उहाँबाट त्यस समाजको केन्द्रीय कार्यालय, कालिकास्थान, काठमाडौँमा पेश हुँदा यस पुस्तकले यसै संस्थाद्वारा स्थापित रु. २५,०००।- राशिको ‘चन्द्रकला खनाल स्मृति पुरस्कार-२०७९’ प्राप्त गर्‍यो, त्यसका लागि मानव अधिकार तथा शान्ति समाज र त्यसबाट गठित मूल्याङ्कन समिति, निर्णायक समिति र सकल मानव अधिकार तथा शान्ति समाजप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न पाउँदा साक्षात् राजेश्वर देवकोटाले नै चिरशान्ति प्राप्त गरेको अनुभव गरिरहेको छु ।

धेरै विद्वान्हरूले **राजेश्वरकाव्यम्** पढ्नुभयो, थोरैले मात्र प्रतिक्रिया दिनुभयो कि पुस्तक सुन्दर छ, अशुद्धि रहनु स्वाभाविक हो तर निराकरण गर्न सकिन्छ । यसको नेपाली अनुवाद आवश्यक छ, दोस्रो संस्करणमा यी कार्य हुनुपर्छ इत्यादि । भन्न त सजिलो छ तर गर्न गाह्रो हुन्छ । यस सन्दर्भमा उपप्रा. कृष्णमणि पहारीजीले त राजेश्वर काव्यम्को विवेचना नै लेख्नुभयो भने अनुवाद गर्न सुहृतसम्मत परामर्श मेरा आदरणीय महाकवि प्रा.डा. हरिहर शर्मा अर्यालले दिनुभयो । मैले आफूसँग एकत्रित भएर अनुवाद गर्नसक्ने क्षमता नरहेको आशयका साथ उहाँलाई नै अनुरोध गरेँ, उहाँले “म कोसिस गर्छु” भन्नुभयो र केही दिनमा सम्पूर्ण काव्यको अत्यन्त मीठो र सरल अनुवाद गरिदिनुभयो । त्यसनिम्त म उहाँप्रति चिरऋणी छु । हुन त मैले अस्ट्रेलियामा बस्दा मध्यकालीन लेखक-कवि पं. देवीप्रसाद शर्मा उपाध्यायको हिन्दीमा लिखित उपन्यास **सुन्दर-सरोजिनी**को नेपाली अनुवाद-२०८० गरेँ तर किन हो किन संस्कृत आफ्नै भएकाले मलाई जाँगर चलेको थिएन, तर अनुवाद अत्यन्त सुमधुर बनेर आएको छ, यो द्वितीय संस्करणका रूपमा प्रकाशित हुँदैछ ।

मैले देखेँ, राजेश्वर देवकोटाको संस्कृत भाषामा गद्य-पद्य दुवै सामर्थ्य रहेछ । उहाँले लेखेका संस्कृत गद्यलेख यी रहेछन् -

- का उपलब्धिः संस्कृतछात्रैः कृता ? **जयतु संस्कृतम्** - १
- सर्वथानुपपन्नं विशेषविवाहविधेयकम्, **जयतु संस्कृतम्** - ५
- पञ्चायतपद्धतेः ऐतिहासिकदृष्टिः लघुरचनम्, **जयतु संस्कृतम्** - ६
- परिवारनियोजनं तथा अस्माकं संस्कृतिः, **जयतु संस्कृतम्** - ९
- किमर्थं संस्कृतम् ? कथञ्च तस्य निकासः ? **जयतु संस्कृतम्** - ११
- कथं संस्कृतं जीवति च ? **जयतु संस्कृतम्** - १२

यसका अतिरिक्त पद्यमा -

- विनम्रं नमामि, शालिनी छन्द-१२
- चरैवेति वदन्ति किम् ? अनुष्टुप-२
- गोरखाष्टकम् (अष्टक भनिए तापनि षष्ठक वा छ पद्यमात्र रहेको), अनुष्टुप छन्द, **राजेश्वर देवकोटा : व्यक्ति-कृति**मा प्रकाशित
- प्राक्कथनम्, वसन्ततिलका-१, **राजेश्वर देवकोटा : व्यक्ति-कृति**मा प्रकाशित
- मधुमहिमा, शार्दूलविक्रीडित-३, **राजेश्वर देवकोटा : व्यक्ति-कृति**मा प्रकाशित
- विजया शुभकामना, शिखरिणी-१, **राजेश्वर देवकोटा : व्यक्ति-कृति**मा प्रकाशित

यस्ता गद्य-पद्य रचना सम्पादन गर्दा मनमा लागेकै हो - राजेश्वरलाई संस्कृत काव्यको विषय बनाउनुपर्छ । यसैगरी प्रा.डा. ऋषिराम पोखरेलले 'राजेश्वर ! नमोऽस्तु ते' शीर्षकमा अनुष्टुप-१४ सम्पादन गर्दा पनि राजेश्वरलाई संस्कृतमा चिनाउन पाए कति राम्रो हुँदो हो भन्ने पनि नलागेको होइन । अन्ततः केदार दाजुको निर्देशन यस्तो अकाट्य रह्यो कि **राजेश्वरकाव्यम्**ले साकार हुने अवसर पायो ।

अब द्वितीय संस्करणका लागि भ्याइ-नभ्याइ भइरहेको छ । यतिबेला यसको आकृति १६ अग्रपृष्ठ, १२ पश्चपृष्ठसहित जम्मा ११० पृष्ठमा यस ग्रन्थ छपाइको अग्रमुखमा रहेको छ । यसमा गाताको पछाडि महाकवि मुकुन्द शर्मा चालिसेको एक पद्य उपजाति, महाकवि माधव चालिसेको एक पद्य वसन्ततिलका, कवि कृष्णमणि पहारीको एक पद्य अनुष्टुप छन्दबद्ध पद्य समावेश गरिएका छन्, जो कृति र कृतिकारमाथि समीक्षामूलक आशय प्रकट गर्छन् ।

**राजेश्वरकाव्यम्**को द्वितीय संस्करण प्रकाशन गर्ने बारे यस हरि सांस्कृतिक केन्द्रका संरक्षक इ. ईश्वरचन्द्र देवकोटाले पनि मलाई फुक्र्याउनुभएकै हो, उहाँका अनुसार पुस्तकमा अशुद्धि निराकरण भएकै हुनुपर्छ भन्ने रहेको छ भन्ने पिताजीका कुनै एक कृतिमा अशुद्धि धेरै भएकाले त्यसको अर्को संस्करण तत्काल प्रकाशन गरिएको पनि अवगत गराउनुभयो । त्यसैले म पनि दोस्रो संस्करणको संस्कारतिर लाग्न

थालेको हुँ । गोरखा निवासी पृथ्वीनारायणका सहयोगी शक्तिवल्लभ अर्याल संस्कृत भाषामा लेख्ने कवि थिए, उनका सेरोफेरो र त्यसपछि पनि गोरखाका सामग्रीहरूमा संस्कृतमा कविता लेख्ने व्यक्ति पाइन्छ । अभिलेखहरूमा कति मीठा संस्कृत कविता लेखेका छन् । राजेश्वरका अग्रज तथा नेपाली कथा उपन्यासका लेखक मीमांसाचार्य स्व. पूर्णप्रसाद 'ब्राह्मण' (पूर्णप्रसाद दुवाडी, १९७९-२०४६) त्यस्ता महाकवि हुन् जसले संस्कृत महाकाव्य **सत्यहरिश्चन्द्रम्** (२०१९) लेखेका छन् । **इशावापूयावृत्तिः** (२०२७), **रामराज्यम्** (खण्डकाव्य, २०४१), **राजतन्त्रंसदाभीव्यात्** (२०४२), **तदर्थमेव** ('उसैको लागि'को अनुवाद, २०२६) आदि अनेक संस्कृत काव्य-कृतिका रचयिता हुन् । उनका अनेकौँ फुटकर कविता-लेख समसामयिक पत्र-पत्रिकामा छरिएका होलान् किनभने यी पनि संस्कृत विद्याका साधक नै हुन् । यिनैका निर्देशनमा चल्ने व्यक्तित्वले समेत संस्कृत दर्शनकै प्रयोक्ता हुन्, यसैले मात्र होइन उनको स्वच्छछवि, स्वच्छ राजनीति, कर्मठ व्यक्तित्व, उपयोगी कथा-उपन्यास र व्याकरणिक-साहित्यिक पुस्तक, पाठ्यपुस्तक लेख्ने राजेश्वर मेरा लागि सर्वप्रथम यसरी ओर्लिए, मैले दुई दर्जन जति संस्कृतका पद्य लेखेर दाजु केदारनाथलाई देखाएको थिएँ, उहाँले अलिकति अरू लेख्न भन्नुभयो । मैले राजेश्वरबारे लेखी नै रहेँ, शतक पुगेको अघि नै बिन्ती गरिसकेँ । केदारनाथ खनाल दाजुकै मूलभूत प्रेरणाले **राजेश्वरकाव्यम्** जन्मेको हो भने दोस्रो संस्करण वसन्त पञ्चमीसम्म आइपुग्ने तयारीमा छ ।

राजेश्वर देवकोटाको संस्कृत वाङ्मयप्रतिको सम्मान, प्रजातान्त्रिक समाजवादप्रतिको आस्था, निर्दलीय पञ्चायत व्यवस्थाप्रतिको संलग्नता र बहुदलीय शासनप्रणालीमा पनि राष्ट्रियता र उदारवादप्रतिको प्रतिबद्धताजस्ता धेरै विषय यति सानो काव्यमा अटाउने कुरा होइनन्, तथापि मूलभूत कुरा 'जयतु संस्कृतम्' आन्दोलन नै यी सब कुराको आधारविन्दु हो र प्रस्तुत राजेश्वर काव्यम्ले सङ्क्षिप्तमा यी कुरा उजागर गरेको छ ।

अन्तमा हरि सांस्कृतिक केन्द्रको कुनै दिन पदेन (गोर्खा क्याम्पसको क्याम्पस प्रमुख) सदस्यका रूपमा भाग लिँदा, **गोरखाको डायरी**-२०६१ प्रकाशित हुँदा र **आवर्तन** पत्रिकामा निरन्तर केही लेख्न पाउँदा अनि कुनै गोरखाली स्रष्टाका बारेमा केही लेख्न बोल्न पाउँदा जुन आनन्दानुभूति हुन्छ, त्यही प्रस्तुत **राजेश्वरकाव्यम्**को प्रकाशनबाट भइरहेको छ । यति सामान्य संस्कृतमा यो लेखिएको छ, अझ प्रौढ संस्कृतको कल्पना त म आफै गर्न सक्दिन किन्तु जुनरूपमा राजेश्वरको आराधना यस काव्यबाट हुन सक्यो, यसैमार्फत् म राजेश्वर देवकोटाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शिवसायुज्यको कामना गर्दछु ।

२०८०, मकर सङ्क्रान्ति

❒

# मायादेवीको सम्मानमा स्थापित पुरस्कार



❑ *डा. प्रभादेवी देवकोटा (कैनी)*

आफ्नी धर्मपत्नी मायादेवीको निधनपश्चात् राजेश्वर देवकोटाद्वारा लिपिबद्ध गरिएको संस्मरणात्मक कृति हो **माया**। यसमा आफ्नी प्रिय पत्नीसँग बिताएका छ–सात दशकका अनेक सजिला–असजिला क्षणहरूको याद दिलाउने पन्ध्रवटा निबन्धहरू समावेश गरिएका छन् । आवरणमा राजेश्वर देवकोटा र मायादेवीको दाम्पत्य जीवनमा आइपरेका घटनाहरूको सार हो यो कृति, तथापि पढ्दै जाँदा पाठकले अनुभूत गर्दै जान्छन् कि यी भावनाहरू कसैको व्यक्तिगत स्मृतिमा मात्र सीमित हुनै सक्दैनन्। हरेक पन्ना पल्टाउँदै जाँदा साहित्यिक लेपले उजिल्याइएका गहनतम अभिव्यक्तिहरूसँगै विचरण गर्ने मात्र नभई मानव जगत्‌ले भोग्दै आएका घटना–परिघटनामाथि उनको उच्च दार्शनिक चेतसँग साक्षात्कार गर्दै जान्छन् पाठक।

नेपाली साहित्यका अनेक विधामा कलम चलाएर ख्याति आर्जन गरेका व्यक्ति हुन् – राजेश्वर देवकोटा। कथा, कविता, निबन्ध, उपन्यास मात्र होइन गैह्र आख्यानका क्षेत्रमा उही गतिमा विचार दिन सफल छन् उनी। जीवन र जगत्‌प्रतिको दृष्टिकोण, संस्कृति र राजनीतिका वाद–प्रतिवादप्रति पनि उत्तिकै विश्लेषण र व्यक्त गर्ने बिछट्टको कला थियो उनमा। हरेक सामाजिक व्यवहारको व्याख्या गर्न र स्थापित मान्यता र आदर्शहरूप्रति गहिरो चिन्तनमा डुब्ने उनको अभिरुचि थियो । साहित्य, राजनीति मात्र नभई दर्शनको क्षेत्रमा समेत ख्याति कमाउन सफल थोरै नेपाली चिन्तकहरूमध्येका एक हुन् – राजेश्वर देवकोटा।

राजेश्वरको भन्दा फरक स्वभावकी गृहिणी थिइन् मायादेवी । आफ्नै घर–गृहस्थीमा रमाउने, खेतीपातीमा व्यस्त । तत्कालीन सामाजिक मान्यताअनुसार शिक्षाआर्जन गर्ने अवसर पाएका पतिहरूको काम अर्थोपार्जन र पढ्न नपाएका अधिकांश महिलाको काम भनेकै घर–परिवारको व्यवस्थापन नै हो । यसअनुसार मायादेवी हरेक सामान्य महिलाभन्दा फरक थिइन् भन्न मिल्दैन तथापि उनलाई नजिकबाट चिन्नेहरूलाई थाहा छ उनको विशेषता र विशिष्टता। सहरमा बसेर पनि आफ्ना परम्परागत काम र श्रमको उच्चतम उपऱ्योग गर्ने व्यक्ति हुन् – मायादेवी। सहरी चालढाल, रुकिरुकाउ, देखासिकी केही कुराले पनि असर पारेन उनलाई। आफ्नो सीप र दक्षताअनुसारको काममा निरन्तर लागिरहने बानी थियो उनको।

यसमा न हीन भावनाले स्थान पायो न यस्ता कार्यमा व्यस्त रहनुपरेकोमा कुनै गुनासो नै रह्यो । काठमाडौँजस्तो सहरभित्र बसेर पनि गाई पाल्ने, खेतीपाती गर्नेजस्ता कार्यले जीवनभर निरन्तरता पाइरहे ।

महिलाको त्याग भनौँ अथवा योगदान, छोराछोरी हुर्काउनेदेखि घर–व्यवहारका कुनै पक्षमा पनि ध्यान दिनुनपर्ने अवस्था अधिकांश पुरुषका लागि लाभदायी सिद्ध भएका छन् । दिनदिनै नगरी नहुने पकाउने, खाने, स्याहार–सुसारजस्ता अत्यन्त धेरै समय लिने नितान्त आधारभूत कार्यहरू महिलाले सह्माली दिएका कारण सम्पूर्ण पुरुष जातिको उन्नति र प्रगतिले फड्को मारेको देखिन्छ । आजको वैज्ञानिक अध्ययनले प्रमाणित गरेको तथ्य हो यो तर धेरै पुरुषले महिलाको आजीवनको योगदान र त्यागको अवमूल्यन गरेका हुन्छन् । राजेश्वर देवकोटा भने यस मामलामा फरक दृष्टिकोण राख्छन् । पत्नीको लगनशीलताको उनले मुक्तकण्ठले प्रशंसा गरेका छन् ।"उनी समर्थ र सक्षम भएकीले मैले घर–परिवार हेर्नुपरेन, सामाजिक कार्यमा लाग्न सकेँ" यस्ता उद्‌गार उनले पटकपटक दोहोर्‍याएका छन् किताबमा ।

मैले अघि भनेजस्तै महिलाको कामको सम्मान थोरै मात्र पुरुषहरूले गरेको देखिन्छ । हरेक कामको सम्मान गर्ने अत्यन्त परिश्रमी मायादेवी जस्ती पत्नी र पत्नीको हरेक श्रमको उच्च मूल्याङ्कन गर्दै आदर गर्ने राजेश्वरजस्तो पति विरलै भेटिन्छन् । श्रमलाई सुखका साथ ग्रहण गर्ने पत्नीको बानीको देवकोटाले दिलैदेखि सम्मान दिँदै रहे । उनीले किताबमा बारबार भनेका छन्, "ममाथि मायादेवीको ऋण ठुलो छ ।" साँच्चै नै हो, मायादेवीको प्रत्यक्ष–अप्रत्यक्ष योगदानको प्रतिफलमा राजेश्वर देवकोटाको सामाजिक, राजनैतिक र साहित्यिक व्यक्तित्व प्रस्फुरित भएको थियो भन्न हिचकिचाउनुपर्दैन ।


राजनैतिक व्यक्तित्व भएका कारण तत्कालीन समाजमा व्याप्त जातिभेदका विरुद्ध उभिनुपर्ने र जातिभेद नमान्दा आफ्ना गाउँका पण्डित–पुरोहितको व्यवसाय नचल्ने हुँदा आफू सामाजिक बहिष्कारमा परेको र आफ्ना कारणले पत्नी पनि 'भात' काढिइन् । पत्नीको आफ्नै अलग अस्तित्व स्वीकार्दैन समाजले । पतिका सुकर्म या दुस्कर्मको स्वतः भागिदार बनाउँछन् पत्नीलाई । हाम्रा धार्मिक ग्रन्थ यस्तै सिकाउँछन्, हाम्रा सामाजिक मूल्य र मान्यता त्यसैअनुसार निर्माण भएका छन् । महिलाको स्वतन्त्र अस्तित्वका हिमायती थिए उनी, त्यसैले त आफ्नो कामको परिणाम पत्नीले भोग्नुपरेकोमा दुःख मान्छन् ।

पत्नीलाई आदर गर्दै 'देवीजी' भनेर सम्बोधन गर्थे राजेश्वर देवकोटा । उनका भनाइबाट थाहा लाग्छ, एकाघरका पतिपत्नीका आनीबानीमा प्रशस्त भिन्नता थिए र सामञ्जस्य पनि उसरी नै कायम थियो । रुचि र काम भिन्नभिन्न प्रकृतिका थिए र पनि एकबाट अर्काले हस्तक्षेपको अनुभूति गर्नुपरेन । राजेश्वर विवेकी थिए,


त्यसैले परम्परागत पारिवारिक संरचनामा पनि मायाले दबाब झेल्नुपरेन । उनी विद्रोही थिए र त सामाजिक कुसंस्कारहरू त्याग्दै गए, जसबाट मायादेवीको दिन दैनिकी सजिलो बन्यो र उस जमानामा पनि स्वतन्त्रता र स्वविवेकले काम गर्न पाइन् । राजेश्वर पारखी थिए र त पत्नीको सरल जीवनको सम्झना गर्दै भन्छन् “उनका व्यक्तिगत विशेष चाहना थिएनन्, जे थिए परिवार, धरती, खेती र इष्टमित्रप्रति गहिरो मायामोह थियो, उनी लगनशीलताकी प्रतीक हुन् ।”

‘हरेक सफल पुरुषको पछाडि एक सशक्त नारीको हात हुन्छ’ भनिन्छ । राजेश्वर देवकोटाले राजनैतिकलगायत सामाजिक र साहित्यिक क्षेत्रमा जुन उचाइ प्राप्त गरे त्यसको पछाडि मायादेवीको ठुलो योगदान छ । यिनै अनुपम नमुनायोग्य महिलाको सम्झना स्वरूप ‘हरि सांस्कृतिक केन्द्र’ले २०८० सालदेखि प्रत्येक वर्ष प्रदान गर्ने गरी ‘मायादेवी स्मृति पुरस्कार’ स्थापना गरेको छ । अत्यन्तै संस्कारी महिला जो झन्डै निरक्षर भइकन पनि सचेत थिइन्, जसको आर्जनको लेखाजोखा कुनै कुस्त कमाउने व्यक्तिको भन्दा अधिक प्रतीत हुन्छ । जसले विद्वान् पठित पण्डितले भन्दा मूल्यवान् संस्कार दिएर गयो उसको सम्झना र सम्मान गर्नु हाम्रो दायित्व हो । जो जुन अवस्थामा छ त्यहीँबाट पनि परिवार र समाजलाई यथेष्ट योगदान दिन सकिन्छ भन्नेजस्तो उदाहरण मायादेवीले दिएर गएकी छन् । यसबाट हाम्रा गाउँघरका महिलाले सिक्नुपर्ने धेरै छ त्यसैले गाउँकै परिवेशमा रहेर कृषि, उद्योग, व्यवसाय अथवा कुनै सृजनात्मक कार्यमा नमुना देखाउन सफल महिलालाई यो पुरस्कार दिने निर्णय गरिएको छ । अत्यन्त संस्कारी तथा परिश्रमी महिला मायादेवीप्रतिको सम्मान हो यो निर्णय । यसका साथै राजेश्वरको आत्माले पनि उचित मूल्याङ्कन गरेको ठह-याउनेछ भन्ने लागेको छ हामीलाई ।

❐



# कवि अक्षरमा रम्छन्



❑ *सीताराम कोइराला*
गोरखा

कवि अक्षरमा रम्छन् भावना सल्बलाउँदा
तरङ्गी कवि नै हुन्छन् कविता कल्कलाउँदा
फूलका पत्रमा देख्छन् माहुरी भुन्भुनाउँदै
प्यूँछन् पीयूषको स्वाद कविता गुन्गुनाउँदै ।

शब्दभित्र छ लालित्य फुरेका मूर्त भावना
छताछुल्ल भई बग्छन् कवितामय तालमा
डुबुल्कीमा रमाएर गहिरो साधना गरी
मोती अक्षरका दाना कविताका गरा भरी ।

वासन्ती हरियालीका गुराँसे वनमा डुली
एकान्तमा रमी बस्छन् कान्ताका साथमा भुली
शारदाको छ मुस्कान कविता पङ्क्ति पङ्क्तिमां
अंशु पत्रान्तरमा खेल्दै मस्त छन् काव्य सूक्तिमा ।

कविको साधनाभित्र काव्यको मूल भुल्भुल
बग्छ निर्मल लालित्य कवितारस कुल्कुल
सुक्दैन कहिलै मूल सिँच्दछन् दिव्य अक्षर
बोल्दछन् सूक्ति आफैँ नै कालजेयी बराबर ।

विम्बै विम्ब कलाभित्र अनेकौँ सृष्टि सुन्दर
माला अक्षरका उम्दा हुन्छन् ती अजरामर
काव्यसाधनका माली फूलका माहुरीसरि
काव्यमै गुन्गुनाएर पिउँछन् रसमाधुरी ।

❑

# 'सन्ध्या' कवितामा हरिभक्त देवकोटा



❑ *विजयराज न्यौपाने*
कपुरधारा काठमाडौँ

**पृष्ठभूमि**

'लिगलिग कोट' भनेपछि गोरखाको ऐतिहासिक कोटको सम्झना स्वतः हुन्छ, जुन कोट नेपाल प्रसिद्ध छ । लिगलिग कोटदेखि केही तल मध्य पहाडभन्दा केही माथिको भागमा लिगलिग गाउँ अवस्थित छ । लिगलिग गाउँभित्रको पनि मुख्य गाउँ हो पण्डित गाउँ । यहाँ बसोबास गर्ने देवकोटा प्रायः गरेर सबै पण्डित भएकाले तत्काल यसलाई पण्डित गाउँ भनिएको हो तर अहिले चामलमा बियाँ खोजेझैँ खोजे पनि पण्डित भेट्न मुस्किल छ । हालसम्म पनि त्यही नामले निरन्तरता पाएकै छ । यही गाउँका देवकोटा-वृक्षको मूल सुदर्शन देवकोटा मानिन्छन् । यही वृक्षका एक हाँगाबाट पं. अग्निधर देवकोटा महाकविको रूपमा देखा परे जसले गोरखा विजय तिलकम् काव्य लेखेका थिए । पुर्ख्यौली गुण धर्मकै प्रभावले होला लिगलिग छोडेर पाल्पा लागेको हाँगामा पं. माधवप्रसाद देवकोटा, कुलमणि देवकोटा, कृष्णचन्द्र देवकोटाजस्ता प्रभावशाली कवि जन्मिए भने लिगलिगमै रहेका देवकोटा कुलमा पं. हरिभक्त देवकोटा, उमानाथ देवकोटा, राजेश्वर देवकोटा, रमेश देवकोटाले आफैँलाई कवि, लेखकको रूपमा चिनाउन सफल भएका छन् । यहाँ भने पं. हरिभक्त देवकोटा र उनको 'सन्ध्या' कविताको चर्चा गर्न खोजिएको छ ।

हरिभक्तले तीनधारा पाठशालामा बसेर संस्कृत पढे । सम्पूर्ण मध्यमासम्म पढेर परीक्षा दिन बनारस पुगे । राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशमा उपनिवेशका विरुद्ध हरेक देशमा स्वतन्त्रताको जागरण जाग्दै थियो । यथास्थितिबाट माथि उठ्न प्रयत्न जारी थियो । कविता लेखनको छन्द परम्परामा पनि नवीनता आउँदै थियो । जहानियाँ राणा शासनमा स्तुति गान छोडेर 'उन्मुक्त' शीर्षकमा कविता लेखनको नवीनतम प्रयोग हुँदै थियो । अक्षरको खुट्टा काटेर बलै छन्द मिलाउने परम्परा पुरानो हुँदै थियो । पुरातनमा प्रहार गरेर नवीनतम भित्र्याउन कविहरू लाग्दै थिए । हरिभक्तले पनि चाकडीको लवजमा होइन स्वछन्दले कविताको शीर्षक चयन गरेर कविता लेखे हुन् ।

लेखेको एक मात्र प्रमाण छ - **शारदा** साहित्यिक पत्रिका, संवत् १९९२ मार्ग-पौष, वर्ष १, पृष्ठ १० र ११ मा उनको प्रकाशित 'सन्ध्या' शीर्षकको कविता । राष्ट्रियस्तरको साहित्यिक पत्रिका जहाँ महाकवि लक्ष्मीप्रसाद देवकोटाको कविता पनि छापिएको छ सँगै भने उनको कविता पनि त्यति बेला स्तरीय कति थियो भन्ने हामी आकलन गर्न सक्छौँ । त्यो उचाइमा पुग्न उनले छात्रावासदेखि नै कविता लेखे हुन्, पुरस्कृत भए हुन् । यस किसिमको कविता लेखनको धारावाहिक प्रयासले नै उनको कविता राष्ट्रिय साहित्यिक पत्रिकामा प्रकाशित भयो होला । तर उनको अल्पायु र अप्रत्यासित एवम् असामयिक घरदेखि टाढाको मरणले गर्दा कविताको सञ्चय हुन सकेन । उनले लेखेको प्राप्त यही एक मात्रै कविताको विवेचना भनौँ वा परिचर्चातिरै लागौँ ।

**'सन्ध्या कविता'**

श्रीसूर्य अन्तगिरि सँग बिदा भएर
यो मेरु पर्वत घुमूकि मता भनेर ॥
जाँदा सफा तुहिन माथि सरेछ लाली
देखिन्छ केही उदयाचलनेर काली ॥ १ ॥

कालो कतै छ मकरन्द कतै छ लाली
छाया कतै छ धमिलो मनमोह फारी
उड्दोछ गोपद पराग कतै पवित्र
कान्ति प्रकाश छ कतै छ कतै विचित्र ॥ २ ॥

सन्ध्या भएछ भनि आत्म-विचार शाली
सोचेर नेत्र दुई पट्टल बाँधि खाली ।
यो देह निश्चल गरीकन वायु खारी
फस्छन् समाधि मदमोह र रागफारी ॥ ३ ॥

हा ! रुयाङ्कुरी भ्रमर हंस अनि चकोर
डाँफे र चाँचर शुगा मुरली मयूर
हो धोविनी कुरर वाज पनि जुरेली
गर्दै दिनेशनति आरती गाउँछन् कि? ॥ ४ ॥

चारा निमित्त वन सर्व घुमेर आई
बच्चा र दम्पती परस्परमा रमाई ।
गर्छन् सबै विहग भोजन तारतम्य
छ व्यस्त कुञ्ज खग-वृन्द विशेष रम्य ॥ ५ ॥

सर्वत्र शान्ति छ कतै तिर छैन दङ्गा
होला कि ? भेट अवता पतिको मसँग ॥
भन्ने दुरन्त लहरी मन भित्र लिन्छे
श्यामा-अनङ्ग-कन केवल काख लिन्छे ॥ ६ ॥

त्यो दिव्य रूप खुसिलो नयनाभिराम
जाँदा उसै मलिन भो प्रियरूप घाम ॥
यै दुःखले भ्रमर लुब्ध लिएर साथ
लुक्यो सरोज मुख मण्डलको प्रकाश ॥ ७ ॥

बाटो तुषार गिरिका नगिचै हुनाले
शीत प्रकाश भई रश्मि समाउनाले ।
हुन्छन् दिवाकर सुशीतल मन्द मन्द
देखिन्छ सर्व जगतैभर कार्य बन्द ॥ ८ ॥

त्रेतादि तीन युग साथ लिएर सत्य
सारा चराचर फिराउनका निमित्त ॥
छुँदा सवारी, शुभ केतु थिए दिनेश
त्यै केतु भो जलधिमा सहसा प्रवेश ॥ ९ ॥

'सन्ध्या' कवितामा सन्ध्याकालीन गोधूलि समयको अत्यन्त मार्मिक वर्णन गरिएको पाइन्छ । नौ श्लोकमा रचित यस कवितामा सूर्यास्त आसपासको समयको रोचक वर्णन भएको छ । सूर्यास्तको समय प्रकाश (घाम) खोलाबाट सर्दासर्दै पहाड छोडेर हिमालको टुप्पो स्पर्श गर्न पुग्छ । हिमचुली/हिमगिरिसँग विदा भएर जानेबेलामा मेरु (सुमेरु पर्वत) परिक्रमा गरेर घाम जान लागेको परिकल्पना गर्दछन् । घाम यसरी सर्दा सेतो तुइन र त्यसमाथि सिँदुरे लाली छरिएको र सुस्तरी काली (अँध्यारो) ले जित्दै गएको वर्णन पहिलो श्लोकमा गरिएको छ ।

दोस्रो श्लोकमा घाम अस्ताउने लागेको वा भर्खर अस्ताएको बेला कतै उज्यालो लाली त कतै अन्धकारमय काली देखिन्छ । काली र लालीको बिचको धमिलो मनमोहकारी हुन्छ । यति बेलै वन पाखामा चर्न गएका गाई अलकढलक गर्दै गोठतिर फर्किँदा गोपद (गाईको टाप) बाट धुलो उड्छ । त्यसरी उड्दा हिमालमा ठोक्किएको उज्यालोले धुलो सुनरङ्गी देखिन्छ । यस्तो विचित्र प्रकारको सन्ध्याकालीन समयकै वर्णन यस श्लोकमा पनि भएको छ ।

यति बेला सन्ध्या भएको बुझेर योगी जन (आत्म-विचारशाली), आत्म-चिन्तकजन पलैँटी कसेर, नेत्र चिम्लेर जप, तप, ध्यानतिर लाग्छन्, यसैलाई नै सन्ध्या

वन्दन (गायत्री उपासना)भनिन्छ । शरीरलाई हलचल नगरी शिरलाई सिधा राखेर सुस्तरी श्वासप्रश्वासलाई नियन्त्रण गरेर मनका राग विराग छोडेर समाधिमा बसेका हुन्छन् भनी तेस्रो श्लोकमा वर्णन गरिएको छ ।

सन्ध्याकालीन साँझमा झ्याङ्कुरी बास्न थाल्छ । यति बेला भ्रमर, हाँस, चखेवा, डाँफे, चाँचर, सुगा, मुरली मयुर, धोबिनी, कुरा, बाज, जुरेली आदि चराचुरुङ्गी पनि सूर्य (दिनेश) प्रति नम्र (नति) भएर दिनका देवता (सूर्य/सन्ध्या)कै आरती गाउँछन् कि भनेर चौथो श्लोकमा कवि कल्पना गर्छन् ।

चाराका निमित्त चर्न गएका (विहङ्ग) पन्छी पनि वन पाखा घुमेर सन्ध्यापछि गुँडमा फर्कन्छन्, आ-आफ्ना बचेरासँग रम्छन् । यस्तै गरेर किसानका दम्पती पनि मेलापातबाट घर फिर्छन्, परस्परमा रमाउँछन् र भोजनको तारतम्य मिलाउन व्यस्त हुन्छन् भनी पाँचौँ श्लोकमा सन्ध्याकै प्रसङ्गमा वर्णन गरेका छन् ।

सन्ध्यापछि काममा गएका सबै आ-आफ्नो वासस्थान फर्किने हुँदा रात्रिकालीन समय कतै खलबल नभई शान्त हुन्छ । यतिखेर अब त पतिसँग भेट होला भनी प्रियसी अपार कल्पनाको मोजमस्ती (दुरन्त लहरी ) मा डुबेकी हुन्छिन् । मनको लहरी (प्रेमको धुन)मा पतिलाई सम्झेर अङ्कमाल गर्छिन् भन्ने रसरङ्गको शृङ्गारिक धारा यहाँ ( छैटौँ श्लोकमा) कविले छताछुल्ल हुने गरी बगाएका छन् ।

घाममा रहुन्जेल घामको दिव्य रूप भ्रमर (भमरो) लाई नयनाभिराम (आँखामा आराम दिने/ आनन्द दिने) हुन्छ । घामको मधुर तापमा लुब्ध (लोभी) भमरो सूर्यास्त हुँदै गएपछि फक्रेको सरोज (कमलको फूल) को पत्ता सुस्तरी बन्द हुँदै जान्छ । रस चुस्दो लुब्ध भमरो सरोज कमलभित्रै बन्द हुन पुग्दछ भन्ने आशय सातौँ श्लोकले बोकेको छ ।

सन्ध्याको समय तुषारो परेको बाटोबाट हिमचुली पुग्दा शीत स्पर्शद्वारा तेजवान् दिवाकर पनि सुशीतल एवम् मन्दमन्द देखिन्छन् र जगत् कार्य बन्द हुन पुग्दछ भन्दै सूर्यको कार्य रोकिँदा जगत् कार्य पनि रोकिन पुग्दछ भन्ने उद्घोस आठौँ श्लोकमा भएको छ ।

अन्तिम नवौँ श्लोकमा कविले दिनेश (सूर्य) को महिमा गाएका छन् । सत्य, त्रेता, द्वापर तीनै युगसहित चराचर (विश्व जगत्) फिराउनका लागि दिनेश एक (केतु) ग्रहको रूपमा थिए, तिनैको पनि समुद्रमा प्रवेश हुन्छ भनी सन्ध्या वर्णन भएको पाइन्छ ।

सन्ध्याको वर्णन यथार्थ छ । कवितामा काल्पनिकता होइन सच्चाई भेटिन्छ ।

दिनका देवता (दिवाकर) जलधिमा डुबेपछि अर्थात् सूर्यास्त भएपछि विहङ्गम दृष्टिले हेर्दा सन्ध्याको मनोरम वर्णन गरिएको छ ।

वसन्ततिलका छन्दमा रचिएको यस सन्ध्या शीर्षकको कविता उच्चकोटिको पाइन्छ । स्वच्छन्द एवम् परिष्कारवादी शैलीमा लेखिएको कविता कविशिरोमणि लेखनाथ पौड्यालको हाराहारीमा रहेको देखिन्छ । कोमल पदावलीको प्रयोग र मनोहारी वर्णनले कविता अत्यन्तै प्रभावशाली रहेको छ । छन्द मिलान, लयविधान स्तरीय रहेको छ । कविता गाउँदा सलल्ल बहेको छ, कतै बिझाउँदैन । भावमा चमत्कारिता भेटिन्छ । यो नै सफल कविको लक्षण पनि हो । 'सन्ध्या' कविता पढ्दा पाठकको मनमा जुन रोमान्स उब्जन्छ । यो नै कविताको सामर्थ्य हो, कविताको सुगन्ध हो । यस हिसाबले हेर्दा एउटै 'सन्ध्या' कविताले पनि हरिभक्त देवकोटा महान् कवि थिए भन्ने पुष्टि गर्दछ ।

❒

## राजेश्वर देवकोटाको अप्रकाशित कविता

म फूल बनी तिमीलाई मनुष्य बनाएँ,
तर तिमीले आफ्नो विवेक गुमायौ
अब तिमीलाई मेरो बास आउन छाड्यो
आफ्नो अस्तित्व खोज अब तिमी कहाँ छौ ?
तिमीलाई फूलमा पानी दिने फुर्सद भएन
तर महासङ्ग्राम मचाउन अनन्त समय दियौ,
भन त तिम्रो सङ्ग्रामको अन्त्य कहिले हुन्छ ?

तिमीलाई बालबालिकाको सुवास आएन
तिमीले किशोर किशोरीको दिव्य रुपनै देखेनौ
तिमीले तिनको दुरुपयोग गरेका छौ
कम्प्युटरले कविता लेखिदिँदैन
त्यसले फूलबाट सुवास निकालिदिँदैन ।

अन्तरीक्षबाट तिमी फर्कियौ तिमीले धेरै देख्यौ
तिम्रो सिङ्गो धरती नै ब्रह्माण्डको अपेक्षा एउटा बालुवाको कण जत्रो छ
अब आफ्नो भित्र आफ्नो अस्तित्व खोजौला ।

अन्धाहरु धेरै वीर बलवान छन्, त्यस्तै हुन चाहन्छौ ?
ब्रह्माण्ड कत्रो छ त्यसको परिमाण छैन, उपमा छैन
तिमी आफ्नो दृष्टि र विवेक ब्रह्मको उपयोग गर
त्यो परिमेय र उपमेय एक मनुष्य हुन सक्ला कि ?

# लिगलिगको लय



❑ सुरेन्द्र देवकोटा
गोरखा

१

एउटा बुढो बर्राको रुख
र त्यसका बाह्रसिङ्गे हाँगा
हाँगाको चेपबाट तुवाँलो ओढेर
उम्रिएको घाम

यस्तोबेला
नसोध,
कुन घाम तापेर हुर्किएको हो देश
कुन माटो टेकेर उभिएको हो देश
कुन सभ्यताको कान्छीऔँला समातेर
हिँडेको हो टुकुटुकु ।

हावामा धावा बोलिरहेको
बर्राको पातलाई थाहा छैन
उसको जरामा
बनिसकेको छ देवल
कति छ हँ तिम्रो खुट्टामा तागत ?

२

जीवन त दौड हो घलेदाइ
जन्मिएर चेपे दोभानबाट
टेकेर बगरका तिखा ढुङ्गा
उकालैउकालो
लिगलिगकोटतिर
एकपल पनि
बिसायो भने आफूलाई
फेरि पर्खनुपर्छ अर्को दौड

जतिबेला
समयले दौडिसकेको हुन्छ
जीवनको एक फेरो ।

कुर्दाकुर्दै
मिथकजस्तो त्यो सिंहासन
समयले लगाइदिन्छ
पूर्णविरामको औँठाछाप ।
बरु कुनैबेला
तिम्रै हाडमा खोपिन सक्छ
पाँचचिहानको अभिलेख ।
कति पर छ हँ जीवनको गन्तव्य ?

३

यही थुम्कोमात्र होइन गन्तव्य
त्यही दोभानमात्र होइन पूर्णता

एउटा लिगलिग चढेर
कहाँ सकिने रहेछ र
जीवनको उकालो
एउटा लिगलिग जितेर

कहाँ जितिने रहेछ र
जीवनको युद्ध
एउटा दरौँदी बगेर
कहाँ सकिने रहेछ र दु:ख
रुमालमा भर्न सकिँदैन दु:खका बुट्टाहरू ।

४

दु:खका खुट्टाहरूले
जीवन निर्भिक उभ्याउँछ
जसरी उभिएको छ आफै लिगलिग
लिगलिगसँगै
उभिएको छ देश ।

च्यातिन्छन् थोत्रा सुरुवालहरू
फेरिन्छन् फाटेका जुत्ताहरू
दु:खको उकालोमा दौडिएका
सङ्घर्षको आरनमा अर्जापिएका
देशका खुट्टाहरू उस्तै छन्
निर्भिक र दरिला
भूगोल त मगमगाइरहेछ उसरी नै ।
यो सम्बन्धको पाइखानाबाट आएको दुर्गन्ध हो

५

कहाँसम्म छ लोभको सिमाना
कहाँसम्म छ भोकको परिधि
कति बलियो छ सम्बन्धको जग
कति अग्लो छ घमण्डको पर्खाल
तिम्रो वास्तुशास्त्रले
कता फर्काएको छ मनको दैलो
कता ढल्काएको छ रहरको टुँडाल ?
मान्छे जस्तै बुढो हुँदै गएको
यो सङ्गीत ।

यसको अनुहारभरि
उमेरले खोपेका धर्सा
स्वप्निल संसारजस्तो
यो धरातल
यो संस्कृति
यो अवस्थिति ।
तिम्रो चन्चले जिब्रोलाई थोरै विश्राम देऊ ।

६

उतार आँखाको पट्टी
फराकिला आँखाले
वर्तमानको टाकुराबाट
हेर पर पर सम्म
हिमाल, पहाड, बेसी,
मैदान, फाँट, बगर
आकास, बादल, चरा

तिम्रो पैतालामुनि
किचिइरहेको कमिला
तिम्रो थुकमा डुबेर
छट्पटाइरहेको पुतली
तिम्रो आँशुमा
अत्यासिदै गरेको भुसुना

सुन तिनका साना साना
मुटुहरूको ढुकढुकी
र
तिनै आवाजहरू टिपेर
बजाऊ
लिगलिगको नयाँ लय ।

❒

# हरि सांस्कृतिक केन्द्र : केही जोडिएका, केही नजोडिएका प्रसङ्गहरू



❑ डा ऋषि बस्ताकोटी
आँपपीपल, गोरखा

आठ कक्षामा पढ्ने बेला **महेन्द्र माला** पुस्तकमा 'सुन्दरीजलको यात्रा' शीर्षकको एउटा प्रबन्ध थियो । म त्यो प्रबन्ध अरू पाठभन्दा अक्सर बढी नै ओल्टाई-पल्टाई गर्थे । लेखक परिचय पढेर रोमाञ्चित हुन्थेँ । बाल मस्तिष्क रोमाञ्चित हुने कारण अनौठो थियो । यस प्रबन्धका लेखक राजेश्वर देवकोटा र जनकलाल शर्मा हुनुहुन्थ्यो । राजेश्वर देवकोटाको नाम त्यति बेला बौद्धिक राजनेताको रूपमा त बुबा-हजुरबुबाहरूबाट सुनेको हो तर आफ्नै पाठ्यपुस्तकमा एक जना लेखकको नाम गोरखा, लिगलिग पण्डित गाउँका हरिभक्त देवकोटाको सुपुत्र राजेश्वर देवकोटा भनेर पढ्न पाउँदा औधी खुसी लाग्थ्यो । लेखक हुनु कति ठुलो इज्जतको कुरा रहेछजस्तो लाग्थ्यो ।

पछि राजेश्वर देवकोटाको उपन्यास **उत्सर्ग प्रेम**ले मदन पुरस्कार पायो । **पूर्वकथा** उपन्यासले साझा पुरस्कार पायो । यी खबरहरू रेडियोमा सुनियो । नेपाली विषय पढाउने गुरुहरूले यो समाचार कक्षामा विशेष महत्त्वका साथ भन्नुहुन्थ्यो । जिल्लास्तरीय हाजिरीजवाफ, निबन्ध, वक्तृत्वकला प्रतियोगिताहरूमा बारम्बार भाग लिने हुनाले म प्रायः सामान्य ज्ञानका पुस्तकहरू खोजीखोजी पढ्ने गर्थें । सामान्य ज्ञानका पुस्तकहरूमा पनि यी पुरस्कार पाउने साहित्यकार भनेर उहाँको नाम बारम्बार पढेँ । कहिल्यै भेट्ने अवसर नपाए पनि आफ्नै गाउँको, आफ्नै माटोको मानिस यति ठुलो लेखक भएको र सम्मानित पुरस्कारसमेत पाएको खबरले खुसी लाग्थ्यो । उहाँको प्रतिभा र सामाजिक सम्मानले भित्रभित्र एक किसिमले प्रेरणा मिलिरह्यो । बाल सुलभ बेलामा "ए, हाम्रै गाउँ ठाउँमा जन्मेर पनि दुनियाँले गन्ने लेखक-साहित्यकार बन्ने सकिने रहेछ !" भन्ने लागिरह्यो ।

साहित्यिक पुरस्कारबाट प्राप्त रकम र अन्य रकमसमेत थपेर साहित्यकार राजेश्वर देवकोटाले पिता हरिभक्तको पुण्य स्मृतिमा २०४६ सालमा 'हरि सांस्कृतिक केन्द्र' स्थापना गर्नुभयो । मैले पहिलोपटक यो खबर रेडियोको 'साहित्य संसार कार्यक्रम' या 'समाचार' कतैबाट सुनेँ । हरिभक्त देवकोटाको जन्मस्थान लिगलिग

आँपपिपलको पण्डित गाउँमा भए पनि संस्थाको कार्यालयचाहिँ गोरखा सदरमुकामको शक्ति स्कुल नजिकै होटेल बिसौनीसँगै थियो । विभिन्न प्रतियोगिताहरूमा भाग लिन गोरखा जाँदा यो संस्थाको बोर्ड देखिन्थ्यो । समग्र जिल्लाको कला, साहित्य, संस्कृति, गीत, सङ्गीतको खोज-अनुसन्धान गरिएका प्रकाशित कृतिलाई पुरस्कार गर्ने र कृति प्रकाशितसमेत गर्ने संस्थाको उद्देश्य रहेछ । गोरखा जन्मथलो वा कर्मथलो भएका स्रष्टालाई 'हरि उत्कृष्ट प्रतिभा' पुरस्कारद्वारा सम्मान गर्ने कुरा थियो । हाइस्कुल पढ्दै गरेको किशोर भए पनि कविता लेख्दै रेडियोतिर पठाउने, जिल्लास्तरीय कार्यक्रमतिर बारम्बार पुरस्कृत हुने गरेकोले यो संस्था आफू र आफूजस्तै साहित्यमा रुचि राख्ने कलिला प्रतिभाहरूको प्रेरणाको स्रोत र छाहरी हुन सक्ला भनेर खुसी लाग्थ्यो । यद्यपि संस्थाका पदाधिकारीहरूसँग मेरो खासै चिनजान थिएन । मेरो गाउँ सदरमुकामबाट उति नजिक पनि नभएकोले यो संस्थाले कहिले के कार्यक्रम गर्छ थाहा पनि हुँदैन थियो । बरु लमजुङको 'मर्स्याङ्दी वाङमय प्रतिष्ठान'ले गर्ने केही कार्यक्रमहरूमा भने कविता पठाएको याद छ । कार्यक्रमका बारेमा दाहाल यज्ञनिधिले रेडियो नेपालको लोकप्रिय कार्यक्रम साहित्य संसारमा कुरा गर्दा आफ्नो नाम पनि उल्लेख भएको सुनेर धेरै दिनसम्म हर्षले गद्गद् भएको छु ।

एस.एल.सी.पछि वन विज्ञान पढ्न म पोखरा गएँ । गोरखा सदरमुकाम आउने-जाने क्रम पातलियो । बेलाबेला समाचारमा पढ्नेबाहेक यो संस्थाका गतिविधि धेरै थाहा भएन । आफ्नो रुचिले साहित्यतिर लगाव भने बढाइरहेँ । पोखराका साहित्यिक कार्यक्रमहरूमा सहभागी हुन थालेँ । आफ्नो चिनारी स्थापित गर्न थालेँ । सरुभक्त, तीर्थ श्रेष्ठ, रविलाल अधिकारी, घनश्याम ढकाल, अलि मियाँ, हरिदेवी कोइरालाहरूसँग विभिन्न कार्यक्रमहरूमा भेट हुन थाल्यो । प्रतियोगिताहरूमा भाग लिने र पुरस्कृत हुन थालेँ । २०५२ सालमा प्रज्ञा प्रतिष्ठानको कविता महोत्सवमा पुरस्कृत भएपछि अरू धेरै मानिसको आँखा परेँ । सामान्य ज्ञानमा नाम छापियो । त्यति बेला पुस्तक छाप्न पाए एउटा ठुलो धोको पुरा हुन्थ्योजस्तै लाग्थ्यो तर विद्यार्थी, त्यसमाथि सामान्य किसानको छोरो, पुस्तक छाप्ने अतिरिक्त आर्थिक स्रोत कहाँ पाउनु ? कुनै संस्थाले पाण्डुलिपि हेरेर छापिदिए पनि हुने नि भन्ने त लाग्थ्यो । कुनैकुनै साहित्यिक संस्थाहरूले पाण्डुलिपि पुरस्कृत गरेको र पुस्तक छापिदिएको खबर पढ्न पाउँदा पनि मनमा मीठो कल्पना र सपना आउँथ्यो । तर प्राविधिक विषयको पढाइ, आफ्नो मूलकर्म छोडेर साहित्य र शौखको पछि उति सारो धेरै लाग्न पनि सकिएन । पाण्डुलिपि पुरस्कृत गर्ने र छापिदिने संस्थाले के मापदण्डमा यो काम गर्छन् जानकारी पनि भएन ।

हरि सांस्कृतिक केन्द्रले आफूले चिनेका या नाम सुनेका अग्रज पुस्ताका साहित्यकारहरूलाई वार्षिक रूपमा पुरस्कृत गरेका खबर मैले पत्रपत्रिकामा पढिरहेँ । खास गरी भीम राना जिज्ञासु, विष्णुप्रसाद धिताल, बिपी गोर्खाली र विनोदप्रसाद धितालहरू पुरस्कृत भएको खबरले पनि कलेज पढ्ने बेला, पहिले स्कुल पढ्ने बेला हरि सांस्कृतिक केन्द्रको बोर्ड देखेर रोमाञ्चित भएजस्तै बनाउँथ्यो । ए मेरो जिल्लाको यो संस्थाले साहित्यिक प्रतिभाहरूको कदर गरेको छ । नवप्रतिभाहरूलाई मलजल गरिराखेको छ भन्ने लाग्यो । लेखिरहँदा पुस्तक छाप्ने भोक लागिरह्यो । २०५४ सालमा वन विज्ञानमा स्नातक दोस्रो वर्ष पढ्दै गर्दा श्रीमती कल्पना घिमिरेसमेतको जोडबलमा **ज्वालाका रापहरू** गजलसङ्ग्रह प्रकाशित गरेँ । उति बेला पुस्तकले राम्रै माया पायो । पोखरा र काठमाडौँका पत्रपत्रिकाहरूमा समीक्षाहरू छापिए । पोखराकाहरूले पोखरा क्षेत्रको पहिलो गजलसङ्ग्रह भनेर चर्चा गरे । क्याम्पस पढ्दा गाँस काटेर प्रकाशित गरेको कृतिले त्यहाँ इतिहास बनायो तर गोरखामा चाहिँ उति सारो गोरखाली भइनँ या हुन सकिन कि जस्तै लाग्छ । समकालीन गोरखाली साहित्यिक जगत्सँग साक्षात्कार हुने मेरो उति अनुकूल पनि मिलेन । अहिलेजस्तो सजिलो जमाना पनि थिएन ।

प्राविधिक र व्यवस्थापकीय काम र प्राज्ञिक उन्नयनमा लाग्दालाग्दै मेरो लागि साहित्य रुचिको विषय त रहिरह्यो तर जीवनको लय अल्लि फरक भयो । साहित्यिक लेखन पनि विद्यार्थीकालमा भन्दा अल्लि कम भयो । लेखेका सिर्जना पनि उति जोड गरेर प्रकाशित गर्ने रहर भएन । द्वन्द्वकालमा लागेको कुरा निर्धक्क लेख्ने वातावरण पनि रहेन । स्थानीय सङ्घ-संस्थाहरूले पनि सोचेजस्तै काम गर्ने उत्साहप्रद अवस्था रहेन । हरि सांस्कृतिक केन्द्र पनि परिस्थितिजन्य कारणले बिचमा अल्लि सुस्ताएछ ।

सन् २०१७ मा म आफ्नै जीवनको लय समात्दै संयुक्त राज्य अमेरिकाको नर्थ क्यारोलाइना राज्यमा आइपुगेँ । म यता आउने खबरले केही पुराना चिनजानका साहित्यिक साथीहरू उत्साहित हुनुभएछ । म नर्थ क्यारोलाइना आएकै महिना यहाँ भएको साहित्यिक कार्यक्रममा उहाँहरूले मिलाई निम्ता दिनुभयो । कतिपयसँग धेरै वर्षपछि भेट भयो, केहीसँग पहिलोपटक भेटघाट र चिनजान भयो । नम्रता गुरागाईं, मनोज प्रधान, नगेन्द्र न्यौपाने, शिखर दुलालहरूसँग भेट भयो । ईश्वर देवकोटा दाइलाई संस्थाको सल्लाहकार र नर्थ क्यारोलाइनाका नेपालीहरूको अभिभावकको रूपमा साथीहरूले परिचय गराउनुभयो । केही महिनापछि नर्थ क्यारोलाइना नेपाली साहित्य समाजको मासिक साहित्यिक कार्यक्रम ईश्वर-कमला निवासमा भयो । कार्यक्रममा पुराना चिनजानका साहित्यकार गोविन्द गिरी प्रेरणा पनि अतिथिको रूपमा

आउनुभएको थियो । गोरखा मूलघर भई नर्थ क्यारोलाइना बस्ने नगेन्द्र न्यौपानेले हरि सांस्कृतिक केन्द्रबाट **कङ्गो र इथियोपियाको सेरोफेरो** यात्रासंस्मरणका लागि राजेन्द्र अर्यालसँगै संयुक्त रूपमा हरि उत्कृष्ट प्रतिभा पुरस्कार प्राप्त गर्नुभएको तर पुरस्कार समर्पण गर्ने अनुकूल मिलेको रहेनछ । यही समारोहमा साहित्यकार न्यौपानेलाई नगद पुरस्कारसहित सम्मान-पत्र हस्तान्तरण भयो । स्कुल पढ्दा संस्थाको बोर्ड देखेको, अनेक प्रेरणा लिएको, कलेज पढ्दा पुरस्कारका खबरहरू पढेको संस्थासँग मेरोचाहिँ आज नर्थ क्यारोलाइनामा प्रत्यक्ष भेट भयो । ईश्वर दाइले संस्थाले गरिआएका मुख्यमुख्य कामका बारेमा छोटो प्रस्तुति पनि दिनुभयो । नयाँ पुराना गोरखाली प्रतिभाहरूलाई पुरस्कृत गर्ने, गोरखाको भाषा, साहित्य र संस्कृतिको जगेर्ना गर्ने, नियमित प्रकाशन गर्ने गरिरहेको थाहा पाउँदा खुसी लाग्यो । हामी सबैले पुरस्कृत स्रष्टालाई बधाई दियौँ । संस्थाका संरक्षक ईश्वर देवकोटा दाइलाई यो पुण्य कार्यको निरन्तरताको लागि धन्यवाद दियौँ ।

यो कार्यक्रमपछि ईश्वर दाइसँग हरि सांस्कृतिक केन्द्रका बारेमा बेलाबेला छलफल हुन थाले । यो संस्थाले गरेका विविध कामले गर्दा संस्था एक अग्रणी र प्रेरणादायी संस्थाको रूपमा इतिहासमा स्थापित भैसकेको थियो भने बदलिँदो सामाजिक, राजनीतिक परिस्थितमा पारिवारिक फाउन्डेसनको रूपमा संस्था अविच्छिन्न रूपमा चलाउनु चुनौतीपूर्ण पनि हुँदै आएको थियो । पछिल्लो समय प्रशासनिक झन्झट, संस्थागत व्यवस्थापनमा थपिँदो आर्थिक भार, मानिसहरूमा स्वयम्सेवी भावनामा आएको क्रमिक ह्रासका कारण जिल्लामा काम गर्ने पारिवारिक फाउन्डेसनहरूका चुनौतीहरू थपिँदै आएका छन् । यी विषयमा हामीले पटकपटक मस्तिष्क मन्थन गरेका छौँ । ईश्वर दाइ आफ्ना पिताजीले पवित्र उद्देश्यका साथ चौँतिस वर्षअघि स्थापना गर्नुभएको यो संस्थाको स्थायित्व र अग्रगामी विकासको लागि दत्तचित्त हुनुहुन्छ । डा. वासुदेव त्रिपाठी, मोहननारायण श्रेष्ठ, केदारनाथ खनाल, डा. प्रभा कैनीजस्ता साहित्य, संस्कृतिको मर्म बुझेका गोरखाली साहित्यकर्मीको साथ-सहयोग र नेतृत्व पाएर केन्द्र आजको रूपमा आएको कुरा उहाँ सगर्व सुनाउनहुन्छ । अझ उचाइमा पुऱ्याउन के गर्नुपर्ला, दिगोपन कसरी ल्याउन सकिएला, नयाँ पुस्तालाई नूतन कार्य योजनासहित कसरी समेट्न सकिएला ? भन्नेमा उहाँ प्रायः चिन्तनशील देखिनुहुन्छ ।

सन् २०२० को सुरुदेखि विश्वलाई कोभिडको महामारीले गाँज्यो । देखभेट, जमघट हराए । मिल्नेसम्म कामकाजहरू अनलाइन हुन् थाले । हुँदाहुँदै बैठक, छलफल र सामाजिक/साहित्यिक कार्यक्रमहरू पनि 'भर्चुयल' हुन थाले । प्रविधिको

प्रयोग गरेर नर्थ क्यारोलाइना नेपाली साहित्य समाजका कार्यक्रमहरू पनि भर्चुयल नै गर्न थालियो । कोभिडको चुनौतीले त झन् घरभित्रबाटै संसार जोड्ने अवसर पो खोल्यो । समय मिलाएर अमेरिका, नेपाल, क्यानडा र युरोपका विभिन्न देशका साहित्यिक स्रष्टाहरू जोडेर हामी कार्यक्रम गर्न थाल्यौँ । टीकाराम आचार्यजीले भर्खरै 'राजेश्वर देवकोटाका उपन्यासमा साङ्ख्य दर्शन' विषयमा विद्यावारिधि सक्नुभएको थियो । यो विषय हामी नर्थ क्यारोलाइनावासीहरूको लागि पनि रुचिको विषय थियो । टीकारामजीलाइ जूम प्रविधिबाट जोडेर नर्थ क्यारोलाइना नेपाली साहित्य समाजले एउटा कार्यक्रम गर्ने कि भन्ने कुरा निस्क्यो । कार्यक्रमले मूर्तरूप लियो । कार्यक्रम संयोजनको जिम्मा ईश्वर दाइ र मेरो भागमा पऱ्यो । मूलवक्ता टीकारामजीका अतिरिक्त राजेश्वर देवकोटाका लेखन प्रवृत्तिलाई नजिकबाट चिनेका साहित्यकारहरूलाई पनि जोडेर कार्यक्रम सम्झनलायक बनाऊँ भन्ने लाग्यो । साथीहरूसँग सल्लाह गरेर प्रा. नारायणप्रसाद खनाल, साहित्यकार विजयराज न्यौपाने, हरि सांस्कृतिक केन्द्रका तत्कालीन अध्यक्ष केदारनाथ खनाललाई समेत टिप्पणीकर्ताको रूपमा बोलाउने निधो भयो । कार्यक्रम आयोजनामा हरि सांस्कृतिक केन्द्रसँग व्यवस्थापकीय सहयोग लिन परिहाल्छ, केन्द्रलाई पनि सह-आयोजक बनाए कसो होला भन्ने प्रस्ताव मैले राखेँ । यसमा साहित्य समाजका साथीहरू राजी हुनुभयो । पहिलोपटक हरि सांस्कृतिक केन्द्र र नर्थ क्यारोलाइना साहित्य समाजको संयुक्त आयोजनामा 'राजेश्वर देवकोटाका उपन्यासमा साङ्ख्य दर्शन विषयमा विचार गोष्ठी' सम्पन्न भयो । नेपाल, अमेरिका र क्यानाडाबाट ५० भन्दा बढी सहभागी भएको प्राज्ञिकस्तरको इतिहास कार्यक्रम सम्पन्न गर्न पाएकोमा मलाई व्यक्तिगत रूपमा ज्यादै खुसी लाग्यो । दुवै आयोजक संस्थाका साथीहरू पनि सहकार्यको नयाँ ढोका खुलेकोमा प्रसन्न हुनुभयो ।

हरि सांस्कृतिक केन्द्र स्थापनापछि वर्षौंसम्म संस्थाको विधानलाई फर्केर हेर्ने र नयाँ सिकाइलाई संयोजन गर्दै समयअनुकूल परिमार्जन गर्ने मेसो परेको रहेनछ । यद्यपि यो महसुस भने संरक्षक र कार्यकारी सबैलाई भएकै रहेछ । प्रसङ्गवश एक दिन ईश्वर दाइले गोरखाली साहित्यकार सुरेशकुमार भट्ट र मलाई "हामी केन्द्रको विधान संशोधनको क्रममा छौँ, हेरेर सुझाव दिन तपाईँहरूसँग समय हुन्छ होला ?" भनी सोध्नुभयो । सुरेशकुमार भट्टज्यू र म दुवै जनासँग फरकफरक सन्दर्भका विभिन्न सङ्घ-संस्थाहरूसँग आबद्ध भएर काम गरेको अनुभव थियो । ईश्वर दाइलाई सायद हाम्रो अनुभव केही काम लाग्ला भन्ने लाग्यो होला । हामी दुवै जनाले "हस्" हामी पनि पढेर आफूलाई लागेको सुझाव गरौँला भन्यौँ । संस्थाको दिगोपन, रणनीतिक योजना र सुशासन मेरो रुचिका विषय हुन् । मैले यिनै कोणबाट संशोधित विधानमाथि

आफ्नो सुझावहरू राखेँ । सुरेश भट्टज्यूले पनि संस्था सञ्चालनका अनेक पक्षमा अनुभवसहित आफ्नो राय राख्नुभयो । ईश्वर दाइ र कार्यसमितिका पदाधिकारीहरूले प्राप्त सुझावहरूलाई अध्ययन गरी संशोधित विधानलाई टुङ्गोमा पुऱ्याउनुभयो ।

पछिल्लो समय ईश्वर दाइले हरि सांस्कृतिक केन्द्रका कार्यक्रमबारे मलाई बेलाबेलामा सुनाउनुहुन्छ । नयाँ योजनाहरूबारे मस्तिष्क मन्थन गर्नुहुन्छ । **राजेश्वर देवकोटा स्मृतिग्रन्थ**को काम हुँदै रहेछ । 'केही लेख्ने हो ऋषि भाइ ?' भनी सोध्नुभयो । उहाँको राजनीतिक, साहित्यिक र पारिवारिक संस्मरण त प्रायः लेखिएला तर उति चर्चा नगरिएका उहाँका सामुदायिक विकाससम्बन्धी योगदान पनि चर्चा हुनु र अभिलेखीकरण हुन जरुरीजस्तो लाग्यो । आफूले देखेका, सुनेका बुझेका कुरा जम्मा गरी 'परिवर्तनका द्योतक : राजेश्वर देवकोटा' शीर्षकमा एउटा आलेख तयार पारेँ । यो लेख स्मृतिग्रन्थमा प्रकाशित भयो । एउटा ऐतिहासिक प्रकाशनमा आफूले पनि सानो योगदान गर्न पाएकोमा खुसी लाग्यो ।

अमेरिकामा आफू सेवा निवृत्त भएपछि ईश्वर दाइ आफ्ना पितामाताद्वारा स्थापित यो संस्थालाई नयाँ गति दिन दिलोज्यान दिएर लाग्नुभएको मलाई महसुस हुन्छ । पालुङटार नगरपालिकाको स्थानीय पाठ्यक्रममा हरि सांस्कृतिक केन्द्र समावेश भएको कुराले उहाँ उत्साही हुनुहुन्छ । यसले संस्थाको जिम्मेवारी थपिएको छ नि भन्नुहुन्छ । विद्यालयस्तरका कलिला केटाकेटीहरूलाई साहित्य, शिक्षा र सामुदायिक कार्यमा अभिप्रेरित गर्दै असल नागरिक तयार पार्न संस्थाले प्रेरक भूमिका खेल्नुपर्छ भन्ने उहाँको ध्येय छ । संस्थाका सारथिहरू पनि यस्ता सत्कर्ममा जुट्नुभएको छ । सरोकारवालाहरूको साथ र अपनत्व भए धेरै काम गर्न सकिन्थ्यो भन्ने देवकोटा परिवारको आशय देखिन्छ । महाकवि देवकोटाले 'के नेपाल सानो छ ?' निबन्धमा लेखेझैँ गाउँमा पहिचान नभएका, अवसरबाट वञ्चित अनेक प्रतिभा छन्, तिनले फुल्ने, फल्ने अवसर पाए भने भोलि एक होइन अनेक देवकोटा जन्मन सक्छन् । संस्थामार्फत आफ्नो पुर्खाको माटोमा जन्मेका प्रतिभाहरू पहिचान गर्ने र तिनलाई हुर्काउने चिनाउने ईश्वर दाइको ध्येय मननीय लाग्छ । संस्थाको भौतिक संरचना समयअनुकूल सुधारेर लेखन कुञ्जको रूपमा विकास गर्ने उहाँको हुट्हुटी छ । एक दिन अवश्य पूरा होला ।

साहित्यिक पुरस्कारको रकम सदुपयोग गर्दै आफ्ना पिता–माताले पितामहको नाममा गोरखाको माटोमा स्थापना गरेको संस्थाले विगतदेखि थुप्रै स्थानीय प्रतिभाहरूलाई उत्प्रेरित गरेको छ । साहित्य–संस्कृतिको संरक्षण प्रवर्धन गरेको छ । दर्जनौँ स्रष्टालाई पुरस्कृत गरेको छ । केही स्थानीय लेखक साहित्यकार

हरूका पाण्डुलिपिहरू प्रकाशितसमेत गरेको छ । संस्थापक मातापिताको शेखपछि संस्थाको संरक्षकत्वको जिम्मा पछिल्लो पुस्ताका इ. ईश्वर देवकोटामा आएको छ । पण्डित हरिभक्त देवकोटाको योगदान स्थानीय र क्षेत्रीयस्तरमा महत्त्वपूर्ण थियो । उहाँको 'लेगेसी' बचाउने काम राजेश्वर देवकोटाले गर्नुभयो । राजेश्वर देवकोटाको बहुआयामिक व्यक्तित्व भाषा, साहित्य, संस्कृति, राजनीति, कूटनीति र समाज विकासमा राष्ट्रियस्तरमै महत्त्वपूर्ण मानिन्छ । हरिभक्त देवकोटाको सँगसँगै राजेश्वर देवकोटाको 'लेगेसी' जोगाउने र सपना फुलाउने दायित्व अब परिवारको पछिल्लो पुस्ता र शुभचिन्तकहरूमा सरेको छ । राजेश्वर देवकोटा लोकले जानेको, लोकले मानेको निष्ठाको अर्को नाम हो । पछिल्लो समय पुरस्कार लेनदेन र अपारदर्शिताको जन्जालमा फसेका कतिपय संस्थाहरूको भीडभन्दा उहाँले स्थापना गरेको संस्था फरक र इमानको अग्लो रहिरहनुपर्छ । केन्द्रले संस्कृतिको संरक्षण गर्न, उपयुक्त अवसरबाट टाढा र ओझेलमा परेका प्रतिभाहरूको पहिचान र प्रवर्धन गर्न अनि प्राज्ञिक उन्नयनमा लागिरहन सक्यो भने यसलाई ठुलो उपलब्धि मान्नुपर्छ । राज्य लाग्नुपर्ने ठाउँमा निजीस्तरको पारिवारिक संस्थाले जति गर्न सक्छ त्यसलाई महत्त्वपूर्ण नै मान्नुपर्छ । सहकार्यमा धेरै गर्न सकिन्छ । निष्ठाबाट आर्जित प्रतिष्ठा नै दिगो र लोकप्रिय हुन्छ । संस्थाका संरक्षक र सारथिहरूको दूरदृष्टि, रणनीतिक योजना, स्वयम्सेवी भावना र लगनशीलताले संस्थालाई मूल्यको नयाँ उचाइमा पुऱ्याओस् र ज्ञान र प्रेरणाको उज्यालोले लोकलाई प्रदीप्त गर्न सकोस् । शुभकामना !

❒

देवकोटाका उपन्यासहरू सामाजिक भएर पनि असामाजिक भान पर्ने, पौराणिक–दार्शनिक भएर पनि लौकिक लाग्ने अनि प्रेमसँग सम्बन्धित भएर पनि असम्बन्धित लाग्ने खालका रहेका छन् । देवकोटाका उपन्यास, कथा सुनाउन लेखिएका नभएर आफूलाई लागेका तर भन्न नसकिएका अकथित सत्य उद्घाटित गर्ने मनोभावनाले नै प्रतीकात्मक सन्दर्भका माध्यमबाट वर्तमानमा विद्यमान राष्ट्रिय–अन्तर्राष्ट्रिय यथार्थ वाहकका रूपमा रहेका छन् ।

कृष्णचन्द्रसिंह प्रधान, **कृति अवलोकन** (२०५९)

# 'राजेश्वर देवकोटा स्मृतिग्रन्थ' : पाठकका नजरमा भित्र-बाहिर



❑ सुरेशकुमार भट्ट
मसेल, गोरखा

ऐतिहासिक गोरखा जिल्लाको राज्य निर्माणको प्रारम्भिक स्थल लिगलिग कोटको बोहरा गाउँको देवकोटा टोलमा संस्कृतका पण्डित परिवारमा नाम चलेका पण्डित हरिभक्त देवकोटाका प्रथम सुपुत्रका रूपमा १९८६ साल आश्विन २३ गते माता वसुन्धराका कोखबाट राजेश्वरको जन्म भएको थियो । जन्मँदैमा आचार्यस्तरको पढाइ गराउने धोकोका कुरा पिताजी पं. हरिभक्तले बताउनुभएको थियो । लिगलिग देवकोटा गाउँका कुल दीपक कट्टर राष्ट्रवादी बहुआयामिक राष्ट्रिय व्यक्तित्व राजेश्वर देवकोटा गोरखाका मात्र नभएर राष्ट्रकै गौरव हुन् । उनका बाहिर देखिने भौतिक शरीर सानो कद, सधैँ दुब्लो-पातलो तर विशाल सोच, बौद्धिक भकारी बरु एक्लै हिँड्ने, आफ्नो बाटो नछोड्ने, अटल, अविचलित र दृढ निश्चयी थिए उनी । २००४ सालमा 'जयतु संस्कृतम्' अभियानबाट सशक्त रूपमा उदाएका मान्छे हेर्दा बचरो तर बुद्धि र हिम्मतको चुचुरो । बनारसमा काङ्ग्रेसका बालचन्द्र शर्मा, नरेन्द्र रेग्मीसँगै कार्यालय सचिव भई काम गर्नुभएको र नेपाली काङ्ग्रेसको २००७ सालको जनक्रान्तिमा गोरखाको अगुवा मोर्चा सह्मालेका देवकोटा २०१५ को पहिलो आम चुनावको दौरानसँगै काङ्ग्रेससँग रहन सकेनन् । संसदको चुनावमा उम्मेदवार बनेर पनि विजय हुन सकेनन् तर पनि आफ्नो निर्णय र गतिमा अघि बढिरहे । अन्तरमुखी स्वभावका आफ्नो सोच र विवेकले ठम्याएका कुरा कसैको समर्थन र साथ नभए पनि परवाह नगरी गति दिइरहे । अन्तरमुखी निर्णयले उनका जीवनमा कति उतार-चढाव ल्याए पनि आफ्नै स्वभाव र अठोटमा रहे कहिल्यै विचलित भएनन् । यो ऊनको महानता र अरूले बुझ्नै पर्ने विशेषता पनि हो । यस्तै परिस्थितिमा २०१७ साल पौष १ गते महेन्द्र राजाले दुई तिहाइको संसद भङ्गगरी जननिर्वाचित सरकार र तिनका नेतालाई कारावास धकेली दिए । २०१७ पौष २२ गते देशवासीका नाममा शाही संबोधन गरी निर्दलीय पञ्चायती व्यवस्था लागु गर्ने घोषणा गरे । सारा दलहरूमाथि प्रतिबन्ध लगाएर राजाको नेतृत्वमा आउन आह्वान गरे । त्यही आह्वानलाई शिरोपर गरी राजेश्वर देवकोटा पनि पञ्चायततर्फ लागे र नजिक न टाढाको भएर ३० वर्ष बिताउँदा

नेपाल दरबारले न टाढा जान दियो न त कहिल्यै काखमा राख्यो । महेन्द्र राजाको कालभरि नजिकै हैन नजिक-नजिक राखे, चिनेका पनि थिए राजाले राजेश्वर र राजेश्वरभित्रको राजेश्वरलाई राम्रैसँग । त्यसैले त बाघ त पाल्ने तर सिकार गर्न जान नदिने गरी राखेका थिए । महेन्द्र राजाको निधनपछि नयाँ राजा वीरेन्द्रले न चिने, न चिनेर केही दिने सोचमै गए । यो अवधि राजेश्वरको पञ्चायतकालभरिको अवधिमा नितान्त असमञ्जस्यको अवधि रह्यो । उनीभित्रको राष्ट्रियताको भावना झन् गाढा र कठोर बन्दै गयो, जसमा दरबार र राजालाईसमेत पाँडे गाली गरेर डाँडाकाँडा हानेर घुमाएर भए पनि भनेरै छोड्थे तर चाकडीको भाषामा ठिक हो हजुर भनेनन्, भन्दै भनेनन् । जति कट्टर पञ्चहरूले उनको विरुद्ध जासुस गरे पनि आफ्नो अन्तर्यामी अठोट विवेकमा टसमस भएनन् । यो नै उनको लागि राजनीतिक अवसर लिन नदिने कडी कारण बन्न पुग्यो ता पनि राष्ट्र रहे राष्ट्र चलाउने पद्धति जति फेरिए नि केही फरक पर्दैन भन्नेमै उनी अडिक रहे । यसरी जीवनचक्र चल्दै गर्दा आफूले आफैलाई असफल राजनीतिज्ञका रूपमा लिने कट्टर राष्ट्रवादी देवकोटाका सन्दर्भमा लेखिएको यो स्मृतिग्रन्थमा भित्र के छ र बाहिर के थियो ? के छ तनि भनेर सकी-नसकी खोतल्ने यो सानो प्रयास मात्र हो । पुस्तकभित्र के छ त्यो त पढेपछि पाठकले थाहा पाउने कुरा हो । समीक्षकले त डाँफा हान्ने नै हो टुमटुम टिपेर, त्यसैले पङ्क्तिकारको पनि सादर अनुरोध छ, पुस्तक पढिदिनुहोस् ।

यो पुस्तकको नाम हो - **राजेश्वर देवकोटा स्मृतिग्रन्थ** । २५६६औँ बुद्ध जयन्ती, २०७९ मा प्रकाशित गरिएको हो । यस स्मृतिग्रन्थ ५७४ पेज भएको डीमाई साइजको पेपर, आवरण ट्रिपल कलरको मूल्य रु. ५५५।- रहेको छ । हरि सांस्कृतिक केन्द्र गोरखा न.पा.-६ प्रकाशक रहेको यस ग्रन्थका प्रकाशन संयोजक केन्द्रका प्रमुख संरक्षक स्वयम् इ. ईश्वरचन्द्र देवकोटा हुनुहुन्छ । यस विशाल स्मृतिग्रन्थको प्रधान सम्पादक तथा सम्पादनमा मुद्रक, लेखक, विश्लेषक तथा समीक्षक एवम् विषय-विशेषज्ञ प्राध्यापक केदारनाथ खनाल, अतिथि सम्पादक प्रा.डा. नारायणप्रसाद खनाल, सम्पादकहरूमा डा. टीकाराम आचार्य 'आरूणि' र लेखक तथा विश्लेषक विजयराज न्यौपाने हुनुहुन्छ । क्वालिटी प्रेस भ.म.न.पा.-९, बसपार्क, चितवनमा मुद्रण गरिएको, शान्तिका अग्रदूत बुद्धको जन्म जयन्तीमा हरि सांस्कृतिक केन्द्र गोरखामा संस्थाको आफ्नै भवनमा लोकार्पण गरिएको हो ।

ग्रन्थको 'शुभकामना'मा नेपाल संस्कृत विश्वविद्यालयका पूर्व उपकुलपति विद्यावाचस्पति आचार्य पूर्णचन्द्रोपाध्याय ढुङ्गेल लेख्नुहुन्छ - महेन्द्र राजालाई पञ्चायती दर्शन, भूमिसुधार, गाउँ फर्क अभियान आदिमा राजेश्वरकै दूरदर्शी सोचको सहयोगले

सफल बनाएको हो तर वीरेन्द्रले राजेश्वरजस्ता दार्शनिक राजनीतिज्ञ नचिन्नु नै पञ्चायत ढल्नु र राजसंस्थाकै अवसान हुने सङ्केत थियो। जुनसुकै कुरालाई उनले शास्त्रीय चिन्तनबाट हेर्ने गर्थे। उनको चिन्तन बहुतै गहिरो थियो। राष्ट्र, राष्ट्रियता र देशभक्तिमा उनको गहिरो चिन्तन र श्रद्धा थियो। इ. ईश्वरचन्द्र देवकोटा ओजपूर्ण पिताका सुयोग्य पुत्र तथा हरि सांस्कृतिक केन्द्रका प्रमुख संरक्षकबाट 'प्रकाशकीय'मा लेख्नुहुन्छ - हजुरबुबा पं. हरिभक्त देवकोटाको नाममा गोरखा सदरमुकाममा गोरखा जिल्लाको साहित्य, कला र सङ्गीतको विकास गर्ने उद्देश्यले २०४६ सालमा पिता श्री राजेश्वर देवकोटाले 'हरि सांस्कृतिक केन्द्र गोरखा' नाम दिई स्थापना गर्नुभएको हो। केन्द्र सञ्चालनार्थ उहाँले प्राप्त गर्नुभएको मदन पुरस्कार र साझा पुरस्कारको पूरै रकम राखी अक्षयकोषको समेत व्यवस्था गरी सिर्जनात्मक गतिविधिमा सक्रिय रहेको हालसम्ममा नौ कृति प्रकाशन गरेको छ, साथै ३३ वर्षदेखि 'हरि सांस्कृतिक प्रतिभा पुरस्कार'ले प्रतिवर्ष स्रष्टा सम्मानित भइरहनुभएको छ। मूर्धन्य साहित्यकार देवकोटासँगै हरि सांस्कृतिक केन्द्रले स्मरण गराइरहने हुनाले केन्द्रको गतिविधि स्मृतिको एउटा पाना पनि हो भन्ने ईश्वरजीको अभिव्यक्तिबाट बुझ्न सकिन्छ साथै उहाँ लेख्नुहुन्छ - स्मृतिग्रन्थ बाहिर पनि पिताजीका सिर्जना छन्, जुन सङ्कलित र प्रकाशित हुने पर्खाइमा छन्।

विद्वान् साहित्यकार केदारनाथ खनालको प्रधान सम्पादकत्वमा सम्पादित यस **राजेश्वर स्मृतिग्रन्थ** र ग्रन्थले समेटेका बहुआयामिक व्यक्तित्व, राजनीतिज्ञ, वरिष्ठ साहित्यकार, होचो कदको अग्लो व्यक्तित्वको समष्टिगत समीक्षाको रूपमा गरिएको प्रधान सम्पादक खनालको टोलीले गरेको सम्पादनको सूक्ष्मरूपमा समग्र रूपरेखा यस सम्पादकीयमानै पढ्न पाइएबाट यो स्मृतिग्रन्थ अरू प्रचलनका ग्रन्थभन्दा फरकरूपमा रहेको निम्नानुसारका खण्ड विभाजनबाट बुझ्न सकिन्छ :

सम्पादनका क्रममा यस ग्रन्थलाई यसरी सम्पादित गरिएको छ :

१) यस स्मृतिग्रन्थलाई खण्डमा विभाजन गर्नुपूर्व उपकुलपतिको सुरुमै प्रकाशकीयअघि समर्पण गरिएकोले विषयसूचीको अघोषित 'शुभकामना' वा 'भूमिका खण्ड'मा ग्रन्थनायकको मङ्गलाचरण राखी सूचीबद्ध गरिनु आफैमा ग्रन्थको गरिमा बढेको अनुभूति गर्न सकिन्छ भने विद्वान् शास्त्रीय ज्ञाता प्रा.डा. ऋषिराम पोखरेलको 'राजेश्वर नमोऽस्तुते'को शुभकामना वन्दनाले 'विज्ञेहि विज्ञता विद' विज्ञलाई नै विज्ञताको ज्ञान हुन्छ भन्ने अर्थात् साँपको खुट्टा साँपले नै देख्दछ भन्ने सिद्ध भएझैँ लाग्दछ। साथै यस स्मृतिग्रन्थलाई सम्पादनका क्रममा सात खण्डमा विभक्त गरिए तापनि शुभकामना र समष्टिगत रूपमा

ग्रन्थनायक राजेश्वर देवकोटाको सम्पूर्ण जीवनी समेटिएको विद्वान् समीक्षक विजयराज न्यौपानेजीको ३९ पृष्ठको साहित्यिक समालोचनाले सूक्ष्मदेखि स्थूलसम्मको सङ्ग्रह आफैमा यस ग्रन्थभित्रको अर्को ग्रन्थ हो अर्थात् यो स्मृतिग्रन्थ पुराण हो भने त्यसको 'राष्ट्रिय चिन्तन जगत्का एक्ला वृहस्पति' शीर्षक नै काफी छ, त्यसैले यथार्थ महात्म्यको रूपमा लिन सकिन्छ तब भन्नैपर्छ सूक्ष्ममा सागर भेटिन्छ ग्रन्थनायक चिनिन्छ । मिहिनेतको खोजको लागि हार्दिक धन्यवाद छ, शोध र खोजका लागि पनि विजयजी !

२) सात खण्डको पहिलो खण्ड, जसलाई 'कविता खण्ड' भनिएको छ । यस खण्डमा छवटा कविहरूको र एउटा ग्रन्थनायकको कविता छ । चारवटा छन्दमा छन् भने दुईवटा स्वच्छन्दमा छन् साथै ग्रन्थनायकको कवितासमेत सातवटा छन् । 'कविता खण्ड'का छन्दका कविहरूमा गोविन्दराज विनोदी, केदारनाथ खनाल, नारायण पोखेल, विजयराज न्यौपाने र स्वच्छन्दमा ग्रन्थनायक स्वयम्का दुई कविता छन्, त्यसैगरी कवि सुरेन्द्र देवकोटा र कवि सुशील नेपालका एक-एक कविता छन् ।

३) दोस्रो खण्ड - 'संस्मरण खण्ड' हो । यसमा ३८ वटा अविस्मरणीय स्मृतिका लेखहरू समेटिएका छन् । जसमा ग्रन्थनायकका परिवारभित्रका भाइ डा. जगदीश्वर देवकोटा, छोरा इ. ईश्वरचन्द्र देवकोटा, बुहारी कमला देवकोटालगायत डा. दिनेशचन्द्र देवकोटा, डा. फणीन्द्रराज देवकोटा, माधव देवकोटा, रमेशचन्द्र देवकोटा, राजन देवकोटा, रामचन्द्र देवकोटा, वाचस्पति देवकोटा, सुभाषचन्द्र देवकोटा, देवकोटा परिवारकै हुनुहुन्छ भने कुटुम्बहरूमा अमरराज कैनी, गीता रेग्मी, नगेन्द्र न्यौपानेलगायत हुनुहुन्छ । अन्य विद्वान् लेखकहरूमा डा. ऋषि बस्ताकोटी, केशव अधिकारी, तुलसी न्यौपाने, दिनार रनादी, दीपकबाबु अर्याल, दीनबन्धु अर्याल, डा. नवराज कट्टेल, नीलम कार्की 'निहारिका', माधव खनाल, रविकिरण निर्जीव, राजेन्द्रप्रसाद अर्याल, रामचन्द्र आचार्य, रामशरण अर्याल, विष्णु प्रभात, शम्भुप्रसाद सापकोटा 'अखण्ड', शरदचन्द्र सिम्खडा, प्रा. शिवहरि मरहट्टा, लोककवि सुरेशकुमार भट्ट, हरिप्रसाद सोडारी, डा. हरिहर भट्टराई हुनुहुन्छ । त्यसैगरी ग्रन्थनायक राजनीतिज्ञका समकालीन नेता-लेखकहरूमा चन्दा शाह, बालाराम घर्ती मगर, भद्राकुमारी घले, मोहनलाल श्रेष्ठले उहाँका राजनीतिक छवि र कुशल नेतृत्वको मुक्त कण्ठले प्रशंसा गरी स्मरण गर्नुभएको छ । सम्पूर्ण विद्वत्जनबाट लेखिएको स्मृतिका पानाहरू कति मर्मस्पर्शी छन् ग्रन्थ पढेपछि पाठकले गर्ने अनुभूतिलाई

मैले बताएर पर्दा हाल्नु उचित ठानिनँ, तसर्थ विज्ञ पाठक मारू यो ग्रन्थ राखी पठनीय छ, पढिदिनुहोस् भन्ने अनुरोध मात्र गर्न गइरहेको छु ।

४) समीक्षा खण्ड – यस खण्डमा विभिन्न विधाका ग्रन्थनायकका २२ वटा पुस्तक र फुटकर तीन गरी २४ वटालाई विजयराजजीले एकमुस्ट सङ्ग्रह गर्नुभएको छ । तिनै उहाँका सिर्जनामध्येका विविध विधाका उपन्यास, कथा आदि काव्यहरूको विभिन्न विषयविशेषज्ञ विद्वान्हरूबाट विभिन्न कोणबाट समीक्षा गरिएकाले ग्रन्थको अर्को बौद्धिक एवम् साहित्यिक पठनीय पाटो यो 'समीक्षा खण्ड' हो भन्ने पङ्क्तिकारको ठम्याई छ, जुन साहित्यिक मनहरूको लागि सहज, सरल र सरस स्मृतिग्रन्थको पाटो हुन सक्छ, जुन ग्रन्थ पढेपछि पाठकलाई चाहिने, पाइने र हुनुपर्ने पक्ष हो । यस खण्डका विद्वान् समीक्षकहरू प्रा. कपिल अज्ञात, केदारनाथ खनाल, केशवप्रसाद चौलागाईं, डा. कृष्णप्रसाद सापकोटा, गणेश चालिसे, डा. टीकाराम आचार्य 'आरूणि', डी.आर. पोखरेल, डा. धनेश्वर भट्टराई, प्रा.डा. नारायणप्रसाद खनाल, डा. प्रभा कैनी, पूर्णप्रसाद अधिकारी, डा. बद्री पोख्रेल, डा. भूमिराज बस्ताकोटी, रमेश प्रभात, विनोद न्यौपाने, प्रा.डा. विष्णुप्रसाद देवकोटा, प्रा.डा. विष्णुप्रसाद पौडेल, सुरेन्द्र अस्तफल र हरिराज भट्टराईहरूबाट गरिएको समीक्षा ग्रन्थको पठनीय उत्कृष्ट सिर्जना पनि हो । साहित्यकार देवकोटाको खोजका लागि यो खण्ड एउटा उपहार साबित हुनेछ भन्ने लागेको छ ।

५) साभार तथा वैचारिक लेख खण्ड – यस खण्डमा तीन उपखण्ड छन् । जसमा समीक्षा, संस्मरण र वैचारिक रहेका छन् । (क) समीक्षा उपखण्डमा प्रा.डा. वासुदेव त्रिपाठीले लेख्नुभएको छ –'२०४४ को मदन पुरस्कार, प्रा. गोपीकृष्ण शर्माले लेख्नुभएको छ 'राजेश्वर देवकोटाका पाँच कथा', 'मायालाई साँच्चै माया गर्ने देवकोटा' लेख्नु भा'छ राम सन्जेलले, 'उपन्यासकार राजेश्वर देवकोटा' प्रा.डा. विष्णुप्रसाद पौडेललगायतका विद्वान् विषयविशेषज्ञ लेखकहरूको उच्चतम समीक्षा रहेको छ यस उपखण्डमा । (ख) संस्मरण लेख : यस उपखण्डमा रहेको छ – 'लेखनबाटै बढेको कद' लेख्नुभएको छ जयदेव भट्टराईले, प्रकाशराज देवकोटा लेख्नुहुन्छ 'राजेश्वर देवकोटा एक प्रखर' शीर्षकमा, त्यसैगरी'राजेश्वर देवकोटा सँग दुई घण्टा शीर्षक दिएर लेख्नु भा छ रामप्रसाद पन्तले । (ग) वैचारिक लेख उपखण्डमा ग्रन्थनायक बारेका विभिन्न विचारहरूको अभिव्यक्तिलाई सङ्ग्रह गरिएको छ जसमा ग्रन्थनायककै पछिल्लो अभिव्यक्ति समेतलाई सम्पादन गरिएको छ त्यसैले यस उपखण्डलाई वैचारिकसङ्ग्रह उपखण्ड भन्न पनि सकिने देखिन्छ ।

वरिष्ठ पत्रकार आदित्यमान श्रेष्ठले 'अन्तिम देन' र रोचक घिमिरेले 'आत्मीय चिन्तन' प्रस्तुत गर्नुभएको छ ।

६) संस्कृत खण्ड - यस खण्डमा मूर्धन्य साहित्यकार एवम् दार्शनिक तथा शास्त्रीय लेखक ग्रन्थनायक राजेश्वर देवकोटाका चारवटा 'जयतु संस्कृतम्' कालका समसामयिक लेखहरूलाई सङ्ग्रह गरी सम्पादन गरिएकोले यो खण्ड पनि संस्कृतका विविधसङ्ग्रह खण्ड भन्दा अत्युक्ति नहोला । जुन इतिहासको पानामा सीमित थियो सो यस ग्रन्थमा उजागर गरिएकोले संस्कृत जान्ने वा जान्दै नजान्नेका लागिसमेत उद्धरण गर्न सहायक सिद्ध हुने कुरामा कुनै सन्देह छैन । सङ्ग्रह र खोजका लागि सङ्ग्रहकर्ता र सम्पादक समूहलाई विशेष धन्यवाद भन्नै पर्दछ ।

७) यो अङ्ग्रेजी खण्ड अर्थात् 'इङ्ग्लिस सेक्सन' - यस खण्डमा ग्रन्थनायकका चार र पूर्व राजदूत डा. जयराज आचार्यको लेख यस खण्डमा सङ्गृहीत छन् । यस खण्डको रोचक र महत्त्वपूर्ण पक्ष पनाति-पनातिनी क्यारी र नील देवकोटाको 'हाम्रा जिजु हजुर बाबा' भनेर आदर्श पुरुष जिजु बुबाको दर्शन, राजनीति, विचार, लेखन आदि पक्षको प्रभाव परेकोबाट के देखिन्छ भने हाम्रो लोक बोली लोक वेदका आधारमा भन्नै मन लाग्यो-

*मूल गुणको पानी*
*कुल गुणकी नानी ।*
*मूल गुणको धारो*
*कुल गुणको छोरो ।*
*मुहान सफा भए*
*चुहान सफा हुन्छ ।*

सार्थक भएजस्तो लाग्दछ किनकि विज्ञानले २१ पुस्तासम्म पनि जीन जनाउँछ भनेको सत्य हो जस्तो लाग्दछ । त्यस्तै पनाति र पनातिनीमा त्यस्तै देखिएको छ । नानीबाबुहरूलाई कुलको प्रतिष्ठा, बाबुनानीहरूको निष्ठा कायम रहिरहोस् शुभकामना !

८) परिशिष्ट खण्ड - यस खण्डमा विविध सँगालो र ग्रन्थनायकको डा. नवराज कट्टेलद्वारा सङ्गृहीत तीनधारा संस्कृत छात्रावासको सतवार्षिकीमा आयोजित कवि सम्मेलनमा वाचित संस्कृत कविता 'मधु महिमा' कविता प्राक्कथनम्सहित र ग्रन्थनायकको अन्त्येष्टि र कमल ढकालको 'इतिहासको लागि यो पुस्तक' लेख छन् ।

ग्रन्थको अन्तमा पारिवारिक चित्रहरू समावेश गरेर प्रकाशक तथा सम्पादक

समूहले यस स्मृतिग्रन्थको ओज बढाएकोमा तारिफ गर्नै पर्दछ । यस ग्रन्थको भित्र पाठक नै पसेपछि के खुल्छ ग्रन्थ बोल्नेछ ।

अब ग्रन्थ बाहिर पनि छ भनेर माथि नै ग्रन्थनायकका सुपुत्र 'हरि सांस्कृतिक केन्द्र'का प्रमुख संरक्षक इ. ईश्वरचन्द्र देवकोटाले भनिसक्नुभएकोले ग्रन्थनायककै सिर्जना केही छँदै छन् बाहिर प्रकाशनको पर्खाइमा । त्यसैले बहुआयामिक व्यक्तित्वका धनी राजेश्वर देवकोटाबारे जसले जति खोतल्दै जान्छ उसले त्यत्ति अरू भेटाउँदै जान्छ । यो सत्य हो बहुप्रतिभाका धनी राजेश्वर शारीरिक हिसाबले जति साना थिए विविध व्यक्तित्व र प्रतिभाले उत्तिकै विशाल सागर र भण्डार पनि थिए । उनलाई बुद्धिको घैँटो, होचा कदका अग्ला मान्छे, बौद्धिक जगत्का जिरे खुर्सानी, शास्त्रीय विज्ञ, डर नभाको मान्छे, बोल्दा (भकभकाउने), अडी अडी (अऽ अऽ) भन्ने तर उनले भनेका कुरा बुझ्न कतिपय बेला बुज्रुक विद्वान्लाई पनि अकमकाउनुपर्ने, अलमलिनुपर्ने बोलीमा मात्र हैन लेखनमा पनि पाठक-अध्येतालाई कति कुरा दोहोऱ्याएर नहेरेसम्म बुझ्न कठिन हुने कुरा धेरैको मुखबाट सुनिएकै हो र यथार्थ पनि । मुलुक विधि-विधानमा चल्नुपर्छ भन्नुहुन्थ्यो । प्रधानमन्त्री मनमोहन अधिकारीको संसद् भङ्गको सिफारिस सर्वोच्चबाट बदर हुँदा व्यङ्गय गरेर 'गोरु ब्यायो' भन्नुभयो । उहाँकै भाषामा भन्ने हो भने जुनकुनै पनि देशमा शासन सञ्चालन गर्ने परिपाटी हुन्छ, चाहे पद्धति वा जे नाम दिनुस् तर त्यो परिपाटी मुलुकको अनुकूल हुनुपर्छ पञ्चायत पनि शासन सञ्चालन गर्ने एउटा परिपाटी हो भन्नुहुन्थ्यो । उहाँ उदारवादी पञ्च हुनुहुन्थ्यो तर शासनमा उहाँ कट्टर शासकको पक्षपाती त्यसैले त उहाँ कम्युनिस्ट समर्थक हुनुहुन्थ्यो तर आफू कम्युनिस्ट कहिल्यै हुनुभएन । तत्कालीन गोरखाका कम्युनिस्टका केही हकवालालाई 'राजेश्वर कम्युनिस्ट' भन्ने चलन थियो । जो कम्युनिस्ट भएको हवाला दिएर प्रशासनका खासी बन्थे तर ओत खोज्न राजेश्वरजीकैमा पुगेका हुन्थे उहाँले पनि सुनेअनुसार उहाँकहाँ पुग्ने जो कोही होस् आफैँलाई ढुङ्गा हान्ने भए पनि आएपछि गरेर हुने सहयोग सबैलाई गरेकै सुनिन्थ्यो ।

किनभने राजनीतिमा डटेर उभिने सामर्थ्य उहाँमा थियो । पङ्क्तिकारलाई स्पष्ट सम्झना छ २०२९ सालमा पुलिस हिरासतमा राखिएका होमनाथ ढकाललाई रक्सीले मातेर आएको सन्काहा एवम् हिंस्रक लालबहादुर इन्स्पेक्टरले सई केरेलाल सर्दारले छेक्दाछेक्दै पनि शनिवार विदाको दिनमा राती पिटीपिटी माऱ्यो । भोलिपल्ट बिहानैदेखि गोरखा बजार नारा-जुलुससहित विद्रोहमा उत्रियो, लाले रातमै भागेर गयो । माघ १ गते अर्थात् अघिल्लो दिन बिहानै प्रदर्नकारीसँग राजेश्वरको केही छलफल हुँदा राजेश्वरका विरोधी पञ्चहरूले यो घटनालाई नै तोडमोड गरिदिएर मासको आक्रोश राजेश्वरतिर सोझ्याए छन् । आवेशको भिडले तल्लो दरबारको

पटाङ्गिनी छेउमा आक्रमण गरेकाले करवीरको रूखनेर भत्किएको पर्खालबाट उहाँका केही संयमित मानिसका सहायताले भाग्न सफल हुनुभएछ । तर पनि सुरक्षित ठाउँमा बसेर हिंसा नभड्कियोस् भनी उहाँले घटनाको छानबिन र दोषी लालेलाई कारवाहिका निम्ति अन्चलाधीशसँग पहल गरिरहनुभएको कुरा यो पङ्क्तिकारले त्यतिखेरै सुनेको हो । प्रदर्शनको दोस्रो दिन अर्थात् भोलिपल्ट पोखराबाट डी.एस.पी. पुलामी आइपुगे, त्यही दिन अञ्चलाधीश शङ्करराज पाठक आइपुगेर मासबाट वार्ता, प्रकृति मुचुल्का र पोस्टमार्टमलगायतका सबै कामको लागि प्रतिनिधि मागे मासका तर्फबाट नारायणकुमार श्रेष्ठले पङ्क्तिकारलाई प्रतिनिधि प्रस्ताव गरे । मासले समर्थन गऱ्यो मैले पनि स्वीकार गर्दै शर्त राखेँ मलाई एक जना अदालती ज्ञान भएको मान्छे चाहिन्छ, अनि अर्को एक जना सशक्त युवा भनेपछि चन्द्रप्रसाद श्रेष्ठ (ठुलो आँगन) विचारी दिइयो (जसलाई अदालतको ज्ञान थियो) त्यसपछि मासले आफै रोज भने पछि मैले प्रेमराज पन्त गपटार प्रस्ताव गरेपछि मासले तालीले समर्थन दियो । यसरी मेरो नेतृत्वमा तीन जनाको प्रतिनिधि मण्डल गोस्वारा मुकाममा रहेका अञ्चलाधीश कहाँ गयौँ र छलफल सुरु भयो । त्यहाँ केके भए सबै यहाँ लेखिनु आवश्यक छैन तर हाम्रो सम्पूर्ण जिम्मेवारी पूरा गऱ्यौँ, अब अरू पूरै वृत्तान्त यहाँ नराखौँ, त्यसको पाटो अलग्गै छ । यहाँ प्रसङ्ग ल्याउनुको अर्थ के भने राजेश्वर आन्तरिक र बाह्य सबैतिरबाट आँखी र आक्रमित भएको व्यक्तित्व हुन् भन्नेमा यो एउटा प्रतिनिधि घटना हो । तर यस्ता कयौँ घटना छन् भन्न मात्र खोजिएको हो । त्यतिखेर पनि शङ्करराज पाठकले राजेश्वरलगायत नेताहरूले माथिसमेत कुरा पुऱ्याई सक्नुभएको छ, दोषीलाई कारवाही हुन्छ भनेर छलफलका क्रममा भनेका थिए । सी.डी.ओ.को सरुवाको क्रमले गर्दा तत्कालै नयाँ सी.डी.ओ. रामचन्द्र शर्मा पौडेल पनि आई पुग्नुभयो । कुनै पनि विषय–सन्दर्भमा गोरखामा चाहे सकारात्मक वा नकारात्मक जुन रूपमा होस्, राजेश्वरको नाम जोडीहाल्ने चलन थियो । किनकि राजेश्वर नेता मात्र थिएनन् समग्र पक्षको शिखर पुरुष थिए गोरखाको । त्यसैले नाम जोडिनुमा अनौठो मान्नुपर्ने कुनै कुरै देखिँदैन । केही वर्षअगाडि तिनै सचिव रामचन्द्रले पङ्क्तिकारसँगको भेटमा समेत राजेश्वरको व्यक्तित्व र गोरखाबारे मुक्तकण्ठले प्रशंसा गर्नुभएको थियो । किनकि यी दुवै व्यक्तित्व शास्त्रीय साहित्यका साधक पनि हुन । विकास निर्माणका दृष्टिले राजेश्वर पदमा रहँदा र नरहँदा खासै फरक थिएन, सायद राष्ट्रिय व्यक्तित्व भएकाले पनि होला पङ्क्तिकार निबेलको गाउँवेसीकै भएर पनि होला एउटा कुरा सधैँ खट्किरहन्छ – गोरखामा मोटर बाटोबारे आँबुखैरेनीदेखि निबेल वेसीसम्मको सम्भाव्यता अध्ययन भएपछि रेडियो नेपालले 'आँबुखैरेनीदेखि निर्मल वेसी (निबेल वेसी हुनुपर्ने) सम्म मोटर बाटोको सर्भे सम्पन्न भएको छ' भन्यो । सदरमुकामकालाई

यो समाचारले पोलेछ र जितबहादुर नेपालीमार्फत निबेल वेसी हैन, गोरखा बजार जोड्नुपर्छ सरकार भनियो । आखिर जनताको लागि नभै व्यापारी र सरकारी कामकाजका लागि बाटो बदलियो राजेश्वरले जनताका लागि गरिएको प्रयत्न तुहाए । उहाँ भन्नुहुन्थ्यो – सदरमुकाम त प्रशासनिक हिसाबले सरकारको योजनाभित्रै थियो नि, जनताले पाउने सुविधामा भाँजा किन हाल्नुपर्थ्यो भनेर पटकपटक भन्नुभयो । यो पनि पञ्च-पञ्चबिचको प्रपञ्च नै थियो भन्ने समीक्षकलाई जहिले पनि लागिरहन्छ ।

जनतादेखि राजासम्म, सिर्जनाका विधामा टनाटन, शास्त्राज्ञदेखि राजनीतिज्ञसम्म गोरखा मात्र नभै नेपालभरि चिरपरिचित राष्ट्र र राष्ट्रियताका अविचलित हिमायती, भौतिक रूपमा साना तर चर्का, खरा गोरखाली विज्ञ हुन् – राजेश्वर । यति हुँदाहुँदै पनि उनले आफूलाई आत्मालोचना गरी भनेका छन्, “म असफल राजनीतिज्ञ, तर कसरी ? के मुलुकको प्रधानमन्त्री बन्न नसकेका नपाएका जति सबै असफल राजनीतिज्ञ हुन् त ?” यदि उनलाई प्रधानमन्त्री हुनबाट रोकिएकैले यसो भनेका हुन् भने यो कुरामा उनी अबुरु बनेकै हुन् भन्नुपर्छ । किनभने सिंहदरबारको भित्तामा फोटो राख्न मात्र प्रधानमन्त्री बन्नेभन्दा राजेश्वर धेरै माथि छन्, त्यो इतिहास बनिसकेको छ । हैन उनीजस्ता खरा र प्रस्ट वक्ताका आत्मा आलोचित बोली हो भने उनी झन् समकालीन आत्मप्रशंसक नेताहरूभन्दा यो मानेमा दस गुना माथि छन् भनेर मान्नुपर्छ, त्यो हिम्मत गर्ने अरू नेता छैनन् । किनकि मैले यो भएर पाइन, त्यो भएर पाइन भन्नेको रोइलै-रोइलो नेपाली नेताहरूबिच पाइन्छ । तसर्थ यसरी आफैमा आफू प्रधानमन्त्री हुन असफल हुनुका कारण खोज्ने, बताउने नेता वर्तमानका नेतामा पनि छैनन् भनेर ठोकेरै भन्न सकिन्छ । अर्कोतर्फ राजा र राज संस्थाका मामिलामा राजेश्वरलाई नियालेर हेर्दा, बुझ्दा यी भनाइ तर्फबाट हेर्दा के भन्ने? ”देशको राजा हो तर राजाको देश होइन । राजालाई पनि देशको भूमि विदेशीलाई दान दिने अधिकार हुन्न ।” यो भनाइले र २००७ सालको जनक्रान्तिपछि पनि प्रधानमन्त्रीमा राणाकै उपस्थिति अनि नेपालको क्याबिनेटमा भारतको उपस्थिति जुन कुरामा वी.पी.को विरोध थियो त्यही कुरामा राजेश्वरको पनि विरोध हुँदै जाँदा विचारको विरोध बिन्दुको निशानी दुवै नेताको एउटै हुन पुगेको थियो, जसले राष्ट्रियताको मामिलामा एउटै अडान देखिन्छ जसलाई संयोग भनौँ कि अन्तरभावनाको मिलनको काकताली जे होस् दुवैको राष्ट्रिय चिन्ता नै हो ।

अर्कोतर्फ भन्नुपर्दा राजा महेन्द्रले भारतलाई २२ वटा सुरक्षा नाका दिँदा र हटाउँदा पनि २२ वटै हटाउनमा पनि राजेश्वरजस्ता कट्टर र निर्भिक राष्ट्रवादीको मत त्यतिखर जाहेर हुन सक्थ्यो कि भन्ने लाग्छ, जब लिपुलेकको चर्चा आयो त्यसमा ग्रन्थनायकको यो कडा भनाइ आएकोबाट होला कि त्यतिखेर संसद भङ्ग गरेर

राजाको सक्रियता बढाउन छिमेकी रिझाउनुपर्ने बाध्यता महेन्द्र राजालाई पनि थियो र त चार नाका जमिन हाम्रो सीमा हाम्रो; सुरक्षा भारतको गर्ने गरी दिए । भारतले टेक्न पाएपछि नछोडी बसी नै रह्यो, बसी नै रह्यो । नेपालको आन्तरिक मामिलामा खेल्न र सुरक्षार्थ मागेको जमिन पेल्न सजिलो भयो अहिलेसम्म पेली नै रह्यो ।

निर्भिक राजनीतिज्ञ थिए भन्ने कुरा जब दरबारले भ्रष्ट्राचार काण्डमा डी.वी. लामा र भरत गुरुङलाई गिरफ्तार गऱ्यो तब भने "खोरमा धेरै खसी-बोका पालिएको थियो दसैँ आयो, खोरबाट दुई-चारवटा थुतेर काटियो र दसैँ मानियो । यो कौन सा ठुलो कुरा भो र ?" त्यो बेला बलियो तस्करी दरबारियाकै ईशारामा चल्थ्यो । दरबारियाबाटै परिचालित मान्छेहरू समातिएका पनि थिए । त्यसैले यसरी खरो रूपमा भन्नसक्नु सानो मुटुले सक्ने कुरै थिएन । त्यही भएर यिनलाई 'मुटु नभएको मान्छे' पनि भन्थे । २०२३ सालको डी.आइ.जी. नारायणसिंह काण्डमा विरोधका वावजुद प्रदर्शनकारी भएको ठाउँ पुग्नु र आक्रमणको परवाह नगर्नु अनि तिनै प्रदर्शनकारीलाई निर्भिकतापूर्वक सम्बोधन गर्नु (जहाँ पङ्क्तिकार स्वयम उपस्थित थियो) । २०४६ सालपछि गोरखामा साङ्घातिक हमलाको समेत परवाह नगरी जनतामाऊ जाने हिम्मत राख्नुजस्ता कुराले एउटा राजनीतिज्ञको हिम्मतको प्रदर्शन र आँट जनाउँछ, जुन राजेश्वरमा थियो । अहिले सरकारमा बस्ने लस्कर लिएर हिँड्छन् अनि कसरी दाँजी हेर्ने, दजाँउने ? नेता भएका पनि गइसके अहिलेकाले राजेश्वरको काँधमा रथै पुऱ्याउन सक्दैनन् अनि प्रचलित उखान भनूँभनूँ लाग्ने 'कताको भगवान् रामचन्द्र, कताको रिट्ठे भँडारी" भनेर टिप्पणी गर्नेहरूलाई खै के भन्ने ?

हामीले जनस्तरबाट २०६८ सालमा पृथ्वीजयन्ती तथा एकता दिवस मनाउने क्रममा सिंहदरबारअगाडि पृथ्वीको सालिकमा माल्यार्पण र सम्बोधन मञ्च बनाई कार्यक्रम गर्दा राजेश्वरजीलाई सम्बोधन गर्न आउनुभन्दा "म यहीँबाट सुन्छु" भन्नुभयो, मञ्चमा जानुभएन । श्रोता बनेर बस्नुभो तर भू.पू. प्रधानमन्त्री कीर्तिनिधि विष्टजीले मञ्च माग्नुभयो । मैले अध्यक्ष मोदनाथ प्रश्रित र संयोजक डा. रमेश ढुङ्गेलजीसँग सल्लाह गरेर सम्बोधन गर्न दिएका थियौँ । कुरा के हो भने राजेश्वरमा यस्ता विषयमा पनि आफ्नै मौलिकता, आत्मसम्मानको पारा पनि थियो । उहाँ सस्तो लोकप्रियता लिने मामिलामा कहिल्यै लाग्नुभएन अर्कोतिर आफूले चुनेको र ठम्याएको मार्गमा कत्ति पनि विचलित हुनुभएन । 'उहाँ कहाँ ? जहाँको तहाँ' आफ्नै अक्ष र कक्षमा । सायद यो पनि एउटा कारण होला - उहाँलाई प्रधानमन्त्री हुन नदिनुको । चाकडी नबजाए हजुर नभजाए दरबारले कसैलाई पनि नजिक देख्दैनथ्यो ।

तैपनि गोरखालीले प्रधानमन्त्री बनाउन हलो जोत्ने, छाता ओड्ने भनी दिएको अत्यधिक मतदान, केन्द्रमा सूर्यबहादुर थापाले समेत समर्थन गरेर तयारी

गर्दा दरखास्त हाल्न जाने बेलामा दरबारियाको धम्कीबाट रोकिनुहुँदा उहाँलाई प्रधानमन्त्रीका लागि सहयोग गर्ने समूह मात्र हैन तमाम गोरखाली र निष्पक्ष नेपाली सबैको मन कुँडियो । गोरखालाई वञ्चित गरिएकोबाट राजाको आडमा दरबारबाट चलेको शासन छर्लङ्ग भो, मरीचमान श्रेष्ठ प्रधानमन्त्री बनाइए । राजेश्वर दरखास्त दिन जानबाटै वञ्चित गरिए सायद यसैले होला "सफल भनौँ, कि असफल भनौँ ?" भनेर दोधारीका अभिव्यक्ति दिनुभएको । यहाँनेर घरबाटै नजानुको पछाडिका कारण भने न उहाँले, न वीरेन्द्र पोखरेल, न त सूर्यबहादुरले नै अहिलेसम्म कसैले पनि नखोलीकनै गए । सुनियो हल्लाको मात्र तर यथार्थमा दरबारियाले खास के भनेर रोके भनिएन, खुलेन । कट्टर राष्ट्रवादी राजावादी हुँदाहुँदै पनि, क्षमतावान् हुँदाहुँदै पनि प्रधानमन्त्री हुन नपाएका, रोकिएका र नदिइएका पञ्चहरूमा केवल राजेश्वर मात्र हुन भन्दा अतिशयोक्ति नहोला । यसै सिलसिलामा जुम आधुनिक प्रविधिबाट अन्तर्राष्ट्रिय अन्तरक्रिया कार्यक्रमका सहभागी विशिष्ट व्यक्तिहरूले राजेश्वरको व्यक्तित्वबारे टिप्पणी गर्दा साहित्यमा राजेश्वर सरस्वती र राष्ट्रियतामा राजासँगसमेत आफ्नो तर्क र विचार राख्न सक्ने दह्रो व्यक्तित्व भएकाले नेहरूको चिट्ठीमा दरबार बैठक हुँदा पनि राजालाई त्यतिखेर रोक्न राय दिन सक्नुहुन्थ्यो होला भनेर प्रा.डा. पिताम्बर दाहाल र प्रा. मोहन सिटौलाबारे खेमराज पोखरेलले बताउनुभएको छ । त्यसैगरी प्रत्रकार तथा विश्लेषक प्रा. पुरुषोत्तम दाहाल भन्नुहुन्छ, "समकालीन राजनीतिक नेताहरूमा राजेश्वर कट्टर राष्ट्रवादी र साहित्यमा प्रखर व्यक्तित्व हुनुहुन्थ्यो ।

राजेश्वरबारे नकारात्मक टिप्पणी गर्नेको पनि कमी छैन । एकपटक उहाँसँग गोरखाका प्रतिनिधिहरूसँगको भेटमा राष्ट्रिय पञ्चायत अध्यक्ष छँदा "गोरखाको चौतर्फी उन्नतिमा हेर्नुपर्‍यो" भन्दा "मैले यतिखेर गोरखा मात्र हेरेर हुँदैन, मुलुकभरि (मेची–महाकाली) हेर्नुपर्छ" भन्ने जवाफ दिनुभयो ।"अब भोट पनि मेची–महाकालीले देओस्" भनेर चौतर्फी विरोधका स्वर सुनियो र त्यसपछिको चुनावमा हराए पनि तर २०४२ सालको निर्वाचनमा आउँदा बुझ्छन् - अध्यक्ष साझा पद हो, रापंस गोरखाको अर्थात् आफ्नो क्षेत्रको मात्र अनि भने, "छाता ओढ्ने हलो जोत्ने" गरे पनि मत दिए पनि । कहिलेकाहीँ त्यस्तै कतिपय गलत बुझाइले र बोलाइले पनि धोका दिन्छ भन्ने सिद्ध भयो ।

समग्रमा भन्नुपर्दा पुस्तकभित्र दिग्गज विद्वान्हरूबाट लेखिएका विभिन्न विधाका लेखहरू पढे थाहा हुने हुनाले नलेखिएका केही गाउवेसीमा राजेश्वरको पिँढी चर्चा थोरै कोट्याउने जमर्को मात्र गरिएको हो भन्ने कुरा पङ्क्तिकार सादर निवेदन गर्दछ । प्रकाशकीय तीन बाहेकको ८९ जना लेखकमा केवल आठ जना मात्र नारी जगत्का लेखक हुनुले प्रतिशत मात्र न्यून, अति न्यून हैन के शिक्षामा देवकोटा

परिवारका नारी अहिले पनि पछाडि नै छन् ? भन्ने प्रश्न उब्जायो, जुन नहुनुपर्थ्यो, अर्कोतिर संस्कृतदेखि आधुनिक प्राविधिक शिक्षामा समेत चर्चित परिवारलाई अहिले भन्ने गरेको आधा आकासमा किन यस ग्रन्थमा बादल लाग्यो ? भन्ने प्रश्न उब्जिदा आफैमा खसखस लागिरहेको छ, किन–किन ?

नेपालको साहित्यिक फाँटका चम्किला र अविश्रान्त साहित्य साधक एवम् दार्शनिक शास्त्रीय लेखकका रूपमा किशोरवयदेखि छयासीका बृद्धवयसम्म अर्थात् मृत्युसम्म अनवरत साहित्य र दर्शनमा कलम चलाउने राजेश्वर देवकोटा जत्तिकै सर्जक पाउन दुर्लभ छ । यस्ता बहुआयामिक व्यक्तित्व एवम् राजनीतिज्ञप्रति कलम चलाउनै पनि सामर्थ्य चाहिन्छ भन्ने लाग्दछ ।

यो **राजेश्वर स्मृतिग्रन्थ**को सम्पादन सङ्गठन हेर्दा नवीनतम सम्पादन भन्न यो पङ्क्तिकार रुचाउँछ । जसरी खण्डका तरेली गरागरा सबै मिलाएर सुधार गरी ग्रन्थ तयार भयो तर त्यो ग्रन्थनायकको साहित्यिक ब्याड 'हरि सांस्कृतिक केन्द्र'को गतिविधि पनि यसैमा पुछारतिर पाठकले पढ्न पाएको भए सेतो गलामा पहेँलो गले/कण्ठे तिलहरी बनी कति सुहाउँथ्यो होला ! भन्ने यो शब्द र वाक्यको कुरौटेलाई कताकता एकमनको कुनामा लागि नै रह्यो तर के गर्नु र लगन छोपिसकियो तथापि यो बृहत् स्मृतिग्रन्थमा ग्रन्थनायकको फोटोको पुछारमा जन्म र मृत्युको तिथि त दस्तुर हो नि हैन र ? ए, होला–होला प्रिन्ट मिस्टेक भो'कि, छुट्यो त्यो पनि जे होस् भैगो चित्त नदुःखोस् । एकदुई छेडा त समीक्षकको धर्म नै होलाजस्तो लाग्छ तर पनि स्मृतिग्रन्थ ओजपूर्ण छ । राजेश्वरभित्रको राजेश्वर र बाहिरको राजेश्वर खोज्न र बुझ्न ग्रन्थ अवश्य सहायकसिद्ध हुनेछ भन्नेमा कुनै शङ्का छैन त्यसैले पुनः एकपटक प्रधान सम्पादक केदारनाथ खनालगायतको सम्पादन समूह, प्रकाशक एवम् हरि सांस्कृतिक केन्द्रका प्रमुख संरक्षक इं ईश्वरचन्द्र देवकोटाजीलगायत लेखक सबैलाई हार्दिक धन्यवाद दिनु नै पर्छ दिन्छु ।

अन्तमा २०७२ साल श्रावण २५ गते महाप्रस्थान गर्नुभएका ग्रन्थनायक श्रद्धेय बहुआयामिक व्यक्तित्वका धनी राजेश्वर देवकोटाप्रति हार्दिक शब्द श्रद्धाञ्जली अर्पण गर्दै कनीकुथी बुनेको शाब्दिक समीक्षाको कुशाऽसन (चकटी) को बिट यहीँ मार्दछु ।

धन्यवाद ! जय राष्ट्रवाद !!

❐

**नैतिक दृष्टान्तः**

कसैको लोकमा छैन, एकैनास समुन्नति
अरूको के कुरा हेर, सन्ध्यामा सूर्यको गति । –कविशिरोमणि लेखनाथ पौड्याल

# लिगलिग पण्डित गाउँ : सङ्क्षिप्त चिनारी





❑ *सुभाषचन्द्र देवकोटा **

*शिशिर देवकोटा ***

**गोरखा लिगलिगमा देवकोटाहरू**

'पण्डित गाउँ' देवकोटाहरूले बसोबास गर्दै आएको करिब ५०० वर्ष पुरानो गाउँ हो, जुन हालको गोरखा जिल्ला, पालुङटार नगरपालिकाअन्तर्गत वडा नम्बर ३ र ४ मा अवस्थित छ । पण्डित गाउँ दक्षिणतर्फ पौड्याल गाउँ, सिमलखर्कसँग जोडिएको छ, उत्तरतर्फ श्रेष्ठ थरका नेवार तथा विश्वकर्मा, सार्की, परियारहरू बसोबास गर्ने गाउँहरूसँग जोडिएको छ । त्यसैगरी पश्चिम र पूर्वतर्फ क्रमशः मालतीगैरा र फलामखानी, बुढीचौर गाउँहरूसँग जोडिएको छ । यहाँ बसोबास गर्ने बासिन्दाहरू विहेका जन्ती र मर्दाका मलामी भनेजस्तै वर्षौंदेखि एकआपसमा भाइचारा सम्बन्ध कायम गर्दै आएका छन् । मेलापात, चाडबाड, सामाजिक तथा सांस्कृतिक परम्परामा एकजुट हुँदै आएका छन् ।

गोरखा जिल्लामा भारतद्वाज गोत्रीय देवकोटाहरूले बसोबास गरेको पण्डित गाउँ मात्र एउटा गाउँ भने होइन । मुख्य गरी लिगलिग पहाडको सानिध्यमा पण्डित गाउँ, राउटेपानी, माल्ती गैह्रा, लुइँटेल, सिम्पानी, सुन्तले आदि देवकोटाहरूले बसोबास गर्दै आएका प्रमुख गाउँहरू हुन् । भच्चेकको नजिक मुच्चोकमा पनि देवकोटाहरूको बाक्लै बसोबास छ । जो जहाँ बसे पनि देवकोटाहरूले आफ्नो सामाजिक, सांस्कृतिक परम्पराहरू मान्दै धान्दै आएका छन् । एकआपसमा भाइचाराको सम्बन्धलाई मजबुत बनाएका छन् ।

मर्स्याङ्दी र चेपे नदीको सङ्गम स्थलसँगै चुलिएको लिगलिग पहाड छ । त्यस पहाडको टुप्पोमा ऐतिहासिक लिगलिगकोट छ । जहाँबाट पहिला घलेमगर राजाहरूले लिगलिगको राज्य शासन सञ्चालन गर्दथे । घलेमगर राजाहरूलाई हराएर त्यही स्थानबाट द्रव्यशाहले गोरखा राज्यको श्रीगणेश गरेका हुन् । पछि त्यहीँबाट बिस्तारितभई बृहत् नेपाल राज्य बन्यो । तसर्थ, लिगलिग आजको बृहत् नेपालको उद्गम स्थल भएको कारणले पनि यसको ऐतिहासिक महत्त्व ठुलो छ ।

लिगलिग पहाडको दक्षिणतर्फको पाखामा समुद्र सतहदेखि करिब ९६० मिटर

उचाइमा गुजुमुज्ज भएर बसेको देवकोटाहरूको एउटा बस्ती छ, त्यही बस्ती आज पण्डित गाउँ भनेर चिनिन्छ। यो गाउँ प्राकृतिक हिसाबले पनि सुन्दर र मनमोहक छ।

पश्चिममा चेपे र मर्स्याङ्दी नदी, पूर्वतिर दरौँदी नदीको जलाधार क्षेत्र जसले लिगलिग पहाड र यसका वरिपरिका क्षेत्रहरूलाई हरियाली र उर्वर बनाएका छन्। त्यसैगरी उत्तरतर्फ अन्नपूर्ण हिमाल, गणेश हिमाल, मनास्लु हिमाल, सिरानचोक पहाड, पूर्वमा गोरखा पहाड, दक्षिणतिर महाभारतलेक, देवकोट भञ्ज्याङ अलिपर आमने सामुन्ने उभिएका मनकामना र छिम्केश्वरी लेक पण्डित गाउँबाट देखिने प्राकृतिक सुन्दरताका अनुपम उपहारहरू हुन्।

**पण्डितगाउँका देवकोटाहरूको पुर्ख्यौली थलो**

देवकोटाहरू आफूलाई कान्यकुब्ज मान्दछन्। कसै कसैले भारतको कन्नौजबाट नेपाल आएर बसोबास गरेका हुदाँ कान्यकुब्ज कहलाइएका हुन् पनि भनेका छन्। नेपालमा देवकोटाहरू पश्चिम अछामबाट पूर्वतर्फ फैलिएका हुन् भन्ने कुरामा भने कुनै दुविधा छैन। अछाममा देवकोट भन्ने ठाउँ छ। त्यही देवकोट भन्ने स्थानमा बसोबास गरेको कारण देवकोटा कहलाइएका भारतद्वाज गोत्रीय देवकोटाहरू कालान्तरमा स्थानान्तरण हुँदै पूर्वतर्फ लागेका थिए।

आज पनि अछाम, जुम्ला सल्यान, रुकुम, दैलेख, सुर्खेत, कास्की, गोरखा, काठमाडौँ, सिन्धुली जिल्लामा ठुलो सङ्ख्यामा देवकोटाहरूको बसोबास छ। छिटपुट रूपमा भने देशैभरि देवकोटाहरूले बसोबास गरेको भेटिन्छ।

अछामबाट पूर्वर्त्क लागेका केही देवकोटाहरूको एउटा हाँगो जुम्लाको चन्दननाथ मन्दिरको नजिक तिलाकर्णाली नदीको किनारमा बसोबास गर्न थाले। देवकोटाहरूले बसोबास गरेको त्यो ठाउँलाई आज पनि बोहरा गाउँको नामले चिनिन्छ। जुम्लाको बोहरागाउँमा बसोबास गर्दै गर्दा वि.सं. १५१९ ताका तत्कालीन जुम्लाका राजाले सुदर्शन देवकोटालाई राजदूत बनाएर गोरखा पठाएका थिए भन्ने भनाइ छ। यिनै सुदर्शनको गोरखा आगमनसँगै गोरखामा देवकोटाहरूको बसोबास सुरु भएको हो। सुदर्शन गोरखा आउँदा साथमा साने नाम गरेका आफ्ना भाइलाई पनि सँगै ल्याएका थिए। यस तथ्यलाई दृष्टिगत गर्दा गोरखाका देवकोटाहरूको मूलहाँगो सुदर्शन र साने नै थिए भन्न सकिन्छ।

सानेका तर्फका सन्तानहरू क्रमशः आजको राउतेपानी, खरबारी, सिमलखर्कमा बसोबास गर्ने देवकोटाहरू हुन् भन्ने भनाइ छ। त्यसैगरी सुदर्शनतर्फका सन्तानहरू लिगलिगकोट मुन्तिर बोहरा गाउँमा बसोबास गर्दै पछि हालको पण्डित

गाउँ भन्ने ठाउँमा सरेका थिए । आज बोहरागाउँ अवस्थित गाउँबारीमा त्यसबेलाका रुख विरुवाहरू भेट्न सकिन्छ भने केही वर्ष अघिसम्म घरगोठका खण्डहरू देख्न सकिन्थ्यो । बारी खन्दा पुराना माटाका भाडाकुडाहरू पाइन्थे ।

बोहरा गाउँमा बस्ने सुदर्शनतर्फका सन्तानहरू परम्परादेखि नै भारतको काशीसम्म पुगेर अध्ययन गर्ने, गुरुकुलमा बसेर पढ्ने, पढाउने, कथा-पुराण वाचन गर्ने, पण्डित्याइँ गर्ने भएको कारण उनीहरूले बसोबास गर्ने गाउँलाई पछि गएर **पण्डित गाउँ** भनेर मान्छेहरूले चिन्न थाले । पण्डित गाउँका पण्डितहरू एक-आपसमा संस्कृतमा नै बोलचाल गर्दथे पछि काठमाडौँमा दरबार हाइस्कुल, संस्कृत पाठशालाहरू खुलेपछि काशी गएर पढ्ने परम्पराको पनि क्रमशः अन्त भयो । यसैगरी पण्डित गाउँका पण्डितहरूले सञ्चालन गर्ने गुरुकुलका पाठशालाहरू पनि बन्द भए । २००७ सात सालपछि त गाउँगाउँमा स्कुलहरू खुल्न थाले, अङ्ग्रेजी पढाइको सुरुवातसँगै पण्डितका छोरानातिहरूले पनि अङ्ग्रेजी पढ्न थाले । पण्डित गाउँका पण्डितका छोरानातिहरूले अङ्ग्रेजी पढ्न थालेपछि कथा, पुराण वाचन गर्ने, पण्डित्याइँ गर्ने काममा पनि विश्राम लाग्यो । पण्डित गाउँबाट वैदेसिक रोजगारका लागि भारतको कलकत्तामा अवस्थित टाटा कम्पनीमा काम गर्न जाने हाम्रो हजुरबा पुस्ता पनि थियो तर त्यसको सङ्ख्या ज्यादै न्यून थियो । यसरी वैदेशिक रोजगारमा टाटा कम्पनीमा जागिर गर्न जानेहरूमा यज्ञप्रसाद, होमनाथ र टेकनाथहरू थिए ।

## सुदर्शनको साहसपूर्ण गोरखा यात्रा

आजभन्दा करिब ५०० वर्षअघि जुम्लाको बोहरा गाउँबाट सुदर्शन देवकोटाले पहिलोपटक गोरखाको लिगलिगमा पाइला टेकेका थिए । त्यस बेला जुम्लाबाट लिगलिगसम्म आइपुग्नु कम हिम्मतिलो र साहसको कुरा थिएन ।

यो सुदर्शन देवकोटाको दुस्साहसी यात्रा थियो । सुदर्शनका साथ उनका भाइ साने पनि सँगै आएका थिए । उनीहरूका साथ अरू को को आएका थिए भन्ने कुरा कतै पनि उल्लेख गरिएको पाइएको छैन । जुम्लाबाट राजकीय भूमिकामा लिगलिग आएका सुदर्शनको साथमा निश्चय पनि एउटा ठुलै समूह आएको हुनुपर्दछ भन्ने अनुमान चाहिँ गर्न सकिन्छ । उनको साथमा सामलतुमल, लत्ताकपडा बोक्ने भरियाहरू थिए होलान्, खाना पकाउने भान्छेहरू थिए होलान्, दाउरा-पानी गर्ने दाउरेहरू थिए होलान्, बज्यैहरू तथा केटाकेटीहरूको स्याहार-सुसार गर्न सुसारे र डोलोहरू थिए होलान्, निश्चय नै सुदर्शन बाजेहरू घोडामा आएका थिए होलान् तसर्थ घोडा हेरचाह गर्ने सयसहरू थिए होलान्, लामो यात्रा भएको हुँदा विरामी पर्दा औषधिमूलो गर्ने

वैद्य थिए होलान्, लामो यात्रा जङ्गलको बाटो भएर गर्नुपर्ने हुँदा सुरक्षाका लागि केही बलिया मान्छेहरू थिए होलान् । यी कुराहरूको सहज अनुमान लगाउन सकिन्छ तर ती मान्छेहरूको बारेमा र लिगलिगमा तिनीहरूको बसोबासको व्यवस्था कसरी गरियो भन्नेबारे अभिलेख भेटिएको छैन । ठुलाठुला नदीहरूका जङ्घार तर्दै, ठुलाठुला वन-जङ्गलहरू छिचोल्दै हिंस्रक जङ्गली जनावरहरूसँग बच्दै यति लामो यात्रमा निस्केका सुदर्शनलाई जुम्लाबाट लिगलिगसम्म आइपुग्न कति महिना लाग्यो होला ? त्यति टाडाबाट महिनौँ लगाएर लिगलिगसम्म आइपुगेको पहिलो दिन सुदर्शनले कस्तो अनुभव गरे होलान् ? भाषाको समस्या पनि पर्‍यो होला । जुम्लामा नै बिछोडिएका आफ्ना दाजुभाइ, नातागोता र आफन्तीहरू सम्झेर सुदर्शको मन व्याकुल भएको थियो होला । सबै कुरा आज हामी अनुमान पनि गर्न सक्दैनौँ तर पनि हाम्रा पुर्खाको यो रोमान्चकारी, दुस्साहसपूर्ण इतिहासबाट आज सम्पूर्ण देवकोटाहरू वशीभूत र गौरवान्वित छौँ ।

धेरै वर्षपहिले स्व. उमानाथ देवकोटाले सुदर्शन देवकोटाबारेमा भनेको कुरा आज पनि हाम्रो स्मरणमा ताजै छ । उहाँको भनाइअनुसार सुदर्शनले जुम्लाबाट लिगलिग प्रस्थान गर्दा साथमा चार वस्तुहरू कुल देवताको केही अंश, केही पोका विभिन्न अन्नका बीउ, एक अन्जुली जुम्ला बोहरागाउँको पवित्र माटो र आफूले बिहान-बेलुका पाठ गर्ने धार्मिक पुस्तक गीता थिए ।

राजदूत सुदर्शन केही दिन तत्कालीन लिगलिग दरबारमा पाहुनाको रूपमा बसे । लिगलिगको रहनसहन बस्तुस्थिति राम्रोसँग बुझे । त्यसैबिच पानीको निकास, वनपखेरा, खेतीपाती र बसोबासका लागि उपयुक्त घडेरीको खोजी भयो । लिगलिग कोटको फेदीमा मगरहरूको खोल्ली गाउँभन्दा दक्षिण-पूर्वतिर फराकिलो पाटा परेको ठाउँलाई सुदर्शनले आफ्नो बसोबासका लागि उपयुक्त ठाने ।

वैसाख पूर्णिमाको दिन घरको जग हाल्ने उपयुक्त साइत रोजियो । त्यस दिन कुलायनको पूजा सम्पन्न गरेपछि सुदर्शनले घरको जग खन्न लगाए । जगमा जुम्ला बोहरा गाउँबाट ल्याएको माटो मिसाएर पितृको स्मरण गरेर जगको पूजा सम्पन्न गरे अनि आफ्ना पुर्खाको स्मरण र जुम्ला बोहरा गाउँको स्मरण गर्दै आफूले नयाँ बसोबास गर्ने लिगलिगको ठाउँलाई 'बोहरा गाउँ' नामकारण गरे । जुम्लाबाट ल्याएको कुलायनको प्रतीक ध्वजालाई घरभित्र पवित्र स्थानमा स्थापना गरे साथै जुम्लाबाट सँगै ल्याएका अन्नपातका बीउ-बीजनलाई मौसमअनुसार बारीमा छर्ने व्यवस्था गरे भने लिगलिग बोहरा गाउँमा घरको जग हालेको दिन अर्थात् वैशाख पूर्णिमाका दिन हरेक वर्ष कुल उत्सवको रूपमा गाईको गोठमा कुलदेवताको पूजा गर्ने

प्रचलनको समेत शुभारम्भ गरे । पण्डित गाउँका देवकोटाहरू आज पनि हरेक वर्ष वैशाख पूर्णिमाका दिन गाईको गोठमा कुल देवताको पूजा गर्ने गर्दछन् । देवकोटाहरू कुलदेवताको रूपमा परम्परादेखि नै ध्वजालाई पूजा गर्दै आएका छन् । कुलायनको पूजामा वलि चड्दैन ।

यसरी जुम्लाको बोहरा गाउँबाट आएका सुदर्शनले लिगलिग गोरखामा अर्को बोहरा गाउँ स्थापना गरेका थिए । पण्डित गाउँमा बसोबास गर्ने देवकोटाहरू जुम्ला राज्यको राजदूतको रूपमा लिगलिग आएका सुदर्शन देवकोटालाई आफ्नो आदिपुरुषको रूपमा पूज्दै आएका छन् ।

**महाकवि देवकोटाको पण्डित गाउँसँग सम्बन्ध**

लक्ष्मीप्रसाद देवकोटा डिल्लीबजार थटुनटी टोलमा जन्मेका थिए । उनका पुर्खा गोरखा लिगलिगका सुदर्शन देवकोटाकै सन्तान थिए । शरदचन्द्र शर्मा भट्टराईले **ओझेलमा परेकाहरू** शीर्षकको पुस्तकमा महाकविका देवकोटाका पुर्खा गोरखा, लिगलिगबाट काठमाडौँ आएको कुरा उल्लेख गरेका छन् । उक्त पुस्तकमा उल्लेख भएअनुसार काठमाडौँमा बसोबास गर्ने देवकोटा परिवारको मूलपुर्खा बलभद्र देवकोटाका छोरा विद्याधर हुन् । विद्याधर पृथ्वीनारायण सँगसँगै गोरखा लिगलिगबाट गएर भोटाहिटीमा बस्न थालेका थिए । उनको ठुलो परिवार बस्ने घर 'भोटाहिटीको सातचोके देवकोटाको घर'का नामले प्रख्यात थियो ।

विद्याधरका दुई पत्नीमध्ये जेठीपट्टिका चार छोरामध्ये कान्छा छोरा जगतमणि थिए भने जगतमणिका कान्छा छोरा चन्द्रदत्तका जेठा छोरा हुन् तिलमाधव देवकोटा (१९०९-१९९२) (पृ. ४६) । लक्ष्मीप्रसाद तिनै तिलमाधवका साहिँला छोरा हुन् ।

गोरखाका देवकोटा थरी पण्डित खलकको एउटा हाँगो गोरखा दरबारमा लेखन-पठनका काममा सामेल थियो । नयाँ कोट (दुर्ग) हान्नुअघि जेठी तरबारको पूजापाठ र मन्त्रोच्चारण मनकामनाका मगर र लिगलिगे देवकोटाहरूबाट गराइन्थ्यो भनेर स्वनामधन्य राजेश्वर देवकोटाले आफ्नो परिवारमा चलेको श्रुतिस्मृति यादव देवकोटालाई २०६९ साल मङ्सिर २६ गते रेकर्डेड कुराकानी क्रममा बताउनुभएको थियो । दरबारसँगको त्यही लहरो समात्दै विद्याधर पृथ्वीनारायण सँगसँगै काठमाडौँ आइपुगेका हुँदा हुन् ।

प्रसङ्गवश, **गोरखापत्र**का पहिलो सम्पादक साधुराम देवकोटा तिनै विद्याधरका कान्छीपट्टिका चार छोरामध्ये साहिँला छोरा दुर्गादत्तका जेठा छोरा रविनाथका माहिला छोरा हुन् (भट्टराई, उही, पृ. ४६) । पण्डित परिवारका लक्ष्मीप्रसादका पिता तिलमाधव

देवकोटा पनि पण्डित्याइँ गर्थे । लेखापढी उनको पण्डित्याइँको हिस्सा थियो । छोराछोरी पढेर हुर्कंदै गर्दा आफूले उतार्नुपर्ने लेखन टिपोटहरू उनी छोराहरूलाई लेखाउँथे । त्यहीक्रममा लक्ष्मीप्रसादको अतिरिक्त लेखनीमा सम्मोहन बसेको र त्यही लेखन प्रकारान्तरले रचनात्मक सिर्जनाको मार्गतिर उनलाई डोहोर्‍याउने अभिप्रेरणा बनेको देखिन्छ ।

**पण्डित गाउँका देवकोटाहरूको अराध्यदेवी 'जयन्ती देवी'**

पण्डित गाउँको पुछारमा जयन्ती देवीथान छ । जुन देवीथान त्यहाँ बसोबास गर्ने सबै जातजातिहरूको लागि उत्तिकै सांस्कृतिक र धार्मिक महत्त्वको छ । चौबिसै घण्टा खुलारहने देवीथानमा विशेष पर्वमा पूजाआजा गरिन्छ । देवीथानमा कुनै मूर्ति छैन । जमिनमा गाडिएको शिलालाई नै जयन्ती देवीको रूप मानेर पुज्ने गरिन्छ । विद्याकी देवी जयन्ती देवी भएकाले कुनै पनि वालवालिकाहरूले पूजा गरेर अक्षराम्भ गर्दा पढ्न आउँछ भन्ने भनाइ छ । साथै देवीथानमा पूजा गर्नाले मनोकामना पनि पुरा हुने विश्वास गरिन्छ । जयन्ती देवीकामा सामान्य वलि पनि चल्छ तर विद्या र बुद्धिकी देवीको रूपमा पुजिएकी हुदाँ वलिलाई प्रोत्साहन दिइँदैन ।

**जयन्ती देवी उत्पत्तिको रोचक प्रसङ्ग**

सुदर्शन देवकोटाका केही पुस्ता (करिब सातौँ पुस्ता) का नन्दु र लक्ष्मण दुई भाइ छोरा भए । नन्दु पढेका विद्वान् थिए भने लक्ष्मण अनपढ भएकोले खेतीपाती गर्ने तथा गाईगोठ सह्माल्ने काम गर्दथे । नपढेको गवाँर गोठालो भनेर भाउजूले लक्ष्मणलाई पटकपटक होच्याउँथिन्, हेप्थिन् । भाउजूको हेपाइ र हेलाबाट आजित भएका लक्ष्मण एक दिन काशीमा पढ्न जाने र पढेर दाजुजस्तै विद्वान् पण्डित भएर फर्किने अठोट गरेर मध्यरातमा कसैलाई थाहा नदिई घरबाट केही सामलतुमलको सानो कुटुरो बोकेर निस्किन्छन् ।

मनभरि चिन्ता तर पढेर ठुलो मान्छे बन्ने अठोटका साथ घर छोडेर हिँडेका लक्ष्मण घरबाट दक्षिणतर्फ लाग्दछन् । अहिले जयन्ती देवीको थान भएको ठाउँ नजिक ओर्लने गौँडामा आइपुग्छन् । त्यस बेला त्यो ठाउँमा मान्छेहरूले बसोबास गर्दैनथे । चिलाउने र कटुसका जङ्गल (झाडी) थियो । जब लक्ष्मण तल ओर्लने गौँडामा के पाइला हाल्न आँटेका थिए उनले नजिकै समस्थलीमा कुनै आइमाईको आवाज सुने । जसले "पख् लक्ष्मण, पख् लक्ष्मण" भनेर इसाराले डाकिरहेकी थिइन् । लक्ष्मणले साक्षत् देवी प्रकट भएको देखे । उनी किंकर्तव्यविमुढ भए । उनको पाइला

आफै टक्क रोकिए । देवीले लक्ष्मणको हात समातिन् र भनिन्, "लक्ष्मण ! म तिम्रो मनको चिन्ता र तिमीले लिएको अठोट राम्रोसँग जान्दछु । तिमीलाई तिम्री भाउजूले अनपढ, गवाँर भनेर हरेक दिन हियाउने, हेला गर्ने गरेको पनि राम्ररी थाह छ । तिमी इमान्दार र सोझा छौँ काममा लगनशील र निष्ठावान् पनि छौ । म तिमीलाई अहिल्यै आशीर्वाद दिन्छु - तिमी पढ्नको लागि काशी जानुपर्दैन । मेरो आर्शीवादले तिमीमा सरस्वतीको बास बस्नेछ र तिमी घर मै बसेर स्वअध्ययनबाटै प्रसिद्ध पण्डित हुनेछौ, साथै अब तिम्रा सन्तान-दरसन्तानहरू शिक्षाको ज्योतिले प्रज्ज्वलित हुनेछन् र आफ्नो नाम राख्ने छन् ।" यति भनेर देवी अन्तर्ध्यान भइन् । त्यसपछि काशी पढ्न जान हिँडेका लक्ष्मण पनि घर फर्किए । भनिन्छ त्यसपछि लक्ष्मण स्वाध्ययनबाट विद्वत्ता प्राप्त गरे र पण्डितका रूपमा प्रख्यात भए । देवी प्रकट र अन्तर्ध्यान भएको शिलालाई 'जयन्तीदेवी'को नाम दिएर देवीस्थानको रूपमा लक्ष्मणले स्थापना गरे । जुन देवीस्थानमा आजपर्यन्त पण्डित गाउँका देवकोटाहरूले आराध्यदेवी रूपमा पुज्दै आएका छन् ।

भनिन्छ देवीको स्थान स्थापनापछि लक्ष्मणले आफ्नो परिवार गाउँबारीको केही तल देवीस्थानको नजिक अहिलेको पण्डित गाउँमा सारे र त्यहीँ बसोबास गर्न सुरु गरे । देवीको प्रतापले गर्दा नै पण्डित गाउँका देवकोटाहरू राजनीति, प्रशासनिक, प्राविधिक क्षेत्रमा प्रखर भएर निस्किएका हुन् । सबैजसो देवीथान तथा देवताको मन्दिरहरू प्रायःजसो गाउँभन्दा माथि अग्लो ठाउमा पाइन्छन् तर जयन्ती देवीको थान पण्डित गाउँको पुछारमा बाटोको तल ओर्लने गौँडा नजिक छ ।

**पण्डित गाउँको रहनसहन**

अत्यन्तै पहारिलो पाटापरेको पूर्वी मोहडा गरेको मनकामना, गोरखनाथ र कालिका मन्दिरलाई जुनसुकै बेला देख्न सकिने यो हाम्रा पूर्वजहरूले बसाएको बस्ती देवकोटाहरूको पुण्यभूमि हो - लिगलिग पण्डित गाउँ । पुर्खाहरूको कर्म र यशले सिञ्चित यो भूमि हामी सबैको जीवनको धरोहर पनि हो । गाउँलाई मूलबाटोले छुट्याएको छ । मूलबाटोको पुछारमा जयन्ती देवीको थान छ । केही दशकअघिसम्म गाउँ गुलजार थियो, त्यसबेला गाउँमा सामाजिक, सांस्कृतिक र धार्मिक भावना व्यापक थियो । घरघरमा **वेद, पुराण महाभारत, रामचरित मानस, रामायण** आदि पुस्कहरू पढिन्थे, चर्चा गरिन्थे । दसैँको बेला नवरात्रिभरि जयन्ती मन्दिर परिसरमा चण्डीपाठ गर्न भीड लाग्दथ्यो । जुन कुरा हामी आफैले देखेको कुराहरू हुन् । हाम्रा हजुरबाहरूको पुस्ताले एक-आपसमा संस्कृतमा सम्वाद गरेको, फुर्सतको बेला शास्त्रार्थ

गर्ने गरेको देखिएकै हो तर आजका पिँढीलाई यी सबै एकादेशको कथाजस्तो भएको छ । परिणामतः आज पण्डित गाउँ नाम मात्रको पण्डित गाउँ भएको छ ।

देवीरमण, भवानीशङ्कर, परशुराम, दुर्गाप्रसाद, बलभद्र, बुद्धिनाथ, हरिप्रसाद, रामप्रसाद, होमनाथ, पदमप्रसाद, टेकनाथ, होमनाथ, पुष्पराज, यज्ञप्रसाद, लक्ष्मीप्रसाद, मोदनाथ, रघुनन्दन, नारायणदत्त, माधव, जगन्नाथ, विष्णुप्रसाद, रत्ननाथ, दत्तात्रय, एकसूर्य, मधुविलास, जगन्नाथ, होमनाथ, धनञ्जय, यज्ञप्रसाद, हरिभक्त, कुलचन्द्र, दुर्गाभक्त, उमानाथ पण्डित गाउँका पछिल्लो पुस्ताका पण्डितहरू थिए ।
मूलतः देवकोटाहरूको तत्कालीन पेसा खेतीपाति नै थियो । यसको अलावा पण्डित्याइँ जजमानीबाट हुने आम्दानी पनि आयआर्जनको लागि प्रमुख स्रोत थिए तर पण्डित गाउँमा २००७ सालपछि जन्मेको पुस्ताले काठमाडौँमा आएर संस्कृत र आधुनिक शिक्षा र त्यसभन्दा अलिपछिका पुस्ताले गाउँमै खुलेको क्रिश्चियन मिसिनरी स्कुलबाट दीक्षित भएपछि भने बाबुबाजेले अपनाउदै आएको कृषि तथा पण्डित्याइँ, जजमानी पेसाको विकल्पमा सरकारी तथा गैह्रसरकारी संस्थाहरूमा जागिरे पेसा अँगाल्न थालेका छन् । परिणामतः पण्डित गाउँको परम्परागत चिनारीमा ह्रास आएको छ ।

## जयन्ती पुस्तकालय

पण्डित गाउँमा २०१० सालमै पुस्तकालयको स्थापना भयो । जुन पुस्तकालयलाई 'जयन्ती पुस्तकालय' नामकरण गरियो । यो पण्डित गाउँको धरोहर पनि हो । त्यसबेलाका जल्दाबल्दा राजनीति र शैक्षिक चेतनाले वशीभूत युवाहरूले गाउँमा शैक्षिक जागरण र चेतनाको लागि यो पुस्तकालय स्थापना गरेका थिए । पुस्तकालय सञ्चालनका लागि दसैँ-तिहारमा देउसी खेल्ने चलन थियो । आ-आफ्ना घरमा भएका महत्त्वपूर्ण पुस्तकहरू एकीकृत गरी जयन्ती देवीथान नजिक थुम्कोमा पुस्तकालय स्थापना गरिएको थियो । विदेशी राजदूतावासहरूमा पत्राचार गरी पुस्तक तथा पत्रिकाहरू मगाइएका थिए । संसारका महत्त्वपूर्ण घटना तथा व्यक्तित्वहरूका जीवनी र उनीहरूका प्रेरणादायक कार्यहरू पुस्तकमा सङ्गृहीत गरिएका हुन्थे । पुस्तकालयमा काठमाडौँबाट निस्किने **गोरखापत्र**लगायत साप्ताहिक पत्रिका, **मधुपर्क** आदिको व्यवस्था गरिएको हुन्थ्यो ।

पुस्तकालय सञ्चालनको लागि व्यवस्थापन समिति गठन गरिन्थ्यो । त्यो व्यवस्था पनि समितिले हरेक दिन खोल्न स्कुल पढ्ने भाइ-बैनीहरूको पालो लगाउँथ्यो । तत्कालीन अवस्थामा स्कुलमा प्रशस्त देशी तथा स्वदेशी पुस्तकहरू सङ्ग्रह गरिएका थिए । पुस्तकालय व्यवस्थापनकै पहलमा गाउँमा हरेक वर्ष एक-दुईपटक नाटक

लगाइन्थ्यो । वार्षिक रूपमा जिल्लाभरिका हाइस्कुलहरूलाई निमन्त्रणा गरेर भलिबल खेल खेलाइन्थ्यो तर, अब यो कुरा पनि एकादेशको कथाजस्तो भएको छ । आजभोलि त गाउँ नै सुनसान भएको छ । अब त ऐतिहासिक र पण्डित गाउँको धरोहरू जयन्ती पुस्तकालयको जीर्ण भवन मात्र छ पुराना दिनहरूको स्मरण दिने ।

### गुरुकुलको परम्परा

तत्कालीन समयमा पण्डित गाउँमा गुरुकुलको परम्परा थियो । आसपासका क्षेत्रहरू लमजुङ, तनहुँ, गोहरेलाङ्गदीबाट मात्र नभएर नुवाकोटदेखिका बटुकहरू अध्ययनका लागि आउने गर्दथे । पण्डित गाउँमा गुरुकुल धान्नेमा अन्तिम पुस्तामा स्व. हरिभक्त देवकोटा र अन्धा गुरुले परिचित नाताले भान्जा पर्ने स्व. गणेश अर्याल (गायत्री गुरु) थिए । गाउँको गुरुकुलमा अध्ययन गरी प्रथमाको परीक्षाको लागि काठमाडौँ वा वनारस जाने र त्यहीँबाट उच्च शिक्षा अध्ययन गर्ने परम्परा थियो ।

### सुदर्शन गुठीको स्थापना

पण्डित गाउँबाट काठमाडौँ आएर बसोबास गर्ने देवकोटा परिवारहरूको सङ्ख्या बढ्दै गएपछि एकआपसमा बन्धुत्व तथा धार्मिक, सामाजिक र सांस्कृतिक सम्बन्धलाई मजबुत बनाउने उद्देश्यका साथ काठमाडौँमा २०६७ सालमा सुदर्शन गुठी स्थापना गरी सञ्चालनमा ल्याइएको छ । यस गुठीले सामूहिक तीज कार्यक्रम, दसैँमा सामूहिक टीका कार्यक्रको व्यवस्थापन गर्दै आएको छ । भुइँचालो विपद् २०७२ सालमा लिगलिगमा असक्त र असहायहरूलाई राहत स्वरूप नगद तथा जिन्सी सामानहरू वितरण गरेको थियो । गुठीले आफ्ना अग्रजहरूको सम्मान कार्यक्रमलाई पनि अघि बढाउँदै आएको छ ।

### सुदर्शन सहकारी सञ्चालन

पण्डित गाउँका देवकोटाहरूकै पहलमा २०६५ सालमा सुदर्शन बहुउद्देश्य सहकारी नेपाल सरकार सहकारी ऐनअन्तर्गत काठमाडौँमा दर्ता भई सञ्चालन हुँदै आएको छ । यो सहकारीले पण्डित गाउँका देवकोटाहरू मात्र नभएर पुस्तौँदेखि भाइचारा सम्बन्ध भएका विभिन्न जाति, जनजातिहरूलाई समेट्दै आएको छ । गाह्रो, साँगुरो पर्दा ऋण प्रवाह गर्ने र सदस्यहरूबाट मासिक बचत सङ्कलन कार्यसमेत गर्दै आएको छ ।

### सुदर्शन प्राथमिक विद्यालय

सुदर्शन स्कुलको स्थापना २०१८ सालमा भएको हो । यो स्कुल स्थापना र

निर्माणमा मालतीगैरामा बसोबास गर्ने देवकोटा र पण्डित गाउँका देवकोटाहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । यस स्कुल निर्माणका लागि पण्डित गाउँका देवकोटाहरूले आफ्नो पुर्खाको नाममा रहेको ताकु गोरखा र पालुङटार हवाइमैदान नजिकको ठुलोवेसीको विर्ताको जग्गा बेचेर लगानी गरेका थिए ।

## राजनीतिमा पण्डित गाउँ

सामाजिक, सांस्कृतिक हिसाबले पण्डित गाउँ जति परिचित छ, राष्ट्रिय राजनीतिमा पनि पण्डित गाउँले चर्चा बटुल्दै आएको छ । समग्रमा भन्नुपर्दा आजको पण्डित गाउँले विगतदेखि नै देशको सामाजिक, राजनीति परिवर्तनका लागि प्रगतिशील योगदान दिएको छ ।

दुर्गाभक्त देवकोटा, उमानाथ देवकोटा र राजेश्वर देवकोटा पहिलो पुस्ताका प्रखर राजनीतिक व्यक्तित्वहरू हुनुहुन्थ्यो । उहाँहरूले २००४ सालको 'जयतु संस्कृतम्' आन्दोलनका साथै राणा शासनको विरुद्धको २००७ सालको सशस्त्र क्रान्तिमा स्वतन्त्रता सेनानीको रूपमा योगदान पुऱ्याउनुभएको थियो ।

स्व. राजेश्वर देवकोटा राष्ट्रिय पञ्चायतको अध्यक्ष तथा पटकपटक मन्त्री हुनुभयो । उहाँ प्रखर राष्ट्रवादी चिन्तक र व्याख्याताको रूपमा राष्ट्रिय तहमा नै स्थापित पनि हुनुभयो । स्व. विद्यादेवी देवकोटा महिला शिक्षा तथा जागरणको अभियानमा जीवनपर्यन्त लाग्नुभयो । तत्कालीन समयमा राजसभा सदस्य, राष्ट्रिय पञ्चायतको सदस्य हुनुका साथै मन्त्री भएर जीवनपर्यन्त देश सेवामा समर्पित हुनुहुन्थ्यो ।

त्यसैगरी वाचस्पति देवकोटा नेपाली कम्युनिष्ट आन्दोलको स्थापित र चर्चित व्यक्तित्वको रूपमा चिनिनुहुन्छ । उहाँले तत्कालीन राष्ट्रिय सभा सदस्य र मन्त्री भएर राष्ट्रियस्तरमा योगदान गर्नुभएको छ । स्व.डा. उपेन्द्र देवकोटा विख्यात न्युरोसर्जन र स्वास्थमन्त्री भएर स्वास्थ क्षेत्रको सुधारमा योगदान गर्नुका साथै प्रखर राष्ट्रवादी वक्ताको रूपमा आफ्नो पहिचान बनाउनुभएको थियो । स्व. इ. सरोज देवकोटाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको उपाध्यक्ष भएर नेपालमा प्राविधिक शिक्षाको उन्नयनमा योगदान गर्नुभएको थियो । डा. दिनेशचन्द्र देवकोटाले राष्ट्रिय योजना आयोगको सदस्य र उपाध्यक्षको रूपमा राष्ट्रिय विकासको नेतृत्व गरिसक्नुभएको छ । यसको साथै उहाँले गण्डकी विश्वविद्यालयको बोर्ड अफ ट्रस्टीको अध्यक्ष भएर गण्डकी विश्वविद्यालयको स्थापनामा योगदान गर्नुभएको छ । हाल उहाँ बागमती प्रदेशको सांसद र नेपाल राष्ट्रिय बुद्धिजीवी परिषद्को राष्ट्रिय अध्यक्षको

रूपमा नेकपा एमालेको राजनीतिमा सक्रिय हुनुहुन्छ । डा. भरतमणि देवकोटा कृषिविज्ञ हुनुहुन्छ । हाल उहाँ राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय अनुशासन समितिको संयोजकको रूपमा राष्ट्रिय राजनीतिमा सक्रिय हुनुहुन्छ ।

**कला र साहित्यमा पण्डित गाउँ**

पण्डित गाउँले विगतदेखि अहिलेसम्म साहित्यको क्षेत्रमा ठुलो योगदान गर्दै आएको छ । राजेश्वर देवकोटाले आफ्नो पुस्तक **आत्मकथा** (२०७३) मा उल्लेख गरेअनुसार संस्कृतमा लेखिएको विजय तिलक र भूपतीन्द्र रञ्जनक महाकाव्यका रचयिता देवकोटाहरू नै थिए । महाकवि लक्ष्मीप्रसाद देवकोटाका पुर्खा पनि पालुङटार पण्डित गाउँकै थिए भन्ने कुरा **आत्मकथा**मा नै उल्लेख गरिएको छ । स्व. माधवप्रसाद देवकोटा काशीको अध्ययनपश्चात् पाल्पामा नै बसेर शिक्षण पेसामा लाग्नुभयो । उहाँ संस्कृतका ठुला विद्वान् तथा २०३६ सालमा महेन्द्र प्रज्ञा पुरस्कारबाट सम्मानित हुनुभएको थियो । माधवप्रसाद देवकोटा कृत हिन्दु दर्शनमा आधारित संस्कृत काव्य भारती वैभवम् नेपाल र भारत दुवैतिर चर्चित र सम्मानित काव्य हो ।

स्व. राजेश्वर देवकोटा राजनीतिज्ञ मात्र नभएर साहित्यिक व्यक्तित्वको रूपमा पनि परिचित हुनुहुन्छ । उहाँका दुई दर्जनभन्दा बढी कृतिहरू प्रकाशित भएका छन् । **आवर्तन, द्वन्द्वको अवसान, उत्सर्ग प्रेम, पूर्वकथा, विश्वास, महाराजाको भूत, पूर्णिमा, डबली** आदि चर्चित औपन्यासिक कृतिहरू हुन् । **उत्सर्ग प्रेम** २०४४ सालको मदन पुरस्कार विजेता कृति हो । त्यसैगरी स्व. कुलमणि देवकोटा कविको रूपमा परिचित हुनुहुन्छ । कवि रमेशचन्द्र देवकोटाका पाँचवटा काव्य कृतिहरू **स्वाभिमान, प्रलयको शङ्खघोष, सुभाषित पद्यामृतम्, हितैषी कुरा, मेरो देश** प्रकाशित भएका छन् । ती कृतिहरूमध्ये **स्वाभिमान** महाकाव्य, हरि सांस्कृतिक केन्द्र, गोरखाबाट 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार–२०७१' प्राप्त कृति हो । स्व. उमानाथ देकोटाको **मानव** महाकाव्यसहित दुई कृतिहरू प्रकाशित भएका छन् । त्यसैगरी डा. प्रभा देवकोटा कैनीले सामाजिक सवालहरूमा सिद्धहस्त लेखकको रूपमा आफ्नो पहिचान बनाउनुभएको छ । उहाँका लेख, रचनाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र–पत्रिकाहरूमा प्रकाशित हुँदै आएका छन् । त्रिभुवन विश्वविद्यालयअन्तर्गत करिब तीन दशक प्राध्यापन/अनुसन्धानमा अनुभवी डा. प्रभाको अनुसन्धानमा आधारित दर्जनौँ लेखहरू प्रकाशित छन् । एकल र संयुक्तरूपमा प्रकाशित पेसागत तीन पुस्तकका अतिरिक्त डा. प्रभा देवकोटा कैनीको **अनावृत्त** (उपन्यास) हरि सांस्कृतिक केन्द्र गोरखाबाट 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार–२०६६' प्राप्त साहित्यिक कृति हो । रुद्रप्रसाद देवकोटा केही समयदेखि लेखन

कार्यमा सक्रिय हुनुहुन्छ । उहाँका आत्मवृतान्त **याद आइरहने क्षणहरू**सहित दुई कृति प्रकाशनमा आएका छन् । कल्पना मरहट्टा देवकोटा पछिल्लो समय कविता लेखनमा लाग्नुभएको छ । उहाँको **कथाकविता सङ्गालो** नामक कृति प्रकाशनमा आएको छ । हाल चितवन निवासी सुवासचन्द्र देवकोटाका उपन्याससहित केही कृतिहरू प्रकाशित भएको जानकारीमा छ । विद्यादेवी देवकोटाको **विद्यापुकार** नामक कृति प्रकाशित छ । पछिल्लो समयमा सुभाषचन्द्र देवकोटाले सहित्य र सामाजिक, राजनीति विषयहरूमा निरन्तर कलम चलाउँदै आउनुभएकोछ । **ग्रहणतन्त्र** नामक कवितासङ्ग्रह उहाँको पहिलो प्रकाशित कृति हो भने केही कृतिहरू प्रकाशोन्मुख छन् । अन्य कसैबाट साहित्य कृतिहरूको सृजना तथा प्रकाशन भएको भए सो को जानकारी प्राप्त भएमा लेख अद्यावधिक हुने थियो ।

**पण्डित गाउँ नजिक रहेका प्रमुख सांस्कृतिक तथा ऐतिहासिक स्थलहरू**

लिगलिगकोट : पण्डित गाउँबाट पण्डित गाउँबाट हिँडेर करिब एक घण्टा र मोटरबाटोबाट २० मिनेटको दूरीमा पहाडको टुप्पामा लिगलिगकोट पर्दछ । ऐतिहासिक, पुरातात्त्विक, पर्यटकीय तथा सांस्कृतिक सम्पदाको रूपमा परिचित लिगलिगकोट हाल गोरखा जिल्लाको पालुङटार नगरपालिकाअन्तर्गत वडा नं २, आँपपिपल, खोल्लीमा समुद्री सतहदेखि करिब चौध सय मिटरको उचाइमा अवस्थित छ । लिग-लिगकोटअन्तर्गत सात सय घर धुरीहरू भएका कारण पहिले-पहिले लिगलिगलाई '७०० लिगलिग' पनि भन्ने गरिन्थ्यो । ७०० लिगलिगमा साविकका पाँचवटा गाविसहरू आँपपिपल, हमी, खोप्लाङ, छोप्राक र पालुङटार पर्दथे ।

गोरखा राज्यको विस्तार भएर आजको नेपाल बन्नुभन्दा पहिले लिगलिगकोट चौबिसे राज्यअन्तर्गत पर्दथ्यो । इतिहासकारहरूको भनाइअनुसार मगर-घलेहरूको उक्त राज्यमा दसैँको दिन दौडेर जसले जित्छ, त्यही व्यक्ति एक वर्षका लागि लिगलिगे हुने चलन थियो । त्यही नियमअनुसार दलसुर घलेमगर बाह्रौँपटकसम्म लिगलिग राज्यको राजा बनेका थिए । तेह्रौँपटकको दौड वि.सं. १६१६ मा लमजुङका राजकुमार द्रव्यशाहले दौडको बदला बाटो ढुकेर दलसुर घलेमगरलाई झुक्याएर कटेपछि आफै राजा भए । लिगलिगे दौड र राजा चुन्ने परम्पराको पनि अन्त्य भयो । द्रव्यशाह गोरखा राज्यको गद्दीमा आसीन हुन पुगे र उनैको सन्तान पृथ्वीनारायण शाहले गोरखा राज्यको विस्तार गरी आधुनिक नेपालको जग बसालेका थिए । यसै कारणले लिगलिगकोटलाई नेपालको उद्गमस्थल मान्ने गरिन्छ ।

अहिले पनि लिगलिगकोटमा त्यस समयका पुरातात्त्विक महत्त्व राख्ने स्थान

तथा संरचनाहरू कालिका मन्दिर, पाँचवटा गढी र दरबारका भग्नावशेषहरू यथावतै छन् । यहाँबाट देखिने प्राकृतिक सुन्दरता अलौकिक छ । विशेष गरेर सूर्योदय र साँझको सूर्यास्त, मनोरम हिमशृङ्खलाहरूको दृश्यावलोकन यहाँका पर्यटकीय आकर्षणहरू हुन् ।

**सभा चौतारो :** पण्डित गाउँबाट हिँडेर जाँदा करिब ३० मिनेट उत्तरतर्फ गाउँको सिरानमा वर-पीपलको सभा चौतारो पुगिन्छ । पाँच-छ गाउँको बिचोबिच अवस्थित यो सभा चौतारोको आफ्नै सांस्कृतिक, सामाजिक र ऐतिहासिक महत्त्व छ । सभा चौताराको नामैले थाहा हुन्छ - यो चौतारामा बसेर राजाले जनताको सभा सञ्चालन गर्दथे । यस चौतारामा कुनै बेला लिगलिगकोटका राजाहरूले जनसभा गर्थे । तत्कालीन राज्यका नीति निर्माण, विकास र राज्यमा आइपरेका समस्याहरूको बारेमा जनतासँग विचार-विमर्श गर्थे र निर्णय लिन्थे । तसर्थ यो सभाचौतारो जनता र राजाबिच सम्बन्धको महत्त्वपूर्ण सेतु थियो । एक हिसाबले तत्कालीन अवस्थामा राज्यसञ्चालनमा जनताको सहभागिताको लोकतान्त्रिक परिपाटीको अनुपम नमुना थियो तर यो सभा चौतारोको निर्माण तथा चौतारामा बसेर जनतासँग सभा गर्ने प्रचलन कहिलेबाट सुरु भयो भन्ने कुनै आधिकारिक दस्तावेज शिलालेख भेटिएको छैन । जे होस् यो चौताराको निर्माण गर्ने र यसमा जनसभा गर्ने कार्यको सुरुवात लिगलिगका तत्कालीन घले-मगर राजाहरूबाटै भएको हुनुपर्छ तर यसको आधिकारिकता पुष्टि गर्न ऐतिहासिक तथ्यहरू खोज्नु जरुरी हुन्छ ।

केही वर्षअघिसम्म ठुलाठुला वर-पीपलका वृक्षसहितको करिब २०० जनाभन्दा बढी मान्छे अटाउने ढुङ्गााको छपनी चिनेर निर्माण गरिएको सभा चौतारो समग्र लिगलिगको ऐतिहासिक सानको रूपमा थियो तर अब यो सभा चौतारो पहिलेको जस्तो स्वरूपमा छैन । अदूदर्शी र स्वार्थी विकासको चपेटामा परेर बाटोको अतिक्रमणको सिकार भएको छ । आफ्नो मौलिक स्वरूप र आयतन गुमाएर एउटा कुनामा खुम्चिन पुगेको छ । महत्त्वपूर्ण इतिहास बोकको सभा चौताराको संरक्षण गरी यसका ऐतिहासिक तथ्यहरू सार्वजनिक गर्नु अत्यन्त जरुरी छ । यो चौतारोलाई समग्र लिगलिगको ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको रूपमा घोषणा गरेर पर्यटकीय आकर्षक केन्द्र बनाउन सकिन्छ ।

**भीमसेन थान र घुमाउने चौतारो :** पण्डित गाउँको सिरानमा श्रेष्ठ (नेवार) हरूको सानो गाउँ छ । जुन गाउँ ओखलढुङ्गाका नामबाट परिचित छ । त्यहाँ धान कुट्ने ढिकीको लागि ढुङ्गा खोपेर बनाइएको ठुलो ओखल पनि थियो । सायद यही ओखलको नामबाट गाउँको नाम ओखलढुङ्गा रहन गएको हुनुपर्दछ । गाउँको

पुच्छारमा ढुङ्गैढुङ्गाको गाह्रो चिनेर बनाइएको पुरानो भीमसेनको थान छ । यो भीमसेन थान कसले र कति वर्षपहिले स्थापना भएको हो, यसको एकिन जानकारी छैन तर पनि भीमसेन थान निर्माणको कलात्मक शैलीले थानको ऐतिहासिक तथा सांस्कृतिक महत्त्व झल्काउँछ ।

भीमसेन थानमा हरेक वर्षको दसैँको अष्टमीको दिनमा राँगो वलि दिने चलन छ । नेवारी संस्कृतिअन्तर्गत गाउँमा हुने पूजाआजा, जात्राहरू जस्तै : लाखेजात्रा, रोपाइँजात्रा आदि र महत्त्वपूर्ण अन्य कार्यहरूको शुभारम्भ यही भीमसेन थानबाट गर्ने चलन छ । गाउँको बिचोबिच अग्लो ठाउँमा वर-पीपलको एउटा घुमाउने चौतारो छ । चौतारोबाट पण्डित गाउँ र आसपासका क्षेत्रहरूको दृश्याअवलोकन गर्न सकिन्छ ।

**वनदेवी थान :** गाउँको पश्चिमतर्फ करिब १५ मिनेट हिँडेर जाँदा सुदर्शन प्राथमिक स्कुलमा पुगिन्छ । स्कुलको पश्चिमतिरको कम्पाउण्डको पर्खालसँगै ठुलाठुला कटुसका रुख मुन्तिर झाडीमा ठुलाठुला ढुङ्गामाथि वनदेवी थान छ । वर्षको एकपटक देवीको सामूहिक पूजा गरिन्छ । उक्त सामूहिक पूजामा पण्डित गाउँलगायत आसपास बसोबास गर्ने तथा त्यस भेगमा खेतीपाती भएकाहरू सबै सम्मिलित हुने गरेका छन् । सामूहिक पूजा भएको हुँदा पूजामा सामेल हुन इच्छुक सबैलाई सामेल गराइन्छ । पूजामा सामूहिक रूपमा बोका बलि दिने गरिन्छ । वनदेवीलाई वलि चढाएको बोकाको मासु घर ल्याउन नमिल्ने हुँदा देवीथान नजिकै मासु-भात पकाएर सबै मिलेर खाने चलन छ । वनदेवीको सामूहिक पूजाले त्यस क्षेत्रमा बस्ने सबै जातिहरूबिच भाइचारा र सद्भाव कायम गर्न मद्दत पुऱ्याएको पनि छ ।

**सिस्ने पानीको ऐतिहासिक ठुलो पँधेरो :** पण्डित गाउँमा पानीको धारालाई पँधेरो भन्ने चलन आज पर्यन्त छ । पण्डित गाउँका देवकोटाहरूले आजकाल ठुलो पँधेरो र सानो पँधेरो गरेर दुईवटा पानीका धाराहरू आफ्नो दैनिक पानीको आवश्यकता पूरा गर्नका लागि प्रयोग गर्दै आएका छन् । तर पनि पण्डित गाउँका देवकोटाहरूका प्रथम पुर्खाले निर्माण गरेको र उनले पानीखाने धारो भएको कारण सिस्ने पानीको पँधेरोको ऐतिहासिक र सांस्कृतिक महत्त्व छुट्टै छ । जनश्रुतिअनुसार पण्डित गाउँका देवकोटाहरूका पुर्खा लक्ष्मण देवकोटाले यस पँधेराको निर्माण गरेका थिए । पुर्खाहरूको पालादेखि नै उपभोग गरिँदै आएको यस पँधेराको पानीलाई पण्डित गाउँका देवकाटाहरू आजपर्यन्त पवित्र र पुर्खाको उपहारको रूपमा लिने गर्दछन् । हामी आफैले देखेका कुरा विख्यात न्यूरोसर्जन स्व. उपेन्द्र देवकोटाको घरमा बोतलहरूमा सिस्नेपानीको ठुलो पँधेराको पानी राखिएका हुन्थे । उपेन्द्र देवकोटाले हरेक दिन पिउने पानीमा सिस्नेपानीको ठुलो पँधेराको पानी मिसाएर सेवन

गर्नुहुन्थ्यो । मत्यु हुनुभन्दा केही दिन पहिला उपेन्द्र देवकोटाले सिस्नेपानी पँधेराको पानी खाने इच्छा गरेअनुसार उहाँलाई हेलिकोप्टरबाट पण्डित गाउँ लगिएको थियो । सिस्नेपानीको ठुलो पँधेराको पानी पिएपछि मुस्कुराएको उपेन्द्र देवकोटाको अनुहारले सबैको ध्यान खिँचेको थियो । आजभोलि सिस्नेपानीको ठुलो पँधेरा हेर्न र पानी खान वर्षेनी सयौँ मान्छेहरू पण्डित गाउँ पुग्ने गरेका छन् ।

सिस्नेपानीको ठुलो पँधेरोको विभिन्न कालखण्डमा मर्मतसम्भार हुँदै आएको भए तापनि पण्डित गाउँको बसोबास पातलिएसँगै पँधेराको मर्मतसम्भारको कार्य पनि सुस्ताएको छ । सिस्नेपानीको ठुलो पँधेरो हाम्रो पुर्खाको विरासत भएको कारण यस पँधेराको संरक्षण तथा मर्मतसम्भार हामी सबैको दायित्व र कर्तव्य बनेको छ ।

**अन्तमा,**

यो सानो लेखले करिब ५०० वर्षदेखि गोरखा लिगलिग पण्डित गाउँमा बसोबास गर्दै आएका देवकोटाहरूको सामान्य परिचय दिने प्रयास मात्र गरेको छ । नेपालको राज्य इतिहाससँगै जोडिएका गोरखाका देवकोटाहरूबारेमा लेख्नु जटिल विषय हो । तर इतिहासका तथ्य र प्रमाणहरूलाई केलाएर आफ्ना पुर्खाको पौरखका बारेमा अभिलेखीकरण तयार गर्नु गौरवको विषय भने पक्कै हो । यस्ता अभिलेखीकरणले आगामी पुस्ताहरूका लागि आफ्ना पुर्खा, आफ्नो माटो, संस्कृति र परम्पराप्रति गौरव गर्ने वातावरण सृजना गर्न सक्दछ । यस सन्दर्भमा यो अति नै सानो प्रयास र विषयबस्तुको थालनी मात्र हो । यो प्रयासलाई परिस्कृत गर्नु हामी सबैको पवित्र कर्तव्य पनि हो । नेपाली साहित्यका महारथी महाकवि लक्ष्मीप्रसाद देवकोटाजस्ता महामानव र हामी एउटै पुर्खाको सन्तान हौँ भन्न पाउनु हाम्रो लागि अद्वितीय गौरवको विषय पनि हो ।

करिब ५०० वर्षअधि जुम्लाको बोहरा गाउँबाट आएर गोरखाको लिगलिगको पाखोमा बसोबास सुरु गरेका देवकोटाहरू आज नेपालभित्र मात्र नभएर संसारका विभिन्न देशहरूमा समेत उत्कृष्ठता प्रदर्शन गर्दै पौरख अजमाइरहेका छन् । यसरी पण्डित गाउँका देवकोटाहरू गाउँबाट सहर र सहरबाट विदेशतिर पलायन हुने क्रम बढेको कारण गाउँमा बसोबास गर्नेहरूको सङ्ख्या घट्दै जादाँ पण्डित गाउँ भने दिनप्रतिदिन सुनसान र निर्जन बन्दै गएको छ । जो जहाँ बसे पनि हामी उभिएको जग भनेको त लिगलिग पण्डित गाउँकै माटो हो तसर्थ, पण्डित गाउँका देवकोटारुले पुनः एकपटक आफ्नो पुर्खाको गौरवशाली अतीतको स्मरण गर्दै पण्डित गाउँको पुनरुस्थानमा लाग्नुपर्ने देखिन्छ । लिगलिगकोटको ऐतिहासिक महत्त्व र पण्डित

गाउँको सांस्कृतिक आयामहरू जोडेर आजको पण्डित गाउँलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सकिन्छ तर यसका लागि स्वयम् पण्डित गाउँका देवकोटाहरूबिच एकनिष्ठ भावना र प्रतिबद्धताको जरुरी पर्दछ ।

**सन्दर्भ सामग्रीहरू :**


आत्म कथा, २०७३ राजेश्वर देवकोटा, प्रकाशक ईश्वरचन्द्र देवकोटा

आफ्नै भाउजू थिइन् महाकवि देवकोटाको 'यात्री' कविताको पात्र, लेख, २७।०७।२०८०, यादव देवकोटा, प्रकाशक सेतो पाटी

केही संस्मरण र त्यसभित्रका कथाहरू, २०६७ रामशरण शर्मा अर्याल प्रकाशिका विमला अर्याल

जनश्रुतिगत भनाइ, स्व. उमानाथ देवकोटा

राजेश्वर देवकोटा स्मृतिग्रन्थ, २०७८, प्रकाशक हरि सांस्कृतिक केन्द्र गोरखा


*लेखकद्वय वन तथा वातावरण विज्ञ र कृषि विज्ञका साथै समाजसेवी हुनुहुन्छ*

❐

**राजेश्वरको राग**

नेपाली साहित्यलेखन देवकोटा (८०) का लागि कहिल्यै पहिलो प्राथमिकतामा परेन । तर यस वृत्तमा सबैजसो प्रतिष्ठित सम्मान र पुरस्कारहरू जितेका छन् उनका कृतिले । यसको पछिल्लो प्रमाण हो – भर्खरै उनको पोल्टामा परेको २५ हजार रूपैयाँको 'बालचन्द्र स्मृति पुरस्कार' । हाडछालामा सीमित होचो कद, देखिने आवरण यही हो राजेश्वरको । तर साहित्य र पञ्चायती राजनीतिमा भने उनको आकार अजङ्गको रह्यो । उनको जीवनमा राजनीति घामछायाँजस्तै भए पनि साहित्यमा भने उनको डेगिलो दौड आज पनि कायम छ । आजका मितिसम्म उत्तिकै सक्रिय छन् । खासगरी कथा, निबन्ध र उपन्यास विधामार्फत् राजेश्वर पाठकप्रिय बने । मदन पुरस्कार जितेको **उत्सर्ग प्रेम**, साझा पुरस्कारप्राप्त **पूर्वकथा** र अर्को उपन्यास **द्वन्द्वको अवसान** मात्र होइन एक दर्जनभन्दा बढी उनका कृति प्रशंसित रहे । तीन वर्षअघि प्रकाशित उपन्यास **डबली** र त्यसपछिको **विश्वास** उनका पछिल्ला कृति हुन् । यी बीचमा उनले एउटा कवितासङ्ग्रह पनि प्रकाशनका लागि साझालाई बुझाएका छन् । जीवनको उत्तरार्द्धको यात्रामा समेत उनी थाकेका चाहिँ थिएनन् । – साभार : राजेश्वर देवकोटा स्मृतिग्रन्थ–२०७९

# श्रद्धासुमन
# स्व. मोहननारायण श्रेष्ठ र स्व. राजेश्वर देवकोटामा



❑ *बद्रीकुमार मास्के*
गोरखा

श्री मोहननारायण श्रेष्ठ, २०१९ सालमा हाल गोरखा सङ्ग्रहालय रहेको तल्लो दरबारमा सञ्चालित तत्कालीन श्री शक्ति हाइस्कुल हाल श्री शक्ति माध्यमिक विद्यालयमा हेडमास्टरको भूमिका निभाउन आउनुभएको हो । त्यति बेला योग्यता पुगेको नागरिक नभएको र निज मोहननारायण श्रेष्ठ गोरखाली भएको कारण विशेष अनुरोधमा गोरखाको तत्कालीन श्री शक्ति हाइस्कुलमा प्रधानाध्यापकको रूपमा ल्याइएको थयो । उहाँले काठमाडौँमा अध्ययन गर्नुभई पहिलो जागिरको सिलसिलामा बुबासँगै गोरखा आउनुभएको थियो । श्री शक्ति हाइस्कुल भवन निर्माणका लागि उहाँले ठुलो योगदान गर्नुभएको थियो । उहाँ समाजको सेवा, साथीभाइ, छरछिमेकीलाई सहयोग गर्ने काममा सक्रिय हुनुहुन्थ्यो ।

मैले उहाँसँग धेरै काम-कुराहरूमा सङ्गत गरेको छु । स्व. मोहननारायण श्रेष्ठ शालीन व्यक्तित्व, साह्रै लगनशील र मेहनती, रिसाउन नजान्ने, मलिन बोलीचाली र उच्च विचारका धनी हुनुहुन्थ्यो । २०३० सालमा जिल्ला रेडक्रस शाखा गोरखाद्वारा सञ्चालित 'स्वास्थ्य सेवाको कार्यक्रम'मा पनि सक्रिय हुनुहुन्थ्यो । २०३० सालमा गोरखाको पदेलीबजारस्थित स्व. टुङ्गध्वज श्रेष्ठको घरमा 'स्वास्थ्य परामर्श सेवा' सञ्चालनमा उहाँसँग हामीले सँगै काम गरेका थियौँ । त्यति बेला म गोरखा अस्पतालमा कार्यरत थिएँ ।

वि.सं. २०२५ सालतिर गोरखा बजारमा भीमनिधि तिवारीले लेखेको **शिलान्यास** नाटक मञ्चन गर्ने सिलसिलामा तत्कालीन साथीहरू स्व. गोपालकुमार श्रेष्ठ, स्व. सोमप्रसाद श्रेष्ठ, स्व. रामेश्वर अर्यालसँगै मिलेर उहाँले सक्रिय भूमिका निभाउनुभएको मलाई राम्रोसँग हेक्का छ, जुन नाटक काठमाडौँको नाचघरमा प्रदर्शन गरिएको थियो । त्यस बेला यो नाटकले निकै चर्चा पाएको पनि थियो । २०३२ सालतिर जुन बेला सङ्घ-सङ्गठन खोल्न पाइँदैन थियो । त्यो बेला पञ्चायती व्यवस्थाको विरोधमा गोप्यरूपमा गठन भएको नेपाल शिक्षक सङ्गठनको उहाँ अध्यक्ष हुनहुन्थ्यो । त्यति बेला उहाँलाई पञ्चायतका नेता तथा कार्यकर्ताहरूले 'कम्युनिस्ट क्रियाकलापमा

सङ्गठन गर्दै हिँडेको आरोप' पनि लगाएका थिए ।

वि.सं. २०४२ मा लायन्स क्लब अफ गोरखा गठनका क्रममा स्व. मोहननारायण श्रेष्ठ संस्थापक अध्यक्ष र होमकुमार श्रेष्ठ सचिव हुनुभई लायन्स क्लब अफ गोरखाको स्थापनामा सक्रिय भूमिका निभाउनुभएको हामी सबैलाई थाहा छ । त्यो बेला पनि उहाँको नेतृत्व देखेर लायन्स क्लब अफ गोरखालाई 'कम्युनिस्टहरूको क्लब' भनेर विभिन्न लान्छना लगाउने गरेको हामीलाई सम्झना छ तर उहाँ विचारधारामा मात्र नभै सबै पक्षलाई समानरूपमा समेटेर सेवा गर्नुहुन्थ्यो । 'लायन्स क्लब अफ गोरखा'को उहाँले दुई वर्ष अध्यक्षता ग्रहण गर्नुभई विभिन्न सामाजिक क्रियाकलाप जस्तै : बृहत् निःशुल्क आँखा शिविर, बाढी-पीडितहरूको सहयोग, विभिन्न आयमूलक कार्यक्रमहरू, रात्रिकालीन प्रौढशिक्षा, घुम्ती स्वास्थ्य शिविरजस्ता कार्यक्रमहरू उहाँकै नेतृत्वमा गर्ने गरेका थियौँ ।

यसैगरी लायन्स क्लब अन्तर्राष्ट्रियको जोन चेयरम्यान, रिजन चेयरम्यान, डिस्ट्रिक्ट एडभाइजर, डिस्ट्रिक्ट चेयरम्यानजस्ता विभिन्न पदमा रहेर समाजको सेवामा सक्रिय भूमिका निभाउनुभएको हामीलाई राम्रोसँग थाहा छ । मैले अध्यक्षता ग्रहण गरेपछि २०५० सालमा लायन्स क्लब अफ गोरखाको भवन संस्थापक अध्यक्षको नाताले शिलान्यास गर्नुभएको थियो । त्यो बेला लायन्स क्लब गोरखाको भवन निर्माणमा निकै चुनौती भएको कुरालाई उहाँले सहज तरिकाबाट सहयोग प्रदान गर्नुभयो ।

वि.सं. २०४२ मै मोहननारायण श्रेष्ठको सक्रियतामा तत्कालीन साथीहरू मिलेर गोरखामा शिक्षा शास्त्र क्याम्पस मात्र भएकोले मानविकी क्याम्पस सुरुगर्ने काम भएको थियो । सो क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट स्वीकृतिका लागि ३ लाख रूपैयाँ चाहिने हुँदा सो रकम जुटाउन तत्कालीन जिल्ला पञ्चायतको जिल्ला सभामा अनुदानका लागि उहाँसहित हामी सबै साथीभाइहरू सभासद् बसेको कोठा-कोठामा गई अनुरोध गर्दै हिँडेको हिजोआजजस्तै लाग्छ । त्यसपछि अञ्चलाधीशको अध्यक्षतामा गोरखा मानविकी क्याम्पस (हाल द्रव्यशाह बहुमुखी क्याम्पस) स्वीकृति भई उहाँ क्याम्पसचिफ भई सञ्चालन भएको थियो । उहाँ नै हेडमास्टर रहनुभएको श्री शक्ति मा.वि.को जु.रे.स. भवनमा विनाभाडा बिहानी सत्रको कक्षा सञ्चालन गर्न सुरु गरिएको थियो । यो मानविकी क्याम्पस सञ्चालनका लागि सुरुमा उहाँसहित केही साथीहरूले 'दुई वर्षसम्म निःशुल्क पढाउने' कबुल पनि गर्नुभएको थियो । १२ जना विद्यार्थी लिएर सुरु गरिएको मानविकी क्याम्पस बिस्तारै कमर्सको कक्षा सञ्चालनको पनि स्वीकृति लिइएको थियो । यसरी मानविकी क्याम्पसकै सञ्चालक समितिका

सदस्य रहनुभएका चूडामणि कट्टेल गाउँ पञ्चायतको अध्यक्ष हुनुभएपछि लक्ष्मी बजारस्थित स्कुलको ३० रोपनी जगा क्याम्पसलाई उपलब्ध गराउने काम भएको हो ।

वि.सं. २०५४/५५ तिर द्रव्यशाह क्याम्पसको पुस्तकालयका लागि बेलायतबाट करिब १० हजार थान किताब अनुदानमा झिकाउनुभयो । ती किताबहरू महिनौँ–महिनासम्म भन्सारमा अड्किएर बसेको थियो । उहाँले मन्त्रालय धाउनुभई भन्सार मिनाहा गराई गोरखकाली रबर उद्योगलाई ढुवानी भाडा तिर्न लगाई किताब उपलब्ध गराउनुभएको थियो । यसरी सामाजिक सङ्घ–संस्थामा लागेर विभिन्न तालिम, गोष्ठी, सेमिनार, सभा, सम्मेलनमा भाग लिनुभएको मलाई स्पष्ट थाहा छ । पछि क्याम्पसको सञ्चालक समितिको अध्यक्षकालमै उहाँ बेलायतमा करिब एक वर्ष बिताउनुभएको थियो ।

श्री मोहननारायण श्रेष्ठकै सक्रियतामा लक्ष्मी बजारमा भवनहरू बन्ने काम पनि सम्पन्न भएको थियो । पछि २०४८ सालमा पञ्चायत खारेज भएपछि अञ्चलाधीशको पद पनि खारेजमा परेकोले क्याम्पस सञ्चालक समिति टुहुरो हुन पुग्यो । त्यस बेला पनि क्याम्पसलाई जोगाउन उहाँकै संयोजकत्वमा संस्थापक बोर्ड गठन गरी श्री भारत धिताल (हाल स्वर्गीय)लाई सञ्चालक समितिको अध्यक्ष बनाउन त्रिभुवन विश्वविद्यालयबाट स्वीकृति लिइएको थियो । पछि २०६४ सालमा स्व. मोहननारायण श्रेष्ठ क्याम्पसचिफ रहनु हुँदा क्याम्पसका लागि आर्थिक सङ्कलन गर्न देउसी–भैलो, चिट्ठाको कार्यक्रम पनि सञ्चालन गर्नुभएको थियो । हामी केही साथीहरू मिलेर उहाँको सम्पूर्ण कार्यक्रमलाई साथ दिएका थियौँ । उहाँ क्याम्पसचिफबाट निवृत्त हुनुभएपछि तीन अवधिसम्म क्याम्पस सञ्चालक समितिको अध्यक्ष बन्नुभएको थियो । उहाँ २०६८ सालतिर त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्यमा पनि मनोनीत हुनुभएको थियो । यसरी स्व. मोहननारायण श्रेष्ठले विभिन्न सङ्घ–संस्थामा रही गोरखा जिल्लाको सेवा गर्नुभएको सबैलाई अवगत नै छ ।

हालसालै मात्र अमेरिकन नागरिक प्रा.डा. जेनीस व्हिपल (सन १९३० मे १–२०२० फ्रेब्रुअरी १) द्रव्यशाह बहुमुखी क्याम्पसको सहयोगार्थ सन् १९९२ (वि.सं २०४९) र सन् २००४ (विसं २०६१) मा नेपाल आउनुभई केही हप्ता गोरखामा बस्नुभएको थियो । यसै बेला तत्कालीन क्याम्पस प्रमुख मोहननारायण श्रेष्ठज्यू र तत्कालीन अध्यक्ष मनोज धितालज्यूको (मनोज धितालको पोष्टबक्स नम्बर ४२१८ प्रयोग हुनुको कारण) दुवै जनाको पहलमा प्रा.डा. जेनीस व्हिपलज्यूले मृत्युपरान्त आफ्नो सप्पत्तिको केही अंश यस क्याम्पसलाई दिने सहमति भएको रहेछ । तर मोहननारायण श्रेष्ठज्यूले सायद काम पुरा नभएसम्म यो कुरा अरूलाई भन्न हुन्न भनेर

गोप्य राख्नुभएको हुनसक्छ । यसैगरी सन् २०१३ (वि.सं. २०६९) मा प्रा.डा. जेनीश व्हिपलले करिब रु. ८ लाख ६० हजार नेपाली रूपैयाँ सहयोग पठाउनुभएको कुरा पनि क्याम्पस प्रमुख श्री रामचन्द्र दवाडीज्यूले बताउनुभएको छ ।

प्रा.डा. जेनीस व्हिपलले सन् २०१५ (वि.सं. २०७२) मा अमेरिकाको स्टेटकोर्टमा आफ्नो सम्पत्तिको केही अंश द्रव्यशाह क्याम्पस, गोरखाको नाममा दिने गरी मन्जुरीनामा पास गरिदिनुभएको रहेछ । यसको जानकारी अवश्य पनि मोहननारायण श्रेष्ठज्यूलाई हुनुपर्छ तर, उहाँले यो कुरा कसैलाई जानकारी गराउनुभएको थाहा भएन । सन् २०१६ जुलाई ५ (वि.सं. २०७३।०३।२१) मा मोहननारायण श्रेष्ठज्यूको निधन भैसकेपछि यस विषयमा थाहा हुने कुरा पनि भएन । सन् २०२० फेब्रुअरी १ (वि.सं. २०७६।१०।१८) मा निज प्रा.डा. जेनीश व्हिपल स्वर्गारोहण भएपछि अमेरिकाको स्टेटकोर्टका Lawer Mr. Robert K. Hilton (Hilton Estate & Elder Law, LLC) बाट एक्कासि द्रव्यशाह क्यापसको ईमेलमा रकम प्राप्तिको लागि कागजी प्रमाणहरू पठाउनु भनी प्राप्त भएको व्यहोरा द्रव्यशाह क्याम्पसका प्रमुख श्री रामचन्द्र दवाडीज्यूले बताउनुभयो । निज दाता स्व. प्रा.डा. जेनिश व्हिपल, इन्जिनियर र पेण्टर हुनुको साथै अचम्मको कुरा अमेरिकावासी भएर पनि बुद्ध धर्म मान्नुहुने रहेछ ।

यी सबै कार्यहरू पूरा भएपछि मिति २०७९।०७।१५ मा रु. ९,७८,९८,३१३।४८, (9,47,41,723.89) सोही मितिको दररेट (प्रतिडलर ने.रु. १३२।-) मा कन्भर्ट गरी एनएमबि बैङ्क, गोरखा शाखाले धेरै ब्याज दिएको हुँदा पाँच वर्षका लागि यसै बैङ्कको मुद्दती खातामा राखिएको क्याम्पसचिफ रामचन्द्र दवाडीज्यूले बताउनुभएको छ । स्व. जेनिश व्हिपलले दिनुभएको सम्पत्तिबाट अमेरिका सरकारको नियमअनुसार धेरै करकट्टा गरिएको र रकम प्राप्त गर्न धेरै कसरत गर्नुपरेको कुरा पनि क्यांपस प्रमुखज्यूले बताउनुभएको थियो ।

गोरखाका भाइ कुलनारायण जोशीले भन्दै थिए, “स्व. मोहननारायण श्रेष्ठ मेरो आदरणीय गुरु मात्र नभै मेरो नजिकको नातेदार पनि हुनुहुन्थ्यो । उहाँ धेरै बुद्धिजीवी मान्छे हुनुहुन्थ्यो । उहाँ आफूभन्दा कम उमेरका, कम पढेका र कम बुद्धि भएका मान्छेहरूको पछाडि लाग्नुभयो ।” यसैगरी मलाई पनि थाहा थियो “उहाँ आफूभन्दा जुनियरहरूसँग पनि सल्लाह लिन पुग्नुहुन्थ्यो” तर मैले भनैँ कि, “सल्लाह सबैसँग लिनु राम्रो कुरा हो । कहिलेकाहीँ आफूले गरेको काम-कुरामा थाहा नभए पनि गल्तीहरू भएको हुन सक्छन् ।”

स्व. मोहननारायण श्रेष्ठज्यू साह्रै सरल स्वभाव, सहयोगी भावनाको व्यक्ति हुनुहुन्थ्यो । मैले उहाँसँग धेरै काम-कुराहरूमा सङ्गत गरेको छु । कुनै बेला

मलाई भन्नुपनि भएको थियो, “बद्रीजी ! तपाईँले गोरखामा आफ्नो क्षमताभन्दा बढी काम गर्नुभएको छ । यसको लागि तपाईँलाई धेरैधेरै धन्यवाद छ !” उहाँको यस कुराले मलाई अरू धेरै आत्मबलको साथै प्रेरणा पनि मिलेको महसुस गरेको थिएँ । वि.सं. २०४८ सालमा मेरो बुबा स्व. फत्तेबहादुर मास्के अर्वुद रोगले बिरामी हुनुहुँदा सहयोगका लागि मोहननारायण श्रेष्ठज्यू मेरो घरमा राति अबेरसम्म धेरै दिन बिरामी कुर्न आउनुभएको थियो ।

अन्तमा, मैले स्व. मोहननारायण श्रेष्ठज्यू र हरि सांस्कृतिक केन्द्रको अन्तरङ्ग सम्बन्ध छुटाएछु । माथि व्यक्त गरिएको हार्दिक श्रद्धाञ्जलीले सो सम्बन्ध पुष्टि पनि गर्दछ । आफ्ना पिताज्यू हरिभक्तको पुण्य स्मृतिमा आदरणीय राजेश्वर देवकोटाज्यूले स्थापना गर्नुभएको संस्था ‘हरि सांस्कृतिक केन्द्र’ गोरखाको उहाँ संस्थापक अध्यक्ष रहनुभएको रहेछ । गोरखाका गौरव, राष्ट्रभक्त, पितृभक्त, सदा स्मरणीय राजेश्वर देवकोटाको दिवङ्गत आत्माको चिरशान्तिका निम्ति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

यस केन्द्रलाई शैशवकालदेखि नै आदरणीय प्रा.डा. वासुदेव त्रिपाठीज्यूले निरन्तर स्नेह र संरक्षण प्रदान गर्नुभएको रहेछ । श्री मोहननारायण श्रेष्ठज्यूको देहान्तपछि संस्थाको अध्यक्षता श्री केदारनाथ खनालज्यूले सम्हाल्दै आउनुभएकोमा २०८० सालमा डा. प्रभा कैनी अध्यक्ष हुनुभएछ ।


स्व. मोहननारायण श्रेष्ठ आफ्नो सादा जीवन बिताउनुभई कहिल्यै कसैको विरुद्धमा नराम्रो वचन गरी कसैलाई चिढाउनुभएको थाहा भएन । म उहाँको स्वर्गीय आत्माको चिर शान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछु ।

❒

राजेश्वर देवकोटाको उपन्यासका ढुकढुनी नै वैचाकिता हो । प्रेम र सृष्टिका लागि जीवन उत्सर्ग गर्नुपर्छ भन्ने भाव हो ।

राजेश्वर देवकोटाका दोस्रो चरणका औपन्यासिक कृतिहरूको अध्ययन
ठाकुरप्रसाद तिवारी

# हरि सांस्कृतिक केन्द्रमा डेढ दशक



❑ केदारनाथ खनाल
भरतपुर–१०, चितवन

सार्वभौमसत्तासम्पन्न स्वतन्त्र देश नेपाल जन्माउने गौरवमय गोरखा मात्र एउटा जिल्ला हैन, वीर गोरखालीको भूमि मात्रले पनि परिचित छैन, सिद्धगुरु गोरखनाथ, सिद्ध लखन थापा, न्यायमूर्ति राजा रामशाह, नेपाल एकीकरणका नायक पृथ्वीनारायण शाहका साथै कालु पाण्डे, अमरसिंह थापा, भक्ति थापा, भीमसेन थापा, लखन थापाजस्ता देशभक्त वीरहरू र विद्वत्क्षेत्रका पं. शक्तिवल्लभ अर्याल, पं. उदयानन्द अर्याल, ललितावल्लभ अर्याल, राधावल्लभ अर्याल, महासिंह थापा, अग्निधर देवकोटा, गुणराज खनाल (महाकवि रामदास), पूर्णप्रसाद ब्राह्मण, विष्णुप्रसाद धिताल, विनोदप्रसाद धितालहरूजस्ता स्वनामधन्य गोर्खालीहरूको लहरमा स्वर्णाक्षरले लेखिएको नाम हो – राजेश्वर देवकोटा (१९८६–२०७२) ।

उच्चबौद्धिक चिन्तक राजेश्वर देवकोटा प्रसिद्ध साहित्यकार र राजनीतिज्ञ हुन् । पटकपटक मन्त्री र दुईपटक राष्ट्रिय पञ्चायतको अध्यक्ष भएका राजेश्वर देवकोटाका **आवर्तन, द्वन्द्वको अवसान, पूर्वकथा, उत्सर्ग प्रेम, पूर्णिमा, डबली, महाराजाको भूत, विश्वास**जस्ता कालजयी उपन्यास छन् । काव्य, कविता, निबन्ध, आत्मकथा, व्याकरण आदि विविध विधाका दुई दर्जनभन्दा बढी साहित्यिक र गैरसाहित्यिक पुस्तकका लेखक देवकोटाले मदन पुरस्कार, साझा पुरस्कार, बालचन्द्र शर्मा पुरस्कारद्वारा पुरस्कृत, सम्मानित र विभिन्न मान–पदकले विभूषित भएका छन् । राजेश्वर देवकोटा राष्ट्रभक्त, भाषा, साहित्य, संस्कृतिभक्त र पितृभक्त थिए भन्ने ज्वलन्त उदाहरण हो – उनले आफ्ना स्वर्गीय पिता पं. हरिभक्त देवकोटाको पुण्यस्मृतिमा स्थापना गरेको 'हरि सांस्कृतिक केन्द्र गोरखा–२०४६' ।

मृदुभाषी, शालीन, भद्र एवम् उच्च शैक्षिक व्यक्तित्व मोहननारायण श्रेष्ठ (१९९७–२०७३) गोरखा जिल्लाका स्थापित हेडमास्टर र द्रव्यशाह बहुमुखी क्याम्पसका संस्थापक प्रिन्सिपल हुन् । म नारायणी माध्यमिक विद्यालय (हाल नारायणी नमुना मा.वि.) प्रधानाध्यापक र सप्तगण्डकी बहुमुखी क्याम्पस तथा बालकुमारी कलेज नारायणगढको प्राध्यापक–शिक्षाशास्त्र सङ्काय प्रमुख, गोर्खाली पनि । उही पाखो–

पखेरा र एउटै पेसाका हामी दुईबिच सामीप्यता हुनु स्वाभाविकै हो। मेरो अतिरिक्त व्यवसाय चितवन छापाखानाले पनि शिक्षित र बौद्धिक व्यक्तित्वहरूसँगै नजिक्याउन सहयोग गऱ्यो कि ? गोर्खा क्याम्पस, द्रव्यशाह बहुमुखी क्याम्पस, शक्ति माध्यमिक विद्यालय आदि विभिन्न शिक्षण संस्था र कार्यालयहरूको छपाइसम्बन्धी कामले पनि परिचयलाई प्रगाढ बनाउन मद्दत पुऱ्यायो होला। त्रि.वि. बाट जनस्तरमा पहिलो-दोस्रो सम्बन्धन प्राप्त देशमै प्रतिष्ठित बालकुमारी कलेज, नारायणगढमा बेलाबेलामा आयोजना हुने शैक्षिक, प्राज्ञिक गोष्ठी-सेमिनार आदि कार्यक्रममा मोहन सर आमन्त्रित हुने गर्नुहुन्थ्यो र चितवन आउँदा प्रायः मकहाँ नै बस्नुहुन्थ्यो भने गोरखामा आयोजित नेपाली भाषा शिक्षक समाज, गोरखा साहित्यिक मञ्च, द्रव्यशाह बहुमुखी क्याम्पसको वा अन्य साहित्यिक, शैक्षिक कार्यक्रममा म पनि सहभागी हुने अवसर पाउँथे। हरि सांस्कृतिक केन्द्रका संस्थापक अध्यक्ष मोहन सरसँग भेट हुँदा केन्द्रको गतिविधि र गोरखाको साहित्यकै बारेमा चर्चा-परिचर्चा हुने गर्थ्यो। यसैबिच दीनानाथ शर्मा पण्डितले एम.ए. नेपालीमा 'नेपाली साहित्यमा गोरखा' शीर्षकमा शोध गर्नुभएछ। पुस्तकाकार रूप दिएर 'हरि सांस्कृतिक केन्द्र'बाट छाप्ने निधो भयो र चितवन छापाखानाबाटै मुद्रित पनि भयो। त्यसैगरी नारायणप्रसाद खनालको **गोरखा डायरी** (२०६१) र धनेश्वर भट्टराईको **गोर्खागाथा** (खण्डकाव्य, २०६१)को पनि छपाइसम्बन्धी सम्पूर्ण कार्य चितवन छापाखानाबाटै भएका हुन्। म भाषा-साहित्यको विद्यार्थी, चितवन साहित्य परिषद्को संस्थापक र अध्यक्षसमेत भएकाले पनि गोरखाली हुनुको नाताले आफ्ना जिल्लाका गौरव राजेश्वर देवकोटाजीले स्थापना गर्नुभएको संस्थाप्रति श्रद्धा जाग्नु, अभिरुचि राख्नु र आकर्षित हुनु स्वाभाविकै हो।

हरि सांस्कृतिक केन्द्र, गोरखाबाट मेरो **यात्राका स्पन्दनहरू** (नियात्रासङ्ग्रह)ले हरि उत्कृष्ट प्रतिभा पुरस्कार-२०६५ प्राप्त गऱ्यो। आफूलाई गोर्खालीको रूपमा चिनाउने अधिकांश काठमाडौँ (राजधानी) निवासी स्रष्टाहरूको पङ्क्तिमा मोफसल चितवन बस्ने मलाई पनि उभ्याएकोमा हर्षविभोर भएको थिएँ। श्री मोहननारायण श्रेष्ठको अध्यक्षतामा भएको सो कार्यक्रमको प्रमुख अतिथि तुलसी दिवस र विशिष्ट अतिथिमा केन्द्रका सल्लाहकार प्रा.डा. वासुदेव त्रिपाठीलगायत पूर्व सम्मानित प्रतिभाहरू राजुबाबु श्रेष्ठ, सीता अर्याल, नेत्रमणि आचार्य, प्रा.डा. नारायणप्रसाद खनालका साथै साहित्यकारहरूमा गोविन्दराज विनोदी, अमृत भादगाउँले, विष्णु प्रभात आदि दर्जनौँको सहभागिता थियो। निर्माण व्यवसायी सङ्घको हल, हरमटारीमा भएको यो समारोहमा केन्द्रकी संरक्षिका श्रीमती मायादेवी देवकोटाको हातबाट पुरस्कार प्राप्त गरेको थिएँ।

समाजसेवी विद्यादेवी देवकोटा (पूर्व सहायक मन्त्री) मेरो फुपूसासू, उहाँकै घर

ठमेलमा बसेर मैले बी.एड. गरेको हुँ। राजेश्वर देवकोटासँग मेरा बुबा, साहिँला बुबासँग भावनात्मक, राजनैतिक वा कस्तो सम्बन्ध थियो ? मलाई थाह भएन। बेलाबखत कुरा गर्नुहुन्थ्यो - क्रान्तिताका भूमिगत अवस्थामा हाम्रो गाउँको घर ताकलुङ र वेसी ठेउवाको घरमा पनि केही दिन बस्नुभएको कुरा बुवाहरूबाट सुनेको हुँ। पहिलोपटक काठमाडौँ जाँदा नयाँसडकस्थित उहाँको 'नेपाल एडभरटाइजिङ एजेन्सी' अफिसमा पुऱ्याएर चिनजान गराउनुभएको थियो। मैले उहाँलाई अभिभावकको रूपमा स्वीकारेको थिएँ। तत्कालीन सहायक मजिष्टेट वराहथानका ठुलोबुवा हिमलाल खनालको सल्लाहमा रा.पं.स. राजेश्वर देवकोटाजीकै सिफारिसमा काठमाडौँ मेजिस्टेट अफिसबाट मैले नागरिकता बनाएको हुँ। राजेश्वरजी शिक्षा सहायक मन्त्री भएपछि ठहिटी, क्षेत्रपाटी चन्द्रोदय औषधालय सँगैको डेराबाट नयाँ किनेका घर महाराजगञ्जमा सामान पुऱ्याउने उहाँका कान्छा भाइ जगदीश्वरलाई सघाउनेमा रामशरण शर्मा अर्याल, तुलसी न्यौपानेसँगै म पनि थिएँ। मलाई सम्झना छ त्यतिबेला लैनचौरभन्दा माथिको सडक पिच थिएन। कच्ची, खाल्टा-खुल्टी बाटो भएर जानुपर्ने महाराजगञ्ज दुर्गम लाग्थ्यो। पानीपोखरीको ओरालोमा साइकलबाट कतिचोटि लडेको छु।

पैदल चार-पाँच दिन लगाएर पहाडबाट जानुपर्ने, चितवनबाट हेटौँडा हुँदै ट्रकमा त्रिभुवन राजपथबाट काठमाडौँ जानुपर्ने र घरपट्टीको कचकच खप्नुपर्ने बाध्यताको विकल्प थिएन। अनि बिरालोले बच्चा सारेझैँ सुकुल, कुमलो-कुटुरो बोकेर डेरा सर्नुपर्ने, आफूले विद्यार्थी जीवनको कष्टकर दिन भोगे पनि छोराछोरीलाई सहज हवोस् भनेर मैले काठमाडौँ-१६, ह्मैपीमा सानो घर बनाएँ। प्र.अ. बाट निवृत्त भएपछि मोहननारायण श्रेष्ठले पनि टोखा जाने बाटो खरीबोट नजिक कोलोनीमा घर बनाउनुभयो। प्रायः महिनाको एकपटक काठमाडौँ पुग्दा मैले फोन गर्ने पहिलो नम्बर मोहन सरको हुन्थ्यो। प्रत्यक्ष भेटघाट र टेलिफोन वार्ता पनि हुन्थ्यो। हरि सांस्कृतिक केन्द्र, गोरखाको पुरस्कार वितरण कार्यक्रम-२०६६ पछि काठमाडौँ पुगेर मोहन सरलाई फोन गर्दा "राजेश्वरजी अलि बिरामी हुनुहुन्छ, भोलि बिहान भेट्न जाऔँ" भन्नुभयो। निर्धारित स्थान र समयमा भेटेर हामी सँगै गई स्वास्थ्य लाभको कामना गऱ्यौँ। "केदारबाबु ! तपाइँले हरि सांस्कृतिक केन्द्रमा बसेर सहयोग गर्नुपऱ्यो" भन्नुभयो। सायद मोहन सर र देवकोटाजीको बिचमा पहिल्यै केही सल्लाह भएछ कि ? मैले अवज्ञा गर्न सकिन र "हुन्छ" भनेँ। उहाँकी जीवनसङ्गिनी मायादेवीजीले गिलासभरि गाईको दूध ल्याएर हामीलाई दिनुभयो। बिहानको भोक मार्ने गरी खायौँ। हरि सांस्कृतिक केन्द्रको संरक्षिका ममताकी प्रतिमूर्ति उहाँको निमोनिया बिग्रेको सामान्य रोगका कारण २०६७ फागुन १९ गते ब्रह्मलीन हुनुभएछ। दिदी विद्यादेवीबाट

दुःखद समाचार सुन्दा स्तब्ध भएँ । दिवङ्गत आत्मप्रति भावपूर्ण श्रद्धाञ्जली ।

हरि सांस्कृतिक केन्द्रको कार्यसमिति सदस्यमा २०६६ सालबाट रहेदेखि नै अध्यक्ष मोहन सरले मलाई गोरखाली र गोरखाको बारेका पुस्तक खोजेर पढ्न, मूल्याङ्कन गरेर सुझाव दिने जिम्मेवारी दिनुभयो, मैले पनि इमानदारीपूर्वक आफ्नो ब्रह्मले देखेको सुझाव-सहयोग गरेँ । केन्द्रको गतिविधि अद्यावधिक होस्, अभिलेख सुरक्षित रहोस् भन्ने उद्देश्यले मुखपत्र प्रकाशन गर्न सुझाएँ, सहमति भयो र प्रकाशनको जिम्मेवारी पनि ।

संस्थाको प्रतिनिधित्व गर्ने 'हरि' को अर्थबोधक शब्द खोज्दै जाँदा **विष्णुसहस्रनाम स्तोत्रम्**मा *'आवर्तनो निवृतात्मा संवृतः सम्पमर्दनः ...'* भेटेँ ॥३८॥ (संसारचक्र आफैले घुमाउँदा निरन्तर 'आवर्तन' भएका हुन् । उनैलाई नमोनमः । - **श्रीविष्णुसहस्रनाम स्तोत्रम्**, नारायणीय नेपाली निवर्चनसंहिता, प्रा.डा. नारायणप्रसाद खनाल) । राजेश्वरजीको 'हरि सांस्कृतिक केन्द्र : एक चर्चा' शीर्षकको लेखसहित **आवर्तन**को पहिलो पाइलो लिएर महाराजगञ्ज गएर दिएँ । सर्सर्ती हेरेर केही विस्मृत हुँदै एकक्षणपछि मुसुक्क हाँसेर मलाई पुलुक्क हेरेर भन्नुभयो, "मेरै पहिलो उपन्यासको नाम परेछ !" म रुसङ्ग भएँ । किंकर्तव्यविमुढ ! के गरौँ, कसो गरौँको स्थितिमा । "ठिकै छ, केही छैन" भनेपछि मात्र सहज हुँदै भनेँ, "ए ! त्यो त मैले पढेकै रहेनछु, थाह भएन । **द्वन्द्वको अवसान** त स्नातक तहमा पढाएकै हो । **उत्सर्ग प्रेम** पढेको थिएँ । **आवर्तन** पनि तपाईँको उपन्यास रहेछ । मेरो अल्पज्ञान, थाह भएन" भन्दै प्रष्टीकरण दिएको थिएँ । लहडमा संयोगले 'आवर्तन'को न्वारन भएको हो, निकैपछि त्यो पुस्तक पढेँ ।

श्री मोहननारायण श्रेष्ठको अध्यक्षता र प्रा.डा. वासुदेव त्रिपाठीको संयोजकत्वमा केन्द्रको आफ्नै भवनमा २०६६ सालको 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' प्रभा कैनीको **अनावृत्त** उपन्यास र २०३७ सालको उक्त पुरस्कार तुलसी न्यौपानेको **महादेशीय यात्रा** (यात्रासंस्मरण)का लागि प्रदान गरियो । यसैगरी २०६८ सालमा विकलचन्द्र आचार्यको **मोह** उपन्यास, २०६९ सालमा तुलसीमान श्रेष्ठको **लोकगीत परिचय र विश्लेषण** २०७० सालमा रमेशचन्द्र देवकोटाको **स्वाभिमान** (महाकाव्य) लाई हरि उत्कृष्ट प्रतिभा पुरस्कार प्रदान गरियो । **प्रतिबिम्ब** महाकाव्यका लागि २०६४ सालमा पुरस्कृत गर्न निर्णित कवि नारायणप्रसाद पोखरेललाई पनि सोही समारोहमा पुरस्कारसहित सम्मान गरिएको थियो ।

मोहननारायण श्रेष्ठको काठमाडौँमा घर बनेपछि क्याम्पस प्रमुखको जिम्मेवारी बिसाएर सञ्चालक समितिको अध्यक्ष भएपश्चात् प्रायः उतै बस्ने गर्नुभयो । मुटुको

बिरामी उहाँका छोरा बेलायत बस्ने भएकाले बेलाबेला उपचार गराउन जानुहुन्थ्यो, पेसमेकर राखेर आउनुभयो । यसैबिच केन्द्रका तत्कालीन सचिव रुद्र पोखरेल, सुनील अर्याल, सलिल देवकोटा, दिलीप देवकोटालगायत केही हामी हरि सांस्कृतिक केन्द्रसँग सम्बन्धित व्यक्तिहरू, संरक्षक राजेश्वरजीको निवास महाराजगञ्जमा भेला भएर संस्थाको गतिबिधिबारे छलफल गर्‍यौँ । संस्थालाई क्रियाशील बनाउनुपर्छ, गतिविधि अवरुद्ध हुनुहुँदैन भन्ने उहाँकै सदाशयबमोजिम २०७१ साल फागुन २४ गते गोरखास्थित आफ्नै भवनबाट स्थगित रहेको २०६८, २०६९ र २०७० सालको पुरस्कार वितरण गर्ने निर्णय भयो । सोही आधारमा चितवनबाट म, प्रा.डा. नारायणप्रसाद खनाल, कवि गोविन्दराज विनोदीहरू अघिल्लै दिन गएर कार्यसमितिका साथीहरूसँग मिलेर तयारी गर्‍यो भने काठमाडौँबाट प्रमुख अतिथिलगायतका पाहुना लिएर सलिल देवकोटाहरू पुग्नुभयो । कार्यवाहक मेरै अध्यक्षतामा प्रा.डा. वासुदेव त्रिपाठी सरको प्रमुख आतिथ्यतामा भएको 'स्रष्टा सम्मान एवम् पुरस्कार अर्पण कार्यक्रम'मा हरि उत्कृष्ट प्रतिभा पुरस्कार-२०७१ **हिमालपारि** महाकाव्यका लागि डा. फणीन्द्रराज देवकोटा, २०७२ सालको सो पुरस्कार सीताराम अधिकारीको **आँधी** कवितासङ्ग्रहका लागि, २०७३ सालको उक्त पुरस्कार राजेन्द्र अर्यालको **माल्भा** नियात्रासङ्ग्रह र नगेन्द्र न्यौपानेको **कङ्गो र इथियोपियाको सेरोफेरो** यात्रासंस्मरणका लागि संयुक्तरूपमा र २०७३ सालको हरि उत्कृष्ट प्रतिभा पुरस्कार कवि त्रयोदशको **आरोहण** महाकाव्य पुरस्कृत भएको थियो ।

हरि सांस्कृतिक केन्द्रका संस्थापक संरक्षक राजेश्वर देवकोटाले २०७२ साल साउन २५ गते नश्वर चोला त्याग्नुभयो । रूढीग्रस्त अन्धधर्मका विरोधी प्रकृतिमा ईश्वरको दिव्यता देख्ने आस्तिक एवम् समाज सुधारक राजेश्वरजीकै इच्छाअनुसार सात दिनमा काजक्रिया सक्ने अवधिभित्रै पाँचौँ दिन हामीले संस्थाको तर्फबाट गोरखामा केन्द्रको आफ्नै भवनमा श्रद्धाञ्जली एवम् शोकसभाको आयोजना गर्‍यो । यसैगरी जिल्ला ज्येष्ठ नागरिक सङ्घको आयोजना एवम् अध्यक्ष मोहनलाल श्रेष्ठको अध्यक्षतामा जिल्ला समन्वय समिति, गोरखाको हलमा १३औँ दिन कवितावाचनसहित विशाल श्रद्धाञ्जली सभा सम्पन्न भएको थियो । केन्द्रका संस्थापक-संरक्षक बितेको वर्ष दिन नपुग्दै संस्थापक अध्यक्ष मोहननारायण श्रेष्ठले २०७३ साल असार २१ गते महाप्रस्थान गर्नुभयो ।

अभिभावकविहीन विचलित अवस्थामा रहेका हामीलाई सम्बल प्रदान गर्न र संस्थालाई गतिशील बनाउन उत्तराधिकारी संरक्षक इ. ईश्वरचन्द्र देवकोटा, डा. जगदीश्वर देवकोटा, सलिल देवकोटाहरूको समुपस्थितिमा केन्द्रको आफ्नो

भवनमा २०७४ साल फागुन १० गते मेरै अध्यक्षतामा कार्यसमिति पुनर्गठन भयो। वर्षैभरि साहित्यिक गतिविधि शिथिल भएको अवस्थालाई दृष्टिगत गरी केन्द्रका संरक्षक-संस्थापक देवकोटाको ९२औँ जन्मजयन्ती (२०७७ साल असोज २३ गते) को अवसरमा मेरै काव्यकृति **ताकलुङको मधुरिमा** प्रकाशन गरेर श्रद्धासुमन अर्पण गरियो भने उत्तराधिकारी संरक्षक इ. ईश्वरचन्द्र देवकोटाको पहलमा २०७८ साल कार्तिक १४ (२१ अक्टोबर, २०२१) का दिन अमेरिकास्थित 'नर्थ क्यारोलाइना नेपाली साहित्य समाज'को आयोजना र हरि सांस्कृतिक केन्द्र, गोरखाको सहआयोजनामा जुम प्रविधिबाट 'राजेश्वर देवकोटाको साहित्यिक र दार्शनिक व्यक्तित्व' शीर्षकमा अन्तर्राष्ट्रियस्तरकै गोष्ठी सम्पन्न भयो। चार घण्टासम्म चलेको सो अन्तर्क्रियात्मक गोष्ठीमा अमेरिकाका विभिन्न राज्यहरू, क्यानाडा, फ्रान्स, बेलायतका साथै नेपालका काठमाडौँ, पोखरा, गोरखा, चितवनका विशिष्ट साहित्यकारहरूको उपस्थिति थियो।

'राजेश्वर देवकोटाको उपन्यासमा साङ्ख्य दर्शन'मा विद्यावारिधि गर्नुभएका डा. टीकाराम आचार्य 'आरुणि'को शोधपरक समालोचनात्मक कृति सातौँ प्रकाशनमालाको रूपमा छापियो। केन्द्रका संस्थापकको श्रद्धाञ्जली सभामा सङ्कल्पित **राजेश्वर देवकोटा स्मृतिग्रन्थ-२०७९** मेरै प्रधान सम्पादकत्वमा प्रकाशन भएको छ। विशिष्ट महानुभावहरूको लेख-रचनासहित सात खण्ड र ५९२ पृष्ठको स्मृतिग्रन्थ प्रकाशन गरेर २०७९ ज्येष्ठ २७ गते २५६६औँ बुद्धजयन्तीको दिन लोकार्पण भएकोमा यद्किञ्चिदपि संस्थाप्रतिको जिम्मेवारी निभाएको अनुभूत भएको छ।

श्रीपञ्चमी-२०७८ को पावन अवसरमा स्रष्टासम्मान एवम् कृति विमोचन गर्ने मिति तय भए पनि विविध कारणवश २०७९ साल जेठ २७ गते सरेको थियो। सम्बन्धित सबैलाई आमन्त्रण गरी पूर्ण तयारीका साथ कार्यक्रममा सहभागी हुने अघिल्लो दिन मुगलिन-खैरहनीबिच मर्स्याङ्दी पावर हाउस नजिक अकस्मात् सडक भासिएर चालकसहित मोटर साइकल र कार चालकसहित चार-पाँच जना खसेर मर्स्याङ्दीमा समाहित भएको अप्रत्याशित घटनाले दिनभर पृथ्वी राजमार्गमा आवत-जावत ठप्प भयो। तथापि इच्छाशक्ति प्रबल हुँदा साँझपख अवरुद्ध बाटो व्यवधानको पर्वाह नगरी हामी पुग्यौँ। निर्धारित मितिमा आफ्नै भवनमा स्रष्टा सम्मान तथा कृति लोकार्पण मेरै अध्यक्षता र प्रा.डा. विष्णुप्रसाद पौडेलको प्रमुख आतिथ्यतामा भएको साहित्यिक समारोहमा **राजेश्वर देवकोटा स्मृतिग्रन्थ-२०७९**, डा. टीकाराम आचार्य 'आरुणि'को **राजेश्वर देवकोटाको उपन्यासमा साङ्ख्य दर्शन,** प्रा.डा. नारायणप्रसाद खनाल प्रणीत **राजेश्वरकाव्यम्** (जीवनी सम्बलितम् संस्कृत) र **आवर्तन** तेस्रो पाइलो-२०७९ लोकार्पण भयो। सोही समारोहमा 'हरि उत्कृष्ठ प्रतिभा पुरस्कार-२०७५' हरिप्रसाद सोडारीद्वारा

सम्पादित **अनेकौँका दृष्टिमा राष्ट्र निर्माता** कृतिलाई, मुना धितालको **आत्मसलिल** (महाकाव्य)का लागि २०७६ सालको, गौरी देवकोटाको **प्रतिरोध** (कवितासङ्ग्रह)का लागि २०७७ र डा. टीकाराम आचार्य 'आरुणि'को **राजेश्वर देवकोटाको उपन्यासमा साङ्ख्य दर्शन** कृतिका लागि हरि उत्कृष्ट प्रतिभा पुरस्कार-२०७८ अर्पण गरियो ।

देशमा २०४७ सालको प्रजातन्त्रको पुनर्बहालीपछिको परिवर्तित राजनैतिक अवस्था, २०५२ देखि २०६२ सालसम्मको द्वन्द्वकालीन कहालीलाग्दो अवधिभर सधैँजसो बन्द, हडताल, हत्या, हिंसा, आतङ्क, सन्त्रास, आगजनी आदि भयाक्रान्त स्थितिको ह्याङओभरको अवशेष, २०७२ साल वैशाख १२ गते गोरखाको बारपाक केन्द्रबिन्दु भएर करिब १२ बजे गएको ७.८ रेक्टर स्केलको भूकम्पले नौ हजारजति नेपालीको ज्यान लिएको दारूण अवस्था । अढाइ लाखभन्दा बढी घर भत्के/ध्वस्त भए । घाइते र आंशिक क्षतिको सङ्ख्या अनगिन्ती धन-जनको विनास, **कोभिड १९** को त्रासदीपूर्ण अवस्थाले महिनौँ लकडाउनले बन्दा-बन्दी, सामाजिक दूरी - मलामीसम्म नपाउने मृत्यु सन्नाटा, शान्ति र सिर्जनाका लागि प्रतिकूल र असहज रह्यो नै, यसै अवधिमा संरक्षिका मायादेवी देवकोटा, संस्थापक अध्यक्ष मोहननारायण श्रेष्ठ र हरि सांस्कृतिक केन्द्रका संस्थापक संरक्षक राजेश्वरजी पनि ब्रह्मलीन हुनुभएकाले र सङ्कटग्रस्त एवम् शोकसन्तप्त अवधिसमेत भएकाले अपेक्षाकृत रचनात्मक काम हुन सकेन ।

सङ्क्षेपमा भन्दा परोक्षरूपमा हरि सांस्कृतिक केन्द्रसँग स्थापनाकालदेखि नै संलग्न भए पनि प्रत्यक्षतः २०६६ सालदेखि जोडिएँ र २०७१ सालदेखि २०८० साल जेठ २ गतेसम्मको नेतृत्व अवधिसमेत डेढ दशक प्रतिकूल अवस्था भयो । मेरो बसाई चितवन र कार्यक्षेत्र गोरखा भएकाले पनि अपेक्षित कार्य हुन नसकेकोमा दुःखी छु । अब संस्थाकै पूर्वउपाध्यक्ष विदुषी डा. प्रभा देवकोटा कैनीको सक्षम, कुशल नेतृत्व र पूर्ण जिम्मेवार संस्थापक-प्रमुख संरक्षक इ. ईश्वरचन्द्र देवकोटाज्यूको छत्रछायामा हरि सांस्कृतिक केन्द्रले काँचुली फेर्नेछ । यसका संस्थापकको गोरखामा साहित्यिक, सांस्कृतिक आलोक छर्ने लक्ष्य छ र केन्द्रमा एउटा व्यवस्थित पुस्तकालय सञ्चालन गर्ने सपना पूरा हुनेछ भन्ने अपेक्षाका साथ हार्दिक शुभकामना व्यक्त गर्दै मलाई साथ, सहयोग दिनुहुने संरक्षक, कार्यसमितिका सम्पूर्ण साथीहरू र शुभेच्छुक सबैमा आभार-साधुवाद ! अस्तु ।

श्रीपञ्चमी, २०८०

❒

# हरि सांस्कृतिक केन्द्रको गतिविधि र संशोधनसहित विधान पुनर्लेखन–२०८०



❑ सुनील अर्याल
सचिव

हरि सांस्कृतिक केन्द्र २०४६ सालमा स्थापना भएको हो । यस संस्थाले समग्र गोरखा जिल्लाको कला, साहित्य, संस्कृति, गीत, सङ्गीतको खोज–अनुसन्धान गरिएका प्रकाशित कृति वा पाण्डुलिपिलाई पुरस्कार र प्रकाशन गर्दै आएको छ । गोरखा जन्मथलो वा कर्मथलो भएका स्रष्टालाई 'हरि उत्कृष्ट प्रतिभा' पुरस्कारद्वारा सम्मान गरिन्छ । जिल्लाव्यापी माध्यमिक विद्यालयस्तरका विद्यार्थीबिच कविता, निबन्ध, वक्तृत्वकलाजस्ता प्रतियोगितात्मक क्रियाकलापका माध्यमबाट नवोदित प्रतिभालाई 'हरि प्रतिभा पुरस्कार'द्वारा प्रोत्साहित गर्दै भाषा, साहित्य, संस्कृतिप्रति अभिरुचि जगाउने कार्य गर्दै आएको छ । विगत ३४ वर्षदेखि क्रियाशील यस केन्द्रका संस्थापक वरिष्ठ साहित्यकार एवम् राजनीतिज्ञ स्व. राजेश्वर देवकोटा र प्रा.डा. वासुदेव त्रिपाठीको अभिभावकत्व एवम् शिक्षाविद् स्व. मोहननारायण श्रेष्ठको अध्यक्षतामा सञ्चालन हुँदै आएकोमा वरिष्ठ शिक्षाविद्, साहित्यकार एवम् सामाजिक व्यक्तित्व श्री केदारनाथ खनालको अध्यक्षतामा मिति २०७४।११।१० मा कार्यसमिति पुनर्गठन भयो ।

हरेक वर्ष प्रदान गरिँदै आएको पुरस्कार २०७२ सालको महाभूकम्पका कारण नियमित हुन नसकी रोकिएको थियो । २०७५ साल माघ २७ गते केन्द्रको आफ्नै भवनमा अध्यक्ष केदारनाथ खनालको अध्यक्षता र वरिष्ठ समालोचक प्रा.डा. वासुदेव त्रिपाठीको प्रमुख आतिथ्य र वरिष्ठ समालोचक प्रा. राजेन्द्र सुवेदीको विशिष्ट आतिथ्यतामा आयोजित सम्मान तथा पुरस्कार प्रदान कार्यक्रममा २०७१ सालको हरि उत्कृष्ट प्रतिभा पुरस्कार डा. फणीन्द्रराज देवकोटा 'श्रमजीवी यात्री'को **हिमालपारि** (महाकाव्य) को लागि २०७२ सालको प्रा. सीताराम अधिकारीको **आँधी** (कवितासङ्ग्रह) लाई, २०७३ सालको श्री नगेन्द्र न्यौपानेको **कङ्गो र इथियोपियाको सेरोफेरो** (संस्मरण–नियात्रासङ्ग्रह) र श्री राजेन्द्रप्रसाद अर्यालको **माल्भा** (नियात्रासङ्ग्रह) लाई संयुक्त रूपमा र २०७४ सालको हरि उत्कृष्ट प्रतिभा पुरस्कार कवि त्रयोदशको **आरोहण** (महाकाव्य)लाई प्रदान गरियो । २०७० सालसम्म पुरस्कार राशि रु. १०,०००।– प्रदान

गर्दै आएकोमा संस्थापक संरक्षकहरूको सदाशयअनुसार २०७१ सालदेखि हरि उत्कृष्ट प्रतिभा पुरस्कार रु. २०,०४६।- बृद्धि भएको छ ।

केन्द्रको आफ्नै भवनमा अध्यक्ष श्री केदारनाथ खनालको अध्यक्षतामा मिति २०७९।०२।२४ गते भएको स्रष्टा सम्मान तथा पुरस्कार अर्पण समारोहमा प्रा.डा. विष्णुप्रसाद पौड्यालको प्रमुख आतिथ्यमा 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार–२०७५' श्री हरिप्रसाद सोडारीद्वारा सम्पादित **अनेकौँका दृष्टिमा राष्ट्र निर्माता** र २०७६ सालको मुना धिताल अर्यालको **आत्म सलिल** (महाकाव्य) का लागि, २०७७ सालको श्री गौरी देवकोटाको **प्रतिरोध** (कवितासङ्ग्रह)का लागि र २०७८ सालको सो पुरस्कार डा. टीकाराम आचार्य 'आरुणि'को **राजेश्वर देवकोटाको उपन्यासमा साङ्ख्य दर्शन** (शोधपरक समालोचना) कृतिका लागि अर्पण गरियो । सोही अवसरमा केदारनाथ खनालको प्रधान सम्पादकत्वमा प्रकाशित **राजेश्वर देवकोटा स्मृतिग्रन्थ** र केन्द्रको मुखपत्र **आवर्तन** (पाइलो तीन)का साथै डा. टीकाराम आचार्यको विद्यावारिधि शोधमा आधारित **राजेश्वर देवकोटाको उपन्यासमा साङ्ख्य दर्शन** कृति र प्रा.डा. नारायणप्रसाद खनालद्वारा संरचित **राजेश्वरकाव्यम्–२०७९** (जीवनी सम्बलितम्) समेत लोकार्पण गरियो । कार्यक्रम केन्द्रका सचिव सुनील अर्यालले सञ्चालन गर्नुभएको थियो ।

वि.सं. २०७४।११।१० देखि केदारनाथ खनालको अध्यक्षतामा गठन भएको यस केन्द्रको कार्यसमितिको केन्द्रका संस्थापक/प्रमुख संरक्षक इ. ईश्वरचन्द्र देवकोटाको प्रमुख आतिथ्यमा २०८०।०२।२० गते पुनर्गठन भई तपसिलबमोजिम सात सदस्यीय कार्यसमिति गठन भएको छ :

**तपसिल**

| | | |
|---|---|---|
| अध्यक्ष | : | डा. प्रभादेवी देवकोटा कैनी |
| सचिव | : | श्री सुनील अर्याल |
| कोषाध्यक्ष | : | श्री रामप्रसाद आचार्य |
| सदस्य | : | श्री गीता रेग्मी |
| सदस्य | : | श्री विष्णुप्रसाद पोखरेल |
| सदस्य | : | श्री शिशिर देवकोटा |
| पदेन सदस्य (प्रमुख संरक्षक) | : | इ. ईश्वरचन्द्र देवकोटा |

*प्रमुख संरक्षकको परामर्शमा तपसिलका सल्लाहकार समिति गठन भएको छ :*

| | | |
|---|---|---|
| सल्लाहकार संयोजक | : | निवर्तमान अध्यक्ष श्री केदारनाथ खनाल |
| सल्लाहकार सदस्य | : | डा. जगदीश्वर देवकोटा |

सल्लाहकार सदस्य : श्री मोहनलाल श्रेष्ठ
सल्लाहकार सदस्य : श्री विजयराज न्यौपाने
सल्लाहकार सदस्य : श्री सीताराम अधिकारी
सल्लाहकार सदस्य : श्रीमती कल्पना देवकोटा

डा. प्रभादेवी देवकोटा कैनी अध्यक्ष भएपछि केन्द्रको २०४६ सालमा दर्ता भएको विधान संशोधनसहित पुनर्लेखन गरी २०८० संशोधन गरियो । प्रा.डा. नारायणप्रसाद खनाल प्रणीत **राजेश्वरकाव्यम्** (जीवनीसम्वलितम्–नेपाली भाषा अनुवादसहितञ्च) दोस्रो संस्करण प्रकाशन एवम् केन्द्रको मुखपत्र **आवर्तन** (चौथो अङ्क) प्रकाशनका साथै आगामी २०८०।११।०२ गते श्री पञ्चमीका दिन 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार–२०७९' गोरखा, मसेलका लोककवि सुरेशकुमार भट्टलाई र यसै वर्षदेखि सुरु भएको राजेश्वर देवकोटाकी श्रीमतीको नाममा स्थापित 'मायादेवी स्मृति पुरस्कार–२०८०' गोरखा नगरपालिका–८, नौबिसेकी निर्मला अधिकारीलाई प्रदान गर्ने निर्णय गरिएको छ । पुरस्कृत दुवै प्रतिभालाई बधाइ तथा शुभकामना !

पुनर्लेखन गरिएको संस्थाको विधान यहाँ संलग्न छ :



हामीलाई देश जोडिदिने राष्ट्रनिर्माताको सालिकमाथि विदेशीका दलालहरू अन्जान आफ्ना कार्यकर्ताहरूलाई अघि सारेर लडाउँदै थिए । राष्ट्रवादी नेता राजेश्वर देवकोटा लगायत केही राष्ट्रवादीहरु सालिक जोगाउन लागिपरेका थियौँ । नुवाकोटमा रहेको राष्ट्रनिर्माताको सालिकमा राष्ट्रवादी नेता राजेश्वर देवकोटा र म यसरी उभिएका रहेछौँ । म बाँचेकै छु, राष्ट्रवादी नेताको निधन भयो । देश जहाँको तहीँ छ ।

– अबिनाथ योगी – पत्रकार

हरि सांस्कृतिक केन्द्र, गोरखा

विधान

२०४६

(संशोधन पुनर्लेखन २०८०)

र

"पुरस्कार र विद्वतवृत्ति"

नियमावली

२०४६

(संशोधन पुनर्लेखन २०८०)

(नेपाल सरकारद्वारा स्वीकृत)

(जि. प्र.का गोरखाबाट द.नं. ०४/०४६ )

हरि सांस्कृतिक केन्द्र, गोरखा

विधान

२०४६

(पुनर्लेखन २०८०)

र

"पुरस्कार र विद्वतवृत्ति"

नियमावली

२०४६

(पुनर्लेखन २०८०)

**प्रबन्ध-समिति**

| | |
|---|---|
| अध्यक्ष | डा. प्रभा कैनी |
| सदस्य सचिव | सुनिल अर्याल |
| कोषाध्यक्ष | रामप्रशाद आचार्य |
| सदस्य | विष्णु पोखरेल |
| सदस्य | गीता रेग्मी |
| सदस्य | शिशिर देवकोटा |
| सदस्य | ईश्वर चन्द्र देवकोटा (प्रमुख संस्थापक) |

परिच्छेद -१

प्रारम्भिक

१. संस्थाको नाम :- यस संस्थाको नाम हरि सांस्कृतिक केन्द्र रहने छ ।

(क) संस्थाको कार्यालय रहने ठेगाना :

यस संस्थाको मुख्य कार्यालय गोरखा नगरपालिका वडा नं. ६, शक्ति मार्गमा रहने छ ।

१

(ख) **संस्थाको कार्यक्षेत्र :**

यस संस्थाको मूलभूत कार्यक्षेत्र गोरखा जिल्ला भर हुनेछ । सम्बन्धित स्थानीय अधिकारीको स्वीकृतिमा आवश्यकता अनुसार नेपाल राज्य भर कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

(ग) **प्रारम्भ :**

यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(घ) **संस्थाको अस्तित्व :**

यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैरनाफामूलक, गैर राजनैतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिइ परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

(ङ) संस्थाले व्याक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न र उपभोग गर्न सक्ने छ ।

(च) संस्थाले व्याक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्ने छ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

(छ) संस्थाले आफ्नो हक अधिकार प्रयोग गर्दा अरुको हक अधिकार हनन् गर्ने छैन ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस विधानमा :

क) "विधान" भन्नाले हरि सांस्कृति केन्द्र विधान २०४६ "समय समयमा हुने संशोधन सहित" लाई सम्झनु पर्छ । "

ख) "संस्था" भन्नाले संस्था दर्ता ऐन, २०३४ अन्तर्गत जि. प्र. का. गोरखामा दर्ता भएको हरि सांस्कृतिक केन्द्र सम्झनु पर्दछ ।

ग) "प्रबन्ध समिति" भन्नाले यस विधान अनुसार गठित संस्थाको कार्य समितिलाई सम्झनु पर्छ ।

घ) "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा तथा विशेष साधारण सभालाई समेत जनाउँछ ।

२

ङ) "पदाधिकारी" भन्नाले यस संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्दछ ।

च) "नियम, विनियम" भन्नाले यस विधान अन्तरगत बन्ने नियम विनियमलाई जनाउँछ ।

छ) "स्थानीय अधिकारी" भन्नाले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस विधान र यस विधान अन्तर्गत बनेको नियम, विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

झ) "स्थानीय तह" भन्नाले गा.पा./महानगर/उपमहानगर/नगरपालिका र जि.स.स. लाई जनाउने छ ।

ञ) "कार्यालय भन्नाले" यस संस्थाको नियमित कार्य सञ्चालन गर्नको लागि निर्मित वा तोकिएको कुनै कक्षा वा भवन तथा यसद्वारा निर्देशित शाखा कार्यालय समेतलाई जनाउँदछ ।

ट) "आर्थिक वर्ष" भन्नाले श्रावण १ देखि आगामी आषाढ मसान्तको समय अवधीलाई सम्झनु पर्दछ ।

३. **संस्थाको छाप र चिन्ह :**

यस संस्थाको "हरि सांस्कृतिक केन्द्र २०४६ गोरखा नेपाल" भएको अण्डाकारको षट्कोण चिन्ह अङ्कित एउटा छुट्टै छाप हुनेछ ।

## परिच्छेद- दुई

४. **संस्थाका उद्देश्यहरु :**

यस केन्द्रका उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :-

(क) साहित्य, सङ्गीत र कलाको विकास गर्ने ।

(ख) साहित्यिक गोष्ठी, सेमिनार, साहित्यिक प्रतियोगिता स्थानीय र राष्ट्रिय स्तरमा आयोजना गर्ने ।

(ग) नवोदित र स्थापित प्रतिभाहरुलाई प्रोत्साहन, सम्मान र पुरस्कृत गर्ने ।

(घ) पाण्डुलिपि पुरस्कार, कृति प्रकाशन र विद्वतवृत्ति प्रदान गर्ने ।

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**

यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ :-

क) संस्थाले प्रचलित नेपालका कानून बमोजिम सम्वन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरेर मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने जमीन, भवन खरिद गर्ने, निर्माण गर्ने, भाडामा वा लिजमा लिनेछ र कम्प्युटर, इमेल, इन्टरनेट, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थाका लागि आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवा सुविधाहरु निर्धारण गर्नेछ ।

घ) संस्थाको उद्देश्य पूर्ति गर्न विभिन्न नीतिहरु अवलम्बन गर्नेछ ।

ङ) आफ्नो उद्देश्य पूरा गर्ने सिलसिलामा अरुको अधिकार हनन हुन नदिन संस्थाले सचेत भई काम गर्नेछ ।

च) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ ।

## परिच्छेद- तीन

### सदस्यता

**३. सदस्यताको प्रकार**

(क) आफ्ना पिता स्वर्गीय हरिभक्त देवकोटाको स्मृतिमा आर्थिक सहयोग समेत प्रदान गरी केन्द्र स्थापना गर्ने स्वर्गीय राजेश्वर देवकोटा यस केन्द्रको प्रमुख संस्थापक सदस्य हुनु भएकोमा वहाँको शेष पछि वहाँको सुपुत्र ईश्वर चन्द्र देवकोटा प्रमुख संस्थापक सदस्य मानिनु हुनेछ । यो अधिकार कानून बमोजिम वहाँको उत्तराधिकारीमा सदैं जानेछ र कुनै उत्तराधिकारी सो पदमा रहन अनिच्छुक वा अयोग्य भएको अवस्थामा त्यो अधिकार हरिभक्त देवकोटाको सन्तानमा अर्कोलाई हस्तान्तरण गरिनेछ ।

(ख) देहायका व्यक्तिहरू र प्रमुख संस्थापकले मनोनित गरेको अन्य व्यक्तिहरू र निजहरूको शेषपछि प्रमुख संस्थापकबाट तोकिए बमोजिम सदस्यहरू साधारण सदस्य हुने छन् ।

(१) गीता रेग्मी, गोरखा (सदस्य)

(२) सुनिल अर्याल, द्रव्य शाह वहुमुखी क्याम्पस, गोरखा (सदस्य)

(३) रामप्रसाद आचार्य, काठमाडौं, (सदस्य)

(४) राजन देवकोटा, आँपपिपल, वडा नं. ३, गोरखा (सदस्य)

(५) डा. प्रभा कैनी, काठमाडौं, (सदस्य)

(६) प्रदीप देवकोटा, आँपपिपल, वडा नं. ३, गोरखा (सदस्य)

(७) शिशिर देवकोटा, आँपपिपल, वडा नं. ३, गोरखा (सदस्य)

(८) विजयराज न्यौपाने, लम्जुंग (सदस्य)

(९) दिलिप देवकोटा, गोरखा (सदस्य)

(१०) बिष्णु प्रसाद पोखरेल, गोरखा (सदस्य)

(११) सुभाष चन्द्र देवकोटा , गोरखा (सदस्य)

(१२) सुरेन्द्र देवकोटा, गोरखा (सदस्य)

(१३) राम चन्द्र आचार्य, गोरखा (सदस्य)

(१४) नगेन्द्र राज मरहट्टा, गोरखा (सदस्य)

(१५) ईश्वर चन्द्र देवकोटा (प्रमुख संस्थापक सदस्य )

४. **सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :**

यस संस्थाको सदस्यताको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :

क) नेपाली नागरिक भएको ।

ख) १८ वर्ष उमेर पुगेका महिला वा पुरुष ।

ग) मानसिक सन्तुलन नगुमाएको ।

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

५

५. **संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :**

देहायको अवस्थामा कुनै व्याक्तिले संस्थाको सदस्यता प्राप्त गर्न सक्ने छैन ।

क) गैर नेपाली नागरिक ।

ख) १८ वर्ष उमेर पूरा नगरेको ।

ग) मगज बिग्रेको वा बौलाएको ।

घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजायँ पाएको ।

च) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

छ) साहूको दामासाहीमा परेको ।

ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसांजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भित्र ।

६. **सदस्यताको समाप्ति**

संस्थाको सदस्यता निम्न लिखित अवस्थामा समाप्त हुनेछ :-

(क) अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) संस्थाको हित र उद्देश्य विपरीत बोलेको वा काम गरेको भनी प्रबन्ध समितिले अनुशासनको कारवाही गरी पेश गरेको प्रतिवेदन साधारण सभाबाट स्वीकृत भएमा,

(ग) विधानको धारा ८ अनुसारको अवस्थामा भएमा,

(घ) कुनै सूचना नदिई लगातार ३ पटक बैठकमा अनुपस्थित भएमा,

७. **सदस्यता प्रदान गर्ने विधि**

क) यस संस्थाप्रति श्रद्धा र निष्ठा राख्ने व्यक्तिहरू संस्थाको सदस्य हुन योग्य हुनेछन् । प्रमुख संस्थापकको जीवन काल-भर निजले र त्यसपछि साधारण सभाले तोकिदिए बमोजिम सदस्यहरू रहने छन् ।

६

परिच्छेद- चार

साधारण सभा र प्रबन्ध समिति र

प्रशासकीय अधिकृत
नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय गोरखा

८. साधारण सभा

(क) सदस्यहरूको सामूहिक उपस्थिति साधारण सभाको रूपमा हुनेछ । संस्थाको साधारण सभा प्रबन्ध समितिले तोकेको स्थानमा र समयमा वर्षको एक पटक बस्नेछ । आवश्यक परेमा प्रबन्ध समितिले साधारण सभा बोलाउने निर्णय गरेमा अरू समयमा पनि बस्नेछ।

(ख) साधारण सभाको गणपूरक संख्या सदस्य संख्याको कम्तिमा ६६% सम्म हुनु पर्नेछ । गणपूरक संख्याको लागि दोस्रो पटकको साधारण सभामा ५१% सम्म उपस्थित संख्यालाई गणपुरक संख्या मानिनेछ ।

(ग) साधारण सभामा खास सदस्य आफै र संघ संस्था वा कुनै निकायको प्रमुख वा निजले तोकेको प्रतिनिधिले भाग लिन सक्ने छन् ।

(घ) प्रबन्ध समितिको अध्यक्ष वा निजको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्यले र नतोकिएकोमा उपस्थित सदस्यहरू मध्ये उमेर अनुसार सबैभन्दा वरिष्ठ व्यक्तिले साधारण सभाको अध्यक्षता ग्रहण गर्नेछ ।

(ङ) साधारण सभाको काम कर्तव्य देहाय बमोजिम हुनेछ :

(१) प्रबन्ध समितिले साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश गरेको जुनसुकै विषयमा यथोचित सल्लाह दिने ।

(२) लेखा परीक्षक नियुक्त गर्ने वा प्रबन्ध समितिलाई अधिकार दिने ।

(३) संस्थाको गतसालको हिसाबको विवरण र तत्सम्बन्धमा लेखा परीक्षकको प्रतिवेदन पारित गर्ने ।

(४) प्रबन्ध समितिले पेश गरेको वार्षिक प्रतिवेदन अध्ययन गरी आवश्यक भए राय सुझाव सहित पारित गर्ने ।

(५) प्रबन्ध समितिका सदस्यहरू छनौट गर्ने ।

(६) चालु वर्षको कार्यप्रगति र आगामी बर्षको कार्ययोजना पेश गर्ने।

७

९. प्रबन्ध समिति

(क) संस्थाको दैनिक कार्य सञ्चालनको निमित्त खण्ड (ख) बमोजिम बढीमा ७ जनासम्म सदस्यहरू भएको प्रबन्ध समिति रहनेछ । प्रमुख संस्थापकको परामर्शमा साधारण सभाले अध्यक्ष र अन्य पदाधिकारीहरु, सदस्य सचिव, कोषाध्यक्ष र अन्य आवश्यक पदाधिकारीको प्रबन्ध समिति तोक्नेछन् ।

(ख) प्रबन्ध समितिमा प्रमुख संस्थापक बाहेक अन्य सदस्यहरूको कार्यकाल २ वर्षको हुनेछ । २ वर्षको अवधि समाप्त भएपछि साधारण सभाले बढीमा ५ जना छनौट गर्ने र प्रमुख संस्थापकबाट बढीमा २ जनासम्म मनोनित गरी प्रबन्ध समिति गठन हुनेछ । सो प्रबन्ध समितिमा प्रमुख संस्थापकको जीवन कालभर वा निजले चाहेसम्म निज र पदेन सदस्य मध्ये २ जना रहनु आवश्यक हुनेछ । अवधि नपुग्दै बीचमा प्रबन्ध समितिको सदस्य रिक्त भएमा बाँकी अवधिको लागि अध्यक्षले प्रबन्ध समितिको राय लिई मनोनित गर्नेछ ।

(ग) प्रबन्ध समितिको बैठक वर्षमा २ पटक बस्नेछ । पचास प्रतिशतभन्दा बढीको उपस्थिति भएमा बैठकको गणपूरक संख्या पुग्नेछ । प्रबन्ध समितिको निर्णय बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षको निर्णयात्मक मतबाट निर्णय हुनेछ ।

(घ) प्रबन्ध समितिको बैठकको विवरण पुस्तिका (माइन्यूट) राखिने छ । यो विवरण पुस्तिका सदस्य सचिवको जिम्मामा रहने छ ।

(ङ) यस विधानमा साधारण सभाले गर्ने भनी तोकिएको काम कुरा बाहेक अरू संस्था सम्बन्धी गर्नुपर्ने देहाय बमोजिमका सबै काम कर्तव्य र अधिकार प्रबन्ध समितिको हुनेछ ।

(१) संस्थाको निमित्त चाहिने सहयोग उपलब्ध गराउने, संस्थाको कोषलाई राम्रो सुरक्षा हुने गरी बैंकमा जम्मा गर्ने, उक्त बैंकको खाता सञ्चालन गर्ने, संस्थामा रहने रकम र अरू संस्थाको सम्पत्तिको जिम्मा लिने व्यक्ति तोक्ने ।

(२) संस्थाको आम्दानी खर्चको हिसाब राख्ने, राख्न लगाउने । संस्थाको सम्पत्तिको संरक्षण तथा रेखदेख गर्ने गराउने ।

(३) संस्थाको उद्देश्य अनुसार काम गर्न चाहिने सामग्री तथा कामदारको व्यवस्था र आवश्यक खर्च गर्ने । संस्थाको आयमा बृद्धि हुने काम गर्ने ।

(४) संस्थाको सहयोग गर्ने विषय सम्बन्धी नीति, योजना, कार्यक्रम आय-व्यय बजेट तयार गर्ने । त्यसको कार्यान्वयन गर्ने गराउने ।

(५) उद्देश्य कार्यान्वयन गर्न सहयोगको क्षेत्र तोक्ने ।

(६) संस्था दर्ता ऐन, २०३४ र यस विधानको अधीनमा रही संस्थाको उद्देश्य पूरा गर्नका निमित्त गर्नुपर्ने र आइपर्ने सबै प्रकारका काम कारवाही गर्ने गराउने ।

(७) यस विधान बमोजिम साधारण सभाको निमित्त लेखा परीक्षणले प्रमाणित गरेको हिसाबको विवरण तयार गरी साधारण सभामा पेश गर्ने ।

(८) कामहरू सुचारु रूपले सञ्चालन गर्न आवश्यक देखेमा प्रबन्ध समितिले सहयोग समिति उप-समितिहरू गठन गर्ने ।

(९) यस विधानको अधीनमा रही काम गर्ने नियमहरू बनाउने ।

(च) प्रबन्ध समितिले पदाधिकारी वा कार्यालय सचिव वा सहयोग समितिलाई आफ्ना केही वा सबै अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद - ५
## पदाधिकारी तथा काम, कर्तव्य र अधिकार

**१०. पदाधिकारी**

संस्थाको कार्य सम्पादन गर्न यस विधानको अधीनमा रही प्रबन्ध समितिले तोकिदिए बमोजिम अध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्ष रहने छन् ।

**११. पदाधिकारीको काम, कर्तव्य र अधिकार**

साधारण सभा वा प्रबन्ध समितिले तोकिदिएका काम, कर्तव्य र अधिकार बाहेक देहायका पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्ष

प्रबन्ध समिति तथा साधारण सभाको बैठक बोलाउनु, बैठकको अध्यक्षता गर्नु, संस्थाको सम्पूर्ण क्रियाकलापको रेखदेख गर्नु नै अध्यक्षको काम, कर्तव्य र अधिकार हुनेछ ।

(ख) सदस्य-सचिव

अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउनु, बैठकको निर्णयहरू कार्यान्वयन गर्नु गराउनु, संस्थाको सम्पूर्ण कागजात तथा छाप जिम्मा लिनु र संस्थाको तर्फबाट गर्नुपर्ने सबै औपचारिक लेखापढी गर्नु नै सदस्य-सचिवको काम कर्तव्य हुनेछ ।

(ग) कोषाध्यक्ष

संस्थाको कोषको जिम्मा लिने, कोषको हिसाब किताब राख्ने, देखाउने, संस्थाको आयव्यय बजेट तयार गर्ने तथा हर हिसाब अद्यावधिक बनाई लेखा परीक्षण गराउनु कोषाध्यक्षको काम कर्तव्य हुनेछ ।

## परिच्छेद - ६
## आर्थिक व्यवस्था

### १२. आर्थिक स्रोत

(क) यस केन्द्रका संस्थापक राजेश्वर देवकोटाबाट केन्द्रका लागि समर्पण भएको रु. ५८,०००।- (अन्ठाउन्न हजार) र त्यसको अतिरिक्त यस विधान बमोजिम प्राप्त हुने रकम यस संस्थाको मूलपुँजी र आय स्रोत हुनेछ ।

यी सम्पत्तिहरू अक्षय रूपमा राखी त्यसको ब्याज वा आयस्ताबाट यस विधान बमोजिम संस्थाको कामकाज चलाइने छ ।

(ख) खण्ड (ग) को अतिरिक्त अन्य श्रद्धालुले प्रमुख संस्थापकको स्वीकृति लिई प्रदान भएको रकम पनि यस संस्थाले लिई खण्ड (क) बमोजिम संस्थाको काममा प्रयोग गर्न सकिनेछ।

(ग) खण्ड (क) मा संस्थाको सम्पत्ति अक्षय रूपमा राख्ने भनिए तापनि आय स्रोत बढ्ने घर, जग्गा वा बैंकमा लगानी गर्न बाधा पुऱ्याउने छैन ।

(घ) खण्ड (क) र (ख) बमोजिम प्राप्त रकम संस्थाको सम्पत्ति हुनेछ । सो केन्द्रको सञ्चालन तथा खर्च सम्बन्धी व्यवस्था प्रबन्ध समितिले बनाएका नियम बमोजिम हुनेछ ।

(ङ) केन्द्रको बैंकमा खाता सञ्चालन गरिने छ । अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कोषाध्यक्ष अनिवार्य रहने छ ।

१०

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

१३. हिसाब किताब र लेखा परीक्षण

(क) संस्थाको सम्पत्ति र आय व्ययको हिसाब किताब प्रबन्ध समितिले तोकिदिए बमोजिम राख्नु पर्नेछ ।

(ख) साल तमाम भएको कम से कम ६ महिनाभित्र संस्थाको आयव्यय विवरण र बासलात तयार गरी रजिष्टर्ड लेखा परीक्षकद्वारा लेखा परीक्षण गराउनु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम हिसाब किताब लेखा परीक्षण भैसकेपछि सो हिसाबको विवरण र तत्सम्बन्धमा लेखा परीक्षकको प्रतिवेदन प्रबन्ध समितिमा पेश गरी सो समितिको राय ठहरसाथ साधारण सभामा पेश गरिनेछ ।

(घ) संस्थाको हिसाब विवरण र लेखा परीक्षण प्रतिवेदन प्रत्येक वर्ष सम्बन्धित स्थानीय अधिकारी समक्ष पेश गरिनेछ ।

## परिच्छेद - ७
## विविध

१४. निर्वाचन सम्बन्धी व्यवस्था

संस्थाको प्रबन्ध समितिका सदस्य तथा पदाधिकारीको छनौट र निर्वाचन विधि साधारण सभाले तोकिदिए बमोजिम हुनेछ । निर्वाचन गर्ने गराउने काम अध्यक्षले तोकिदिए बमोजिमको निर्वाचन अधिकृतले गर्नेछ । प्रथम पटकको प्रबन्ध समितिको रचना र पदाधिकारीको चयन प्रमुख संस्थापकले गरिदिने छन् ।

१५. अविश्वासको प्रस्ताव

प्रबन्ध समितिको कुनै सदस्यबाट संस्थाको हित विरुद्ध काम भएको छ भन्ने ठहरेमा त्यस्ता सदस्यलाई जहिले पनि साधारण सभाको सम्पूर्ण सदस्य संख्याको बहुमतको स्वीकृतिमा हटाउने सकिने छ ।

१६. विधान संशोधन

यो विधान संशोधन गर्नुपर्ने भएमा सो संशोधन गर्ने कुरा साधारण सभामा पेश गरी सो सभाको सम्पूर्ण सदस्यहरूको दुई तिहाई बहुमतले पारित गरी स्थानीय अधिकारीको स्वीकृति लिई संशोधित विधान लागू गरिनेछ ।

१७. **ऐन बमोजिम हुने**

यस संस्थाको विधानमा नखुलेका कुराहरू संस्था दर्ता ऐन, २०३४ बमोजिम हुनेछ ।

१८. **संस्थाको विघटन**

संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा नेपाल सरकारमा सर्नेछ ।

१९. **संस्थाको नवीकरण**

संस्थाको बार्षिक नवीकरण नियम अनुसार गर्नु पर्नेछ ।

'म आफ्नो जीवनीको कुरा आफै भन्न चाहन्नथैं तपाईंले जिद्दी गर्नुभयो । २००४ सालको एउटा खोरको कुरा सुन्नुस्, चन्द्रबहादुर थापा प्रहरीका कप्तान थिए, जो पछि मुख्य सचिव पनि भए । अग्ला र मोटा पनि थिए । काठमाडौं एक्लै उनको काबुमा हुन्थ्यो । मलाई थानामा लगेर उनले हत्कडी लगाए । हत्कडीबाट हातै छिऱ्यो । उनले मेरा दुवै हात एउटै हत्कडीमा हालेर साँचो लगाए तैपनि छिऱ्यो । प्रहरीले हत्कडी छानेर ल्यायो त्यो पनि छिऱ्यो, म हाँसें । कप्तान रिसाए र प्रहरीलाई एक थप्पड हाने । दुब्लो पातलो प्रहरी फुर्लुक्क लड्यो । अर्को प्रहरीले अर्को हत्कडी ल्याइदियो । कप्तानले हत्कडी लगाएर साँचो मारे । त्यो पनि छिर्नेखालकै थियो । मैले नछिर्ने भएको बहाना गरें ।

कप्तानको रीस बढाउन त्यो हत्कडीबाट हात झिक्न सक्थें । तर अर्को प्रहरी पनि धराशायी होला भनेर हाँसो थामेर हत्कडी लागेको बहाना गरें । खोरभित्र लगिएँ । भित्र पुगेर पहिले हत्कडी झिकें र भित्तामा झुण्डाइदिएँ । त्यहाँभित्रका बन्दीहरुले मलाई 'बाल भगवान्' भनेर पूजा गरे । त्यहाँ एउटा कैदी भेटियो । ऊ बँदेलको मासुबाट सुन बनाउने उद्योग गरेको अभियोगमा थुनिएको रहेछ । उसले मासु हालेर मन्तर गर्ने भनिएको घ्याम्पो पनि त्यहीं थियो । तेल, तुरूङ्ग, ठिंड्को आदि दुर्यन्त्र पनि हेर्न पाइयो । रमाइलो लाग्यो । तर जति साँझ हुँदै थियो, ती दुर्यन्त्रबाट बन्दीहरु तर्सिएको तुरून्तै नरमाइलो लाग्यो । रात परेपछि बन्दीहरुलाई तुरूङ्ग र ठिंड्कोमा कसिदिने रहेछ । ठिंड्कोमा कसिएको अनुभव गरौंला भनेको तर राती नै हामीलाई खोरबाट धपाइदियो । तोप चलिराखेको काष्ठमण्डप सत्तलमा भजन गरी रात गुजारियो । किन मुक्ति पाइएछ भनेर बुझ्दा त सुरशमशेर राणाले ज्युनारन गरिबक्सिएनछ । सधैं बाहुनहरुले आफ्नो वंशको जय मनाएको सुनेर खाने चलन उहाँको रहेछ । हामी खोरबाट बिहान तीनधारा पाठशाला फर्क्यौं अनि जय मनाइदियौं ।

साभार : राजेश्वर देवकोटा व्यक्तित्व र विचारहरु : हिजो र आज

हरि सांस्कृतिक केन्द्र, गोरखाको प्रशासकीय अधिकृत

"पुरस्कार र विद्वतवृत्ति"

नियमावली

(१) **उद्देश्यः** स्थानीय तथा राष्ट्रिय तहसम्म साहित्य, सङ्गीत र कलाको अभिवृद्धि गर्न साहित्यकार तथा कलाकार प्रतिभाहरूलाई संरक्षण तथा अभिप्रेरित प्रदान गर्न वान्छनीय भएको हुँदा त्यसका लागि स्थापित हरि सांस्कृति केन्द्र, गोरखा र त्यसका विधान-अन्तर्गत 'पुरस्कार र विद्वतवृत्ति' सञ्चालनार्थ यो नियमावली तयार पारिएको छ।

(२) **पुरस्कारको नाम र अवधि :** पुरस्कारको नाम हरि उत्कृष्ट प्रतिभा पुरस्कार, मायादेवी स्मृति पुरस्कार र हरि प्रतिभा पुरस्कार हुनेछ। हरि उत्कृष्ट प्रतिभा पुरस्कार र हरि प्रतिभा पुरस्कार २०४६ सालदेखि प्रतिवर्ष प्रदान गरिँदै गइनेछ। "मायादेवी स्मृति पुरस्कार" २०८० सालदेखि प्रतिवर्ष प्रदान गरिँदै गइनेछ

(३) **पुरस्कार श्रोतः** हरि सांस्कृति केन्द्रका नाममा राष्ट्रिय वाणिज्य बैंक, गोरखा शाखामा साहित्यकार श्री राजेश्वर देवकोटाद्वारा मुद्दती खातामा जम्मा गरिएका ५८,०००।- र हरि सांस्कृतिक केन्द्रको विधान २०४६ को परिच्छेद ५ को ६.१ बमोजिमका रकमबाट प्राप्त ब्याजबाट मात्र यस पुरस्कारको सञ्चालन हुनेछ।

तर कुनै वर्ष पुरस्कारका लागि निर्णायक मण्डलले योग्य प्रतिभाको सिफारिस नगरेमा वा अन्य कुनै कारणवश पुरस्कार प्रदान नगरिएमा वा अन्य कुनै कारणले पुरस्कार राशि बच्न आएमा सो रकम मुद्दती खातामै जम्मा हुने छ र अर्को वर्ष त्यस समेतका ब्याजबाट आएको कुल रकम आनुपातिक रूपमा हरि उत्कृष्ट प्रतिभा पुरस्कार, मायादेवी स्मृति पुरस्कार र हरि प्रतिभा पुरस्कारमा थप गरी प्रदान गरिनेछ।

(४) **पुरस्कारका प्रकार :** निम्न लिखित ३ प्रकारका पुरस्कारको व्यवस्था गरिएकोछ –

(क) हरि उत्कृष्ट प्रतिभा पुरस्कार

(ख) मायादेवी स्मृति पुरस्कार

(मायादेवी स्मृति पुरस्कार, गोरखा जन्मथलो बा कर्मथली भई नेपाली भाषा साहित्य, संस्कृतिको क्षेत्रमा योगदान दिने महिला सर्जकहरुलाई मात्र यो पुरस्कार प्रदान गरिनेछ )

(ग) हरि प्रतिभा पुरस्कार

(५) **पुरस्कार रकम**

(क) हरि उत्कृष्ट प्रतिभा पुरस्कार, २५,०४६/- को एउटा मात्र

(ख) मायादेवी स्मृति पुरस्कार, २०,०८०/- को एउटा मात्र

(ग) हरि प्रतिभा पुरस्कार, १५,०४६/- को एउटा मात्र

(६) **रचना माध्यम :** साहित्यका विभिन्न विधा उपविधामा नेपाली भाषाका माध्यममा साधनारत प्रतिभाहरूलाई मात्र पुरस्कृत गरिने छ ।

(७) **कार्यक्षेत्र :** गोरखावासी वा गोरखामा कार्यरत प्रतिभा मात्र पुरस्कारका लागि योग्य हुने छन् । 'गोरखावासी' भन्नाले, गोर्खामा जन्मेका र गोर्खामा कार्यरत भन्नाले गोर्खामा र गोर्खा जिल्लासंग जोडिएका जिल्लाहरुमा समेत कार्यरत रहेका प्रतिभा अथवा गोर्खा बारेमा साहित्य, सङ्गीत र कलामा अन्वेषण, अनुसन्धान आदिमा सग्लग्न कहिँ पनि बसेकालाई जनाउँछ ।

(८) **पुरस्कार प्रदान मिति :** हरि सांस्कृतिक केन्द्र, प्रबन्ध समितिद्वारा निर्धारित मिति र समारोहमा पुरस्कार प्रदान गरिने छ ।

(९) **निर्णायक मण्डल :** प्रत्येक वर्ष प्रदान गरिने पुरस्कारका लागि प्रतिभाहरूको छनौट गरी सिफारिस गर्न प्रबन्ध समितिले ६ महिना अघि नै निम्न लिखित व्यक्तिहरू समावेश भएको एक निर्णायक मण्डलको गठन गर्नेछ –

(क) नेपाली भाषा र साहित्यका राष्ट्रिय स्तरका साहित्यकार वा प्राध्यापक मध्ये एक जना- अध्यक्ष

(ख) स्थानीय बुद्धिजीवी मध्ये एक जना - सदस्य

(ग) प्रमुख संस्थापकबाट मनोनीत एक जना - सदस्य

१४

(१०) **छनौट प्रक्रिया** : व्यक्तित्व र कृतित्वको आधारमा पुरस्कार योग्य प्रतिभाको छनौट हुनेछ । व्यक्तित्वको लागि सर्जकको वाङमयिक क्षेत्रमा उत्कृष्ट दीर्घ साधना र योगदान तथा कृतित्वको आधारमा दुई वर्ष अघिसम्मको प्रकाशित उत्कृष्ट कृतिलाई मूल्यांकन गरिनेछ । यसका लागि आवेदन माग गर्नु अनिवार्य ठहर्ने छैन, तर प्रकाशित उपयुक्त सामग्रीको अभाव भएको भन्ने निर्णायक मण्डललाई लागेमा यसै राय अनुसार रचना संकलन गरौ· केन्द्र आफैँले प्रकाशन गर्न वा प्रकाशनार्थ कुनै संस्थालाई सहायता दिन वा गोष्ठी गरी पुरस्कृत गर्न सकिने छ । यस अवस्थामा लाग्ने खर्च वा पुरस्कार रकम प्रबन्ध समितिले निर्धाति गर्न सक्नेछ । गोष्ठी गरी पुरस्कार प्रदान गरिने स्थितिमा 'हरि उत्कृष्ट पुरस्कार' चाहिँ वितरण गरिने छैन ।

(११) **नियमावली लागू मिति** : यो नियमावली तत्कालै लागू हुनेछ । पहिलो बर्ष २०४६ का लागि 'हरि श्रेयस्कर प्रतिभा पुरस्कार' र 'हरि प्रतिभा पुरस्कार' प्रतियोगितात्मक कवि गोष्ठीका आधारमा वितरण गरिने छ । अन्य पुरस्कारको व्यवस्था दफा (१०) बमोजिम नै हुनेछ ।

(१२) **नियमावलीको व्याख्या र संशोधन** : यस नियमावलीको व्याख्या र संशोधन गर्ने सम्पूर्ण अधिकार प्रबन्ध समितिमा सुरक्षित हुनेछ ।

## विद्वतवृत्ति

(१) विद्वतवृत्ति अन्तर्गत निम्नि लिखित व्यवस्था गरिएको छ –

(क) राजेश्वर देवकोटा विद्वतवृत्ति

(२) विद्वतवृत्ति प्रदान विधिः

(क) साहित्यिक र सांस्कृतिक अनुसन्धानकर्ताहरूको अध्ययनको लागि, ख्याति प्राप्त विद्वानहरूको सम्मेलनको लागि, कुनै पुस्तक वा पुस्तकहरूको मूल्याङ्कन समितिको भेटको लागि, नितान्त साहित्यिक रचना र सिर्जना वा अध्ययनको निमित्त वा अर्को कुनै यस्तै किसिमको कार्यक्रमको लागि हरि सांस्कृतिक केन्द्रको भवनमा केन्द्रित रही काम गर्न उपयुक्त भएमा समय समयमा यो पुरस्कार प्रदान गरिनेछ । प्रबन्ध समितिले यो पुरस्कारको अवधारणा बमोजिम आर्थिक स्रोत जुटाउन सकेमा वा

१५

सफल भएमा मात्र पुरस्कार प्रदान गरिनेछ । यो पुरस्कार राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रसार गरिनेछ र आवेदन आह्वान गरिनेछ ।

(३) राजेश्वर देवकोटा विद्वतवृत्तिको रकम र अवधि तथा सीमा प्रमुख संस्थापकको परामर्शमा प्रबन्ध समितिले गर्नेछ ।

❏

---

मेरो प्यारो सुन्दर देश
हिस्सी परेको उसै लोभ्याउने लुटुपुटु पार्ने यसको आफ्नै सन्देश
मदेश झऱ्यो मदेशै राम्रो
हिमाल चढ्यो हिमालै राम्रो
जता हेऱ्यो उतै राम्रो जसलाई हेऱ्यो उही राम्रो
कहाँ कहाँ बसिजाउँ कसलाई दिउँ माया
रोज्न छाड्न सकिन है प्रीति सबैमा लायाँ
जहाँ छ आफ्नो गीत गाथाको सुवास मेरो प्यारो सुन्दर देश

कर्णालीको छाल सरी मेरो जोवन बगेको छ
कहाँबाट उर्ली आयो कहाँ ओर्ली जान्छ
तल त यो गेरुवा बन्छ माथि जाने मन थियो
मनलाई जोवनले साथ दिएन
चिसापानी काटी त आएँ मन मेरो फर्केछ
तन र मन नमिलेको मेरो जीवन रैछ ।

(हरि सांस्कृतिक केन्द्रको आयोजना र भवानी बहुमुखी क्याम्पस, पालुङटारको व्यवस्थापनमा मिति २०८०।१०।१३ गते भएको अन्तर मा.वि. निबन्ध प्रतियोगितामा **प्रथम**)

**साधना थापा मगर**
श्री युनाईटेड इ.बो. स्कूल, ठाँटीपोखरी

# पर्यावरणमा विकासको असर

पृथ्वीको चारैतिर फिजिएको हावालाई पर्यावरण वा वाताबरण भनिन्छ । त्यति मात्र नभई हाम्रो वरिपरि रहेको हावा, पानी, माटो, जीवजन्तु, वनस्पति, सूर्यको प्रकाश आदि प्राकृतिक वस्तुहरू छन् । यिनै प्रकृतिकप्रदत्त वस्तु मिलेर बनेको हाम्रो वरिपरिको आवरण नै पर्यावरण हो । मानव जीवनलाई प्रभावित पार्ने भौतिक र जैविक परिवेशलाई पनि पर्यावरण भनिन्छ। त्यस्तै देशको भौतिक अवस्थामा गुणात्मक परिवर्तन गर्नु नै विकास हो । शिक्षा, स्वास्थ्य, यातायात, बजारीकरण साथै मानव जीवनसँग प्रत्यक्ष वा परोक्ष सरोकार राख्ने हरेक क्षेत्रको स्तरोन्नति गर्नु विकास हो । मानव जीवनसँग सम्बन्धित यावत् विषयको अवस्थालाई विपन्नताबाट सम्पन्नतातर्फ लैजादा मानिस जीवजन्तु, वनस्पति अर्थात् समस्त प्रकृतिमा विचलन आउनु पर्यावरणमा विकासका असर हुन् ।

पृथ्वीको वायुमण्डलमा रहेको हावा, पानी, सूर्यको प्रकाश, माटो तथा ओजन तहबिच रहेको एकआपसको सहसम्बन्धकै कारण पृथ्वीमा सम्पूर्ण प्राणीहरूको जीवन सम्भव भएको हो। हामी मानिसले पाएको यो सुन्दर रूपवती सुकसुकाउँदी प्रकृतिमाथि आफ्नो अनुकूलतामात्र ख्याल गरी भौतिक विकासको सौता भित्र्याएका छौँ । जसका कारण पृथ्वीको गर्भ तुहिइ असर हामी स्वयम् भोग्न विवश छौँ । ढुङ्गे युगबाट चेतना र विकास पहल कदमी अग्रगतिमा राखेका मानिस आज पृथ्वीमा मात्र नभई विभिन्न ग्रह-उपग्रहमा समेत आफ्नो अस्तित्व जमाउने तरखरमा छन् । हुन त यसलाई मानव सहजताको विकास मानेर स्वीकारे तापनि यसको प्रतिफल भने ज्यादै नमिठो रहेको छ ।

स्वच्छ पर्यावरणको पवित्र गङ्गा विशुद्ध जीवनको आधार हो । प्रकृतिले स्नेह दिएर पाएको यो अनुपम सुन्दरतालाई कुरूपता बनाउने काम आज होडबाजीका साथ चलिरहेको छ । जसले गर्दा यो पृथ्वी, यो पर्यावरण, यो प्रकृति मानिससँग रिसाएर भयङ्कर बनेकी छिन् । आफ्नो शरीरको पार्टपूर्जामा दीर्घकालीन सोचविना नै हुने गरेका विकास निर्माणका कार्यहरूले गर्दा स्वच्छ पर्यावरण ध्वस्त भएको छ । मानिसले औद्योगिक विकासको नाममा स्थापना गरेका सोचविचार नगरी कलकारखाना, उद्योगधन्दाबाट आफै रुग्ण बनेका छन् ।

यस्ता उद्योगधन्दा, कलकारखानाबाट निस्कने प्रदुषित हावा, प्रदुषित पानीले मानिसको जीवनदायिनी स्रोत पानी, प्राणवायु प्रदुषित भएको छ । यसले असर मानिसलाई मात्र होइन दुवै जलचर र स्थलचरलाई समेत बाँकी राखेको छैन ।

मानिसको लागि पर्यावरण त आवश्यक छँदै छ, त्यसमा पनि स्वच्छ र सन्तुलित पर्यावरणले मानिस, वनस्पति एवम सम्पूर्ण प्राणीलाई स्वच्छ र सन्तुलित राख्न सक्छ । पर्यावरणको सन्तुलन नै बिगार्ने गरी थपिएका विकासले विनाशको निमन्त्रणापत्र छाप्दै छ । सदा हरियाली रहेर वन्यजन्तुको प्राण बनेको वनजङ्गलको अव्यवस्थित फँडानीले गर्दा जीवजन्तु घरबारविहीन सुकुम्बासी बनेका छन् । ग्रामीण क्षेत्रमा वनजङ्गल फँडानी युद्धस्तरमा चलेको छ । जङ्गली जनावरहरू दिनदिनै लोप हुँदै जान थालेका, हरिया डाडाँपाखाहरू नाङ्गेझार हुँदै छन् । स्वच्छ पानीको मुहान सुक्दै छ । जसका कारण अतिवृष्टि, अनावृष्टिजस्ता प्राकृतिक विकृतिबाट प्रत्येक वर्ष नेपालीहरू पीडित हुनु परेको छ । ‘हरियो वन नेपालको धन’ यथार्थ उखान र दन्त्यकथामा बदँलिदै छ । उद्योगधन्दा, कलकारखाना, सवारी साधनबाट निस्कने धुँवा, वनजङ्गल फँडानी र बाटोघाटो निर्माणजस्ता कार्यहरूले पृथ्वीको गर्भ हल्लिएको छ र पर्यावरण दुषित भएको छ । हिजो रुख काट्न प्रहार गरेको बन्चरो आज मानव संसारको विनाशतिर उग्ररूप बनाएर फर्कने सम्भावना बढेको छ । यदि यो प्रकृति यसरी नै क्षतविक्षत हुँदै जाने हो भने हाम्रो विकास नामक हुन्डरीले कोमल प्रकृतिलाई नाङ्गेझार पारी पिट्ने छ र दुखाई स्वयम् हामी सर्वश्रेष्ठ प्राणी मानिस नै भोग्नु पर्नेछ ।

पर्यावरण विनाशका कारण बादल अम्लीय बनेर कालो अनुहार लगाएर पृथ्वीमा अत्याचार गर्दैछ । विकासका नाममा खोलिएका उद्योगधन्दा, कलकारखाना, सवारी साधनबाट निस्कने धुवा, वनजङ्गल फडानी र रासायनिक पदार्थको प्रयोगले पर्यावरण दुषित भई अम्लीय वर्षा, हरितगृह प्रभाव र ओजन तह क्षयीकरणजस्ता समस्याहरू देखिन थालेका छन् । वायुमण्डलमा रहेको नाइट्रोजन र सल्फर डाइअक्साइड जम्मा हुँदा पृथ्वी आकाशबाट परेको पानीसँग रासायनिक प्रक्रिया भई नाइट्रिक एसिड र सल्फ्युरिक एसिडजस्ता कडा अम्ल उत्पन्न भई वर्षासँगै जमिनसम्म आउँछ । यसलाई नै अम्लीय वर्षा भनिन्छ । जसका कारण भवन मूर्तिहरूमा क्षतविक्षत हुने, मानिस एवम वनस्पतिमा नकारात्मक असर पर्ने, वनस्पतिको पात पहेँलो हुने र मर्ने, जलचरको मृत्यु हुने, मानिसमा भयानक रोग लाग्न सक्ने, पृथ्वीको जमिनको उठेर शक्ति घट्दै जानेजस्ता समस्याहरू देखिन थालेका छन् । हाल जर्मनी र पश्चिमी युरोपका वनजङ्गल नष्ट हुनुको कारण अम्लीय वर्षा रहेको तथ्य खुल्न आएको छ ।

मानव जीवनमाथि वा पर्यावरणमाथि विकासले पारेको असर हो -

हरितगृह प्रभाव। विकासका नाममा खोलिएका उद्योगधन्दा, कलकारखाना, सवारी साधनबाट निस्कने धुलो, धुँवा, वनजङ्गल फडानीजस्ता कार्यहरूले पर्यावरण दुषित भएको छ, जसका कारण कार्वनडाइअक्साइडजस्तो प्रदूषक ग्याँसको मात्रामा वृद्धि हुन्छ। यसको वृद्धिले गर्दा सूर्यबाट आउने तापमा परावर्तित हुने प्रक्रियामा रोकावट हुन्छ, जसले गर्दा काँचको हरियो घरमा प्रकाशभित्र जाने तर बाहिर नआउने भएकाले तातो भएजस्तै पृथ्वीको तापक्रम पनि बदलिरहेको हुन्छ, जसलाई 'हरितगृह प्रभाव' भनिन्छ। यो प्रक्रियासँगै पृथ्वी तात्ने प्रक्रियालाई ' ग्लोबल वार्मिङ' भनिन्छ। ग्लोबल वार्मिडले गर्दा पृथ्वीमा रहेका सम्पूर्ण प्राणी, वनस्पति, जीवजन्तुमा प्रत्यक्ष असर पार्न जान्छ। यदि पृथ्वी तात्ने प्रक्रिया यसरी नै बढ्दै जाने हो भने पृथ्वीको सम्पूर्ण प्राणीहरूको अस्तित्व सुरक्षित नहुन पनि सक्छ।

यान्त्रिकीकरण, औद्योगिकीकरण र प्राकृतिक बन्ध्याकरणबाट विश्वभर पर्यावरणीय समस्या विकराल बन्दै आएको छ। यी समस्यामध्ये ओजन तह क्षयीकरण पनि एक हो। ओजन तह भन्नाले अक्सिजनको तीनओटा परिमाणु मिलेर बनेको अणु हो। यो प्राकृतिकरूपमा सामुद्रिक सतहबाट १५-५० किलोमिटरको दुरीमा रहेको हल्का निलो रङको वायुमण्डलको ९० प्रतिशतको ओजन ग्याँसको तह हो। यसले सूर्यबाट आउने हानिकारक किरण परावैज्ञानिक किरणलाई सोस्ने, फिल्टर गर्ने गर्छ। जसका कारण यो किरण पृथ्वीसम्म आउन सक्दैन। जसरी हामी घाम, पानीबाट जोगिनको लागि छाताको प्रयोग गर्छौं त्यसरी नै पृथ्वीलाई चार परावैजनिक किाणबाट हेवनको लागि ओजन तह छाता पिको प्रयोग गरिन्छ। तर आज यो छाता विकासले गर्दा छिद्र र पातलो हुँदै आएको छ। यो छाता छिद्र वा पातलो हुदाँ पृथ्वीवासी मानिस, जीवजन्तु, वनस्पतिमा विभिन्न समस्या देखा पर्न सक्छन्। मानिसहरूमा छालाको क्यान्सर, आखाँको रोग, मुटुको रोग, वनस्पतिमा बोटविरुवाको वृद्धिमा असर र जैविक विविधतामा पनि विभिन्न समस्याहरू सृजना हुन्छन्। जलवायु परिवर्तन हुँदै जान्छ। त्यसैले ओजन तहलाई बचाउनको लागि प्रत्येक वर्ष सेप्टेम्बर महिनामा विश्वभर "अन्तराष्ट्रिय ओजन तह संरक्षण दिवस" मनाइने र जनचेतना फैलाउने काम गरिन्छ तर यो त्यति प्रभावकारी भएजस्तो लाग्दैन। त्यसैले अब, ओजन तह बचाऔँ आफ्नो र प्रकृतिको अस्तित्व सुरक्षित राख्नेतर्फ आफै लाग्नुपर्छ।

आर्थिक विकासको नाममा तीब्र गतिमा अघि बढ्ने क्रममा भएको सहरीकरण, औद्योगिकीकरण र आणविक परिक्षणका माध्यमबाट हरियाली पृथ्वी रोगी बनेको छ र पर्यावरण दुषित भएको छ। युद्धोन्मत्त मान्छेको दम्भका कारण शस्त्रअस्त्रमा होडबाजी र आणतिक परीक्षणले गर्दा पृथ्वी विकृत हुँदै

आएको छ। युद्ध र क्रान्तिका कारण भएका विस्फोटकका कारण पृथ्वीको सुन्दर स्वरूपा कुरूप आएको छ । मानिस आफैले आफ्नो सहजताको लागि रोजेको बाटोले विनाश निम्त्याएको छ। माल पाएर पनि चाल नपाएजस्तो भएको छ। शक्तिको होडमा कुण्ठित मानिसको मस्तिष्क एवम् सोचाइले गर्दा हुने गरेका युद्ध क्रान्तिका विस्फोटकको अस्त्रबाट निस्कने हानिकारक ग्याँसले पर्यावरण दुषित भएको छ । यसको असर प्रत्यक्ष मानिसलाई र विष खाँदै बखाएको जलचर, स्थलचर, वनस्पति सबैले भोग्नु परेको छ।

जिज्ञासु मानिस सदैव नयाँ खोज र अनुभव बटुल्न आतुर छ। स्वच्छ र कल्कलाउँदो प्रकृतिले दिएको अपूर्व उपहार मानिसले विज्ञान र प्रविधिको प्रयोग गरेर स्वर्गीय सुखलाई काखमा लुटपुटाउने काममा वर्तमान समय सक्रिय छ। मानिसले आफ्नै सुख र वैभवका निम्ति प्राकृतिक संशोधनको उपयोग गरी नयाँ-नयाँ वैज्ञानिक आविष्कार गरेका छन् जसले गर्दा पृथ्वीलाई कुष्ठरोग लागेजस्तो भएको छ। मानिसकै विवेक र बुद्धिले निर्माण गरेका रेफ्रिजेरेटर, चिसोलाई तातो र चिसो बनाउने कुलर, हिटरजस्ता वैज्ञानिक साधनहरूको प्रयोगले पर्यावरण दुषित भएको छ र असर हामी मानिसले नै भोग्नु परेको छ । उद्योगधन्दा, हवाइजहाज र रेफ्रिजिरेटरबाट निस्कने क्लोरोफ्लोरो कार्बनले ओजन तहलाई क्षयीकरण गर्छ र असर पृथ्वीले भोगिरहेको छ ।

जैविक विविधतासँगसँगै अर्को असर हो, जलवायु परिवर्तन । जलवायु परिवर्तनले विभिन्न समस्याहरू पर्न जान्छ। हामी मानिसको शरीर पञ्चमहाभूतबाट बनेको हुन्छ । जसमा टेक्ने धर्ती, जिउने ऊर्जा, पिउने पानी र ओत लाग्ने आकाश साथै, फेर्ने हावा (सास) यी सबैमा विज्ञानका आविष्कारका साधनहरूले आफ्नो अस्तित्व जमाउन खोज्छन् अनि अकस्मात् मौसममा फेरबदल आउँछ अनि हाम्रो शरीरले थेक्नै सक्दैन । गर्मी अति बढेर पृथ्वीमा खडेरी पर्छ कि त पृथ्वीले, थाम्नै नसक्ने गरी वर्षा हुन्छ, बाढीपहिरोले तहसनहस पार्छ। वर्षा हुने समयमा हुरी-बताससँगै घनघोर वर्षा भई अम्लीय वर्षा पनि हुन्छ। प्रदूषण ह्वात्तै बढेर पृथ्वीमा बादल र तुँवालोले ढाक्ने गर्छ। मिथेन, एमोनियम कार्बन, कार्बन मोनोअक्साइडको मात्रा वृद्धि हुँदै जान्छ। यसले ध्रुवीय क्षेत्र र अग्ला शिखरहरूमा फैलँदै जान्छ। यसको सिकार भने हामी मानिसले नै हुन्छौं ।

पृथ्वीको शिर, गौरव र वैभवका निम्ति रहेका हिमशृङ्खला आज मानिसले प्रतिपादन गरेको विज्ञान र प्रविधिले गर्दा काला पत्थरमा परिणत हुँदै छ। हाम्रो सगरमाथा फैलदै छ र हाम्रा अग्ला शिखरहरू गल्दै छन् । यसले गर्दा सामुद्रिक पानीको मात्रा वृद्धि हुन्छ । समुद्रको किनारका साना भूभागहरू डुब्दै जान्छन् । भयानक सामुद्रिक छाल र सुनामीको प्रकोप बढ्दै जान्छ। अनेकौं रोग-व्याधीको

क्रम बढेर महामारीको रूप लिन्छ । विभिन्न खालका जीवाणु र किटाणु उत्पन्न हुन्छ । पृथ्वीमा कहिल्यै नदेखिएका भयानक रोगहरूले आक्रमण गर्न सक्छ । जैविक विविधता नष्ट हुँदै जान्छ । प्रजनन क्षमता कमजोर हुँदै जान्छ । कतिपय बोटविरुवा, बालीनालीमा फूल नलाग्ने, लागे पनि दाना नलाग्ने, उत्पादन कम हुनेजस्ता समस्याहरू देखा पर्छन् । जलवायु परिवर्तन हुँदै जादाँ हरिया मुलुकहरू मरुभूमिमा परिणत हुँदै जान्छन् । पृथ्वीको उर्वराशक्ति घट्न जान्छ । अनि हामी मानिस त्यही शून्यतामा विलीन हुँदै जान्छौँ ।

विकासको नाममा स्वच्छ जीवनका लागि चाहिने स्वस्थ पर्यावरणलाई धमिल्याउने काम आज जोडतोडका साथ हुन थालेको छ । यदि हामी समयमा नै सचेत हुन सकेनौँ भने खतराको घण्टी द्रुत गतिमा पृथ्वी, यो पर्यावरण, यो प्रकृति सबैको साझा सम्पत्ति हो र त्यसको उपयोग गर्नुअघि एकछिन सोच्नैपर्छ । कतै हामीले चालेका समृद्धिको कदमले हामीलाई नै पिरोल्ने त होइन ? मानिसले पर्यावरण विनाश गरेर आफ्नो मृत्युको खाडल खन्छ भने 'नकचरोलाई लाज हुँदैन, चराको पुच्छर हुँदैन", होइन भने यो साझा पृथ्वी, साझा पर्यावरण, साझा प्रकृति साझा हितको लागि प्रयोग गर्नुपर्छ । मानवको क्रियाकलापसँग सम्बन्धित अनियन्त्रित जनसङ्ख्या वृद्धि, बढ्दो सहरीकरण र स्रोत-साधनको अत्यधिक प्रयोगजस्ता कारणहरू पर्यावरणीय अपार भएकाले यसको असरमा न्युनीकरण गर्नुपर्छ ।

रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु जाती हुन्छ, त्यसैले अब हुने विकास निर्माण कार्यहरूमा विशेष कदम चाल्नुपर्छ, विकासलाई दिगो विकास अवधारणाअनुरूप गर्नुपर्छ । कुनै पनि विकास योजना सुरु गर्नुअघि विज्ञ समूहद्वारा उक्त योजनाले पार्न सक्ने असरबारे अध्ययन गरी तयार पारिएको प्रतिवेदनअनुसार कार्यान्वयन गर्नुपर्छ । प्लाष्टिकको बढ्दो प्रयोग, रासायनिक मल, कीटनाशक विषादीको प्रयोगले वातावरण प्रदुषित भएकाले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । पेट्रोलियम पदार्थको सट्टामा जलविद्युत, सौर्यऊर्जा र गोबर ग्याँसजस्ता वैकल्पिक स्रोतको उपयोग गरी पर्यावरणीय असरमा न्युनीकरण गर्नुपर्छ । वनजङ्गल फँडानीलाई रोकी वृक्षरोपण कार्यलाई जोड दिनुपर्छ । उद्योगधन्दा, कलकारखाना मानव वस्तीबाट टाढा खोल्नुपर्छ । अनि स्वच्छ रहन सक्छ । तसर्थ विकासले मात्र हाम्रो पृथ्वी हरियाली पार्ने पर्यावरणीय समस्यालाई कुरामा होइन काममा, आदर्शमा होइन यर्याथमा र भाषणमा होइन व्यवहारमा लागु गरी स्वच्छ पर्यावरण स्वस्थ जीवन बनाउन सँधै अग्रसर हुनुपर्छ ।

❒

(हरि सांस्कृतिक केन्द्रको आयोजना र भवानी बहुमुखी क्याम्पस, पालुङटारको व्यवस्थापनमा मिति २०८०।१०।१३ गते भएको अन्तर मा.वि. निबन्ध प्रतियोगितामा **द्वितीय**)

**मन्दिरा भुजेल**
श्री जनता मा.वि., आँपपीपल

# पर्यावरणमा विकासको असर

'पर्यावरण'को सामान्य अर्थ चारैतिर फैलिएको वा ढाक्ने प्रक्रिया भनिन्छ तर यसको वास्तविक रूढ अर्थचाहिँ चारैतिर फैलिएको हावा भन्ने बुझिन्छ । विपन्नताबाट सम्पन्नतातर्फ, नराम्रो अवस्थाबाट राम्रो अवस्थातर्फ र यथास्थितिबाट उन्नतितर्फ लम्कनुलाई विकास भनिन्छ। 'परि' + 'आवरण' शब्द मिलेर 'पर्यावरण' शब्दको निमार्ण भएको हो । पर्यावरण र विकास फरक -फरक अर्थण्यवस्था भएका दुई अलग-अलग शब्द हुन् । पर्यावरणमा विकासको असर शीर्षकले विकासले पर्यावरणमा पार्ने सकारात्मक र नकारात्मक प्रभाव भन्ने बुझिन्छ ।

'विकास'को अर्थ केबल परिवर्तन होइन यसले दिगो विकासमा जोड दिन्छ। वर्तमानमा भएको परिवर्तनले भावी पुस्तालाई समेत प्रभाव पारेको हुन्छ। अहिलेको समयमा भएको विकासले भविष्यमा सुन्दर विश्व समर्पण गर्नु दिगो विकासको लक्ष्य हो। वातावरण केबल हावा होइन, यो मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको हुन्छ। वातावरण स्वच्छ भएन भने विभिन्न प्रकारका रोगहरू भित्रिन सक्छन्। संसारका हरेक प्राणीले धर्तीमा पदापर्ण गर्नासाथ बाँच्नका लागि श्वास फेर्छन्। वातावरण स्वच्छ भएमा मात्र मानव जीवन, सरल र सहज बन्न सक्छ। प्रकृति स्वयम् सुन्दर छिन्, रूपवती छिन् तर प्रकृतिको सुकिलो गालामा मानिसले फोहोर हात दलेका छन्। प्रकृतिले स्नेह दिएर सुम्सुम्याएको मानिसले प्रकृतिलाई नै जिसक्याएको छ । प्रकृति र विकास एकअर्कामा सम्बन्धित रहेका छन् । प्रकृतिमा उपलब्ध स्रोत र साधनको प्रयोग गरेर विकास गरिन्छ भने विकासले प्रकृतिलाई अझ सुन्दर बनाउन मदत गर्दछ । विकासले प्रकृतिको संरक्षणमा समेत विशेष ध्यान दिन्छ। पर्यावरण र विकासको सम्बन्ध निकै नजिक रहेको छ। विकासका लागि पर्यावरण जरूरी रहन्छ।

विश्वमा विभिन्न प्रकारका आविष्कारहरू भएका छन्। संसारलाई चकित पार्ने रोर्बटको आविष्कार भएको छ । जस्तोसुकै कठिन कार्य सनिले गर्न सक्ने एक रोबर्ट "सोफिया" हो । विश्वलाई एक सेकेन्डमा ध्वस्त पार्न सक्ने बम, गोला, बारुदजस्ता घातक पदार्थहरूको पनि आविष्कार भएको छ, जमिनमा

उड्नेदेखि लिएर हावामा चरासरी उड्ने सक्ने वैज्ञानिक उपकरणको विकास भइसकेका छन् । विभिन्न प्रकारका कृषि उपकरण जस्तै : हाते ट्याक्टर, धान काट्ने मेसिन, झ्हाँट्ने थ्रेसर आदि विभिन्न प्रकारका उपकरणको पनि आविष्कार भइसकेको छ । विश्वलाई सानो घरमा परिणत गर्न सक्ने इन्टरनेटको पनि आविष्कार भइसकेको छ । लुगा सिउने सियोदेखि लिएर विभिन्न प्रकारका तरबारको पनि विकास भएको छ। इक्टो लाइफ (ECTO– Life) जसको मद्दतबाट बच्चासमेत जन्माउन विभिन्न प्रकारका चमत्कारिक उपकरणको विकास तथा प्रयोग भइसकेको छ । विभिन प्रकारका भिडियो गेम, डिजिटल मोबाइल फोन, अन्य विभिन्न चमत्कारिक एपहरूको समेत आविष्कार भएका छन् । वर्तमान समयमा अन्तरिक्षामा समेत भ्रमण गर्न सक्ने उपकरणको विकास भएको छ । संसारलाई सानो कोठामा परिणत गर्ने मोबाइल फोन, ल्यापटप, टिभीजस्ता उपकरणको प्रयोग दिनानुदिन बढ्ने क्रम जारी रहेको छ । रङ्गमञ्च जस्तै भएको विश्वमा अन्य थुप्रै आविष्कार भइसकेका छन् भने अझै आविष्कारका क्रममा रहेका छन् । संसारलाई चकित पार्न सक्ने विभिन्न प्रकारका उपकरण, मानिस जातिलाई सहज हुने, समय हेर्न कुनै पनि प्रकारका घामको भर पर्नु नपर्ने डिजिटल घड़ीको आविष्कार भएको छ । आविष्कारकै क्रममा विभिन्न ग्याँसीय पदार्थको समेत विश्वमा प्रयोग भएको छ । यस्तै आविष्कारले विश्वलाई सरल बनाउन मदत गरेको छ ।

पृथ्वीमा विभिन्न विकासका गतिविधि भइरहेका छन् । चन्द्रमाबाट केबल चीनमा अवास्थित ग्रेटवालको सानो धब्बा मात्र देखिने कुरा पत्ता लाग्नु एउटा विकास हो । सय तलाभन्दा माथिको भवन निर्माण, विभिन्न प्राविधिक उपकरणको निर्माण र प्रयोग हुनु पनि विकास हो । विकासका क्रममा थुप्रै डिजिटल प्रविधिको विकास भइरहेका छन् । थुप्रै प्रकारका सडकहरू, ताल तलैयाको निमार्ण, ड्यामको निर्माण हुनु विकास हो ।

भूमण्डलमा कैयौं आश्चर्यचकित वस्तु, पदार्थ, उपकरणको विकास भएको छ । जस्तै : नेपालमा महेन्द्र राजमार्गको निर्माण भइसकेको छ भने मध्यपहाडी लोकमार्ग (पुष्पलाल राजमार्ग) बन्ने कममा रहेको छ । पाँचथर जिल्लाको जिल्लाको जुद्राभञ्ज्याङबाट सुरु भई बैतडीको चुलाघाटमम्म लम्कने यसको लागत नेपाली ४३ बिलियन रहेको छ । यसले २६ जिल्ला समेटेको छ, जसमध्ये बाह्वटा स्मार्ट सिटी अथवा नमुना सहर बनाउने लक्ष्य राखेको छ । जसमध्ये पालुङटार नगरपालिका एक हो । नेपालको आन्तरिक स्रोत र साधनको पूर्ण र दक्ष उपयोगबाट सञ्चालन हुने यो राजमार्गबाट करिब ७० लाख मानिसहरू लाभान्वित हुने अनुमानका साथ यो कार्यक्रम वा योजना अघि सारिएको हो । यस्तै

प्रकारका विभिन्न निर्माण कामहरू विश्वमा सञ्चालित भएका छन् । अमेरिका, बेलायत, रूस, भारतपछिको पाँचौँ राष्ट्र 'जापान' अन्तरिक्ष यान पठाउन २०८० साल माघ ६ गते शनिबार सफल भएको छ । विभिन्न प्रकारका यातायातका साधनहरू, कार, मोटरबाइक, हवाइजहाजजस्ता वस्तुको निर्माण भएको छ । दुध नाप्नेदेखि लिएर ज्वरो नाप्ने थर्मोमिटरको आविष्कार भएको छ । विभिन्न ढक, तराजुलाई विस्थापित गरेर डिजिटल नाप्ने उपकरणको निर्माण प्रयोग हुँदै विकास तीव्र गतिमा अघि बढिरहेको छ ।

विकासका क्रममा भएका गतिविधिले पर्यावरणमा सकारात्मक र निकारात्मक प्रभाव पारिरहेको हुन्छन् । विकासका क्रममा निर्माण भएका वस्तुले जब सकारात्मक प्रभाव बढी पर्छ तब देश उन्नतितर्फ लम्किन्छ भने नकारात्मक प्रभावले देशलाई विपन्नतातर्फ लम्काउँछ । विकासका क्रममा भएका हरियाली पार्कको निर्माणले वातावरण संरक्षणमा जोड दिन्छ ।

प्रकृति सबैको साझा घर हो । वातावरण नै सम्पूर्ण प्राणीको जीवन हो । विश्वमा करिब ७.७७ मिलियन जीवजन्तु र १.०५ मिलियन कीराहरूको बासस्थान वातावरण नै हो, वातावरणमा अनेकन किमिमका बोटबिरुवा, जीवजन्तु, चराहरू अवस्थित रहेका छन् । विभिन्न प्रकारका वन्यजन्तु आरक्षणहरू सञ्चालनमा आउँदा प्रकृतिको, बोटविरुवाका साथसाथै विभिन्न प्रकारका प्राणीहरूलाई फाइदा पुऱ्याउँछ । प्रकृतिको संरक्षण हुने खालका योजनाहरूले वातावरणमा अझै फाइदा पुऱ्याएको छ । विभिन्न प्रकारका बगैँचा, फूलबारीको निर्माणले पर्यटकलाई आकर्षित गर्नुका साथै प्रकृतिलाई स्वच्छ बनाउन मद्दत पुऱ्याउँछ । नेदरल्यान्डमा अवस्थित क्युकेनहफ नामक बगैँचा (फूलबारी) विश्वको सुन्दर फूलबारी हो । यस्ता विभिन्न प्रकारका फूलबारी तथा बगैँचाको निर्माणले पर्यावरणमा सन्तुलन कायम राख्न मद्दत गरेको छ । विभिन्न प्रकारका प्रकृति संरक्षण हुने खालका गतिविधिले भावी पुस्तामा पर्न सक्ने असर नियन्त्रणमा मद्दत गरेको छ । विभिन्न संरक्षण हुने खालका आरक्षको व्यवस्थाले वातावरण जोगाउन मद्दत पुगेको छ । यसले प्रकृतिको सुन्दरतालाई थप बढाएको छ । हरियालीमा थप हरियाली थपेको छ । विभिन्न फूलबारीको सुगन्ध थपेर थप पृथ्वीलाई सुन्दर बनाउन विकासले ठुलो मात्रामा सहयोग पुऱ्याएको छ ।

वातावरणमा विकासको सकारात्मक असरका साथमा नकारात्मक असर पनि परेको छ । आजको प्रमुख चुनौतीका रूपमा वातावरण प्रदूषण प्रमुख देखिएको छ । विकासका नाममा गरिने अनेकन प्रकारका गतिविधिले जलवायु परिवर्तनको समस्या निम्त्याएको हो जसबाट अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टिजस्ता समस्या निम्त्याएको छ । चाहेको बेला पानी नपर्ने वा बढी पर्नेजस्ता समस्याले भूक्षय

जाने समस्या भएको छ ।

प्रकृतिको अधिक प्रयोग र दोहनले विभिन्न समस्या निम्तिएको छ । प्राकृतिक स्रोत र साधन सीमित छन् । सीमित स्रोत, साधनको अति उपयोगले भण्डार रित्तिन सक्ने अनुमान गरिएको छ । विभिन्न प्रकारका सुरुङ मार्गहरूको निर्माणले बाढी, पहिरोजस्ता समस्या निम्तिएको छ। यान्त्रिकीकरण, वैज्ञानिकीकरण, औद्योगिकीकरण र प्रकृतिको बन्ध्याकरणजस्ता समस्याले मानव जीवनको अस्तित्व सङ्कटमा पारेको छ । विभिन्न प्रकारका प्रविधिहरूको आविष्कार, रसायनहरूले खेतीयोग्य जमिनको नाश गरेको छ । लाउँला, खाँउला भन्ने उमेरका युवाहरूको वैज्ञानिक आविष्कारका उपकरणले जीवन लुटेको छ। विभिन्न प्रकारका आणविक हातहतियारले वनजङ्गलको नाश गरेको छ । वर्तमान समयमा विश्वका हरेक राष्ट्र वातावरण प्रदूषणबाट निम्तिएको समस्याबाट पिरोलिइरहेका छन्। धनी राष्ट्र वा विकस्मित राष्ट्रहरू प्राकृतिक साधनको उपयोगबाट सिर्जिएको समस्याबाट पिरोलिइरहेका छन् भने गरीब वा कम सम्पन्न राष्ट्र प्राकृतिक स्रोत, साधनको उपयोग गर्न नजानेर पिरोलिइरहेका छन् । जसरी एउटी नारीले धनको लोभमा परेर आफ्नो कुमारीतत्व गुमाएझैँ आफ्नो माता समान प्रकृतिको विकासका नाममा अर्धनग्न बनाएका छन् । प्रकृति केही नबोले तापनि टुलुटुलु हेरी बस्न बाध्य भएकी छिन् ।

सेता दन्त देखाएर मुसुक्क हाँसेको, बुट्टेदार चोलो लगाइ, पहेँलो फरिया फेरेर बसेको मेरो भूमण्डल विकासका क्रममा ओढेको पछ्यौरा च्यातिएको छ । विभिन्न प्रकारका हलियाली, फूलबुट्टे लहराले सजिएको सुगन्ध हराएको छ । विकासका क्रममा पर्यावरणको शरीर चिरिएको छ । शान्तिका प्रतीक जन्मिएको पृथ्वी आज शान्तिको खोजीमा भौँतारिइरहेको छ, विश्व । विभिन्न प्रकारका सुगन्धित तथा बहुमूल्य जडीबुटी नाश भएको छ। चराचुरुङ्गी तथा वन्यजन्तुको जीवन सङ्कटमा परेको छ ।

'विरहिणी दमयन्ती' जस्तै घायल, घाइते शरीर बोकेर आफ्नो आफ्नो प्राणप्रिय पतिको खोजीमा भौँतारिरहेकी एउटी नारीजस्तै बनेको छ प्रकृति, जुन शान्तिको खोजीमा हिँडिरहेको छ । पीडा र चोटले घायल भएको सिपाहीजस्तै थकित बनेको छ पर्यावरण । स्वर्गजस्तो मेरो पृथ्वी मरुभूमिमा परिणत भएको छ, पहाड तथा हिमाल हॉस्न छाडेका छन् । केबल मृत्युको पखाईमा रहेको छ वातावरण ।

विश्वमा भएका यस्ता विकासका कुराहरू तथा वातावरण प्रदूषण रोक्नका लागि सरकारी र व्यक्तिगत तबरबाट विभिन्न पहल हुनुपर्दछ। विश्वमा वातावरण संरक्षणसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिँदै आइएको छ। प्रत्ये

क वर्ष जुन ५ मा 'विश्व वातावरण दिवस' मनाइन्छ । त्यस्तै बाल दिवसजस्ता कार्यक्रमहरूले वातावरण संरक्षणमा विशेष भूमिका खेल्दछ । विश्वमा वैज्ञानिक अनुसन्धान रोकिनुपर्दछ । वातावरणलाई हानी गर्ने रसायनको प्रयोग बन्द गरिनुपर्छ । आणविक हातहतियारको प्रयोग पूर्णतः रोकिनुपर्छ । विभिन्न प्रकारका परीक्षण बन्द गरिनुपर्छ । एक विरुवा काटेवापत दुईवटा विरुवा रोप्नुपर्ने नीति बनाई कार्यान्वयनमा ल्याउनुपर्छ । सरकारले विशेष कार्यक्रम पनि सञ्चालन गर्न जरुरी देखिन्छ ।

'वातावरण प्रदूषण नियन्त्रण तथा स्वास्थ्य नै धन हो' भन्ने सिद्धान्तमा आधारित भएर विभिन्न प्रकारका पहल गर्न आवश्यक रहेको छ । विभिन्न किसिमका आफ्नो जीवनभन्दा पनि प्रकृति ठूलो मान्ने, वातावरण नै जीवन ठान्ने प्रकृतिप्रेमीको जन्म हुनु आवश्यक छ । जीवनको अर्को कारण वातावरण मार्ने निःस्वार्थी मानवको जन्म हुन आवश्यक रहेको छ, जसले मानिसको अस्तित्व बचाउन सकोस् ।

अतः "रोग लागेपछि उपचार गर्नुभन्दा, रोग लाग्न नै नदिनु उत्तम हुन्छ" भन्ने मान्यतामा आधारित रहेर विकासका क्रममा भएका नकारात्मक प्रभावलाई समाधान गरेर विकास गरेर मानव जीवन सङ्कटमा पर्दैन । 'विरहिणी दमयन्ती'जस्तै भएको प्रकृतिको पनि पुनः जन्म हुन्छ । आफ्नो जीवनभन्दा पनि आफ्नी आमाको जीवन ठूलो मान्ने प्रकृतिप्रेमीको आगमन हुनुपर्दछ । विकासका नाममा गरिएका आविष्कार सही प्रयोग गर्नुपर्दछ । विश्व वातावरण दिवस अझै प्रभावकारी बनाउने खालका गतिविधि गर्नुपर्छ । शान्तिका प्रतीक जन्मेका देशमा अशान्ति फैलाउने कार्यको नाश गर्नुपर्छ । 'मेरो प्रकृति नै मेरो सर्वस्व' हो भन्ने ठानेर देश विकासको कार्य गर्नुपर्छ । 'बातावरणको संरक्षण मेरो कर्तव्य' हो भन्ने ठानेर हरेक प्राणीले प्रकृतिको महत्त्व बुझेमा पर्यावरण स्वच्छ रहन्छ । यस्तो सोच राख्नु आजको प्रमुख आवश्यकता हो ।

❒

हामीलाई देश जोडिदिने राष्ट्रनिर्माताको सालिकमाथि विदेशीका दलालहरू अन्जान आफ्ना कार्यकर्ताहरूलाई अघि सारेर लडाउँदै थिए । राष्ट्रवादी नेता राजेश्वर देवकोटा लगायत केही राष्ट्रवादीहरु सालिक जोगाउन लागिपरेका थियौँ । नुवाकोटमा रहेको राष्ट्रनिर्माताको सालिकमा राष्ट्रवादी नेता राजेश्वर देवकोटा र म यसरी उभिएका रहेछौँ । म बाँचेकै छु, राष्ट्रवादी नेताको निधन भयो । देश जहाँको तहीँ छ ।

– अबिनाथ योगी – पत्रकार

(हरि सांस्कृतिक केन्द्रको आयोजना र भवानी बहुमुखी क्याम्पस, पालुङटारको व्यवस्थापनमा मिति २०८०।१०।१३ गते भएको अन्तर मा.वि. निबन्ध प्रतियोगितामा **तृतीय**)

**आस्था पाण्डे**
श्री मीरकोट मा.वि., मीरकोट

## पर्यावरणमा विकासको असर

विश्व ब्रह्माण्ड विशाल छ। सिङ्गो पृथ्वी नै एउटा घर हो, लाखौं प्रकारका जीवहरूको आश्रय स्थल हो । ब्रह्माण्डमा अणु र अणुमा ब्रह्माण्डको अस्तित्व रहेझैँ यस ब्रहमाण्डमा कयौं सौर्य परिवार रहेका छन्, तिनै सौर्य परिवारको एक सदस्य पृथ्वी हो। प्राणी र वनस्पति यसका सन्तान, प्रकृतिको उपहार र ईश्वरका वरदान हुन्। तिनै लाखौं जीवको आश्रयस्थल पृथ्वी हो। यिनको इतिहास र परम्परा करोडौं वर्ष पुरानो र लामो छ । यस धर्तीका प्राणीहरूको अस्तित्व प्राकृतिक पञ्चतत्त्व पृथ्वी, जल, तेज, वायु र आकाशसँग गाँसिएको छ। यिनको उत्पत्ति विकास र अन्त्य पनि यसै प्रकृतिमै हुन्छ। त्यसैले एकअर्काको अस्तित्व र सम्बन्ध अन्योन्यश्रित रहेको छ। प्रकृतिको सन्ततिहरूमध्ये सर्वश्रेष्ठ उपहार मानिस हो। योसँगै प्रकृतिको सम्बन्ध अन्य तत्त्वभन्दा गहिरो र व्यापक छ। मानिसबाट यस एक्काइसौं शताब्दीमा भएको वैज्ञानिक आविष्कार, विकास निर्माण, जनसङ्ख्या वृद्धिले कयौं जटिल समस्याहरू जन्माइदिएको छ। यसको असर सोझै प्रकृतिमा पर्न गई पर्यावरणीय असन्तुलनको रूपमा सम्पूर्ण प्राणीलाई ठाडै चुनौति दिइरहेको छ। 'पर्यावरण' शब्द 'आवरण' र 'परि' उपसर्गको मेलबाट बनेको छ। 'परि' को अर्थ सबैतिर र 'आवरण'को अर्थ कवच हो । त्यसैले पर्यावरणको शाब्दिक अर्थ बाहिरी कवच, जसले नोक्सानदायक तत्त्वबाट वातावरणालाई चारैतिर रक्षा गरी ओत्ने र ढाक्ने काम गर्छ । वनस्पति र जीवजन्तुको अन्तरसम्बन्ध पर्यावरण भएकाले यसको पर्यावाची शब्दको रूपमा वातावरणलाई लिन सकिन्छ। यसरी पृथ्वीमा भएको वनस्पति, हावापानी, नदीनाला, पर्वत, पहाड जीवजन्तु, सूर्य, प्रकाश आदि मिली बनेका हाम्रो जीवनलाई प्रभावित पार्ने भौतिक तथा जैविक परिवेशको समग्र समष्टीगत स्वरूपलाई पर्यावरणमा परिभाषित गर्न सकिन्छ। पर्यावरणको विभिन्न तत्त्वहरूको अन्तरसम्बन्ध पारिस्थितिक प्रणाली हो। पृथ्वीमा उपलब्ध वायुमण्डल, पानी, सूर्यको प्रकाश, माटो तथा ओजन तहविच रहेका एकआपसको सम्बन्धका कारण नै यस पृथ्वीका सम्पूर्ण जीवजगत्को अस्तित्व सम्भव भएको हो । प्रकृतिको रूपमा निर्मित पर्यावरण आफैँमा सन्तुलित हुन्छ

तर सर्वश्रेष्ठ मानिएको मानिस प्रकृतिमैत्री व्यवहार गर्न चुकेको छ । उसले प्राय आफ्नो अनुकूल गतिबिधि गर्दा वातावरण विनाश हुने र पर्यावरण सन्तुलनमा खलल पुगिरहेको देखिन्छ ।

आजको युग वैज्ञानिक युग हो । मानवको खोज र अध्ययनको उपज विज्ञान प्रविधिको विकाससँगै जीवनयापनलाई सरल र सहज बनाउने कार्य दिनप्रतिदिन बढ्दै गइरहेको छ । मानवले कुनै वस्तुप्रति विशेष ज्ञान आर्जन गर्न र त्यसको सत्य तथा पत्ता लगाई प्रकृतिको गर्भभित्र लुकेर रहेका प्राकृतिक शक्तिहरूलाई प्रयोगमा ल्याउने कार्य गर्दा व्यवहारोपयोगी दैनिकी सहज बनाउने प्रयत्न गरिरहेका छन् । त्यही शक्तिले ढुङ्गे ओडारमा बस्ने मानिस अन्तरिक्षमा वस्ती बसाउने तरखरमा उन्मुख छ, यो परिवर्तन कुनै जादू नभई ज्ञान-विज्ञानको सङ्घर्षबाट निःसृत उपज हो । मानिस चेतनशील प्राणी हो, कल्पनाको पुञ्ज हो । मानिसको सृष्टि प्रकृतिमै फुल्छ र प्रकृतिमै विलाएर जान्छ । यसर्थ वातावरण ज्ञान विज्ञानको भण्डार र उद्‌गम स्रोत हो अनि मानिसको गुरु पनि हो । यस्ता मानिएका आवश्यकता जतिजति बढ्दै जान्छ त्यतित्यति नयाँ वस्तुको खोज र विकाससगै सामान्यबाट विशिष्टतिर जाने अनुसन्धान हुँदै जान्छ । विज्ञानको आविष्कार हुन्छ । जटिलताबाट सामान्यतिर जाने, स्थलबाट शूक्ष्मतिर जाने प्राणीको स्वभाव हो । तसर्थ विकासले मानव जीवनमा नयाँ मोड ल्याइदिनुका साथै समाज, संस्कृति र व्यवहारमा परिवर्तन ल्याइदिएको छ र विश्वव्यापी रूपमा उथलपुथल ल्याई कायापलट नै गरिदिएको छ । आज यस धर्तीमा जति उपलब्धिहरू हासिल भएका छन् ती सबै मानिसको देन हो । आज मानिसले गरेका विकासले विश्व समाजलाई साँघुरो बनाइदिएको छ । सूचना, सञ्चार र इन्टरनेटको माध्यमबाट विश्वको कुनै पनि कुनाको बन्द कोठाभित्र रहेर अर्को कुनामा प्रत्यक्ष सम्पर्क राख्न, विश्व घटना क्षणभरमै लिन र यातायातको विकास गरी उडेर, गुडेर एक ठाउँबाट अर्को ठाउँमा सजिलै पुग्न सक्ने भएका छौं । विद्युत शक्तिको क्षेत्रमा भएको उन्नति र प्रगतिले गर्दा आज हरेक क्षेत्र अनुप्राणित भएको छ । मानिसको दिमागले गर्न नभ्याउने कार्य कम्प्युटरको विकासित स्वरूप रोबटको निर्माण भएको छ र आफूले कयौं दिन लगाएर गर्न नसकने कार्य कम्प्युटरमार्फत एकैछिनमा गर्न सक्ने भएका छन् । चिकित्सा क्षेत्रमा भएको नयाँ आविष्कारले असाध्य रोग पनि निको पार्न सक्ने भएका छन् । मानिसको अङ्ग प्रत्यारोपण गर्न सफल भएका छन् । त्यस्तै ज्ञानको सञ्चय गरी युगौंयुगसम्म त्यसबाट फाइदा लिन सक्ने भएको छ ।

मानिसद्वारा गरिएको विकास भौतिक क्षेत्रमा मात्र नभई आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक हरेक क्षेत्रमा क्रान्ति ल्याइदिएका छन् । औद्योगिक

क्रान्तिले मानिसको श्रम र समयमा परिवर्तन ल्याइदिएको छ । मानवको हरेक दैनिकी सहज बनेका छन् तर विकास गर्ने क्रममा त्यसले पर्यावरणमा नराम्रा असर पारेको छ । संसारको हरेक वस्तुको स्रष्टा मानिस नै हो । विज्ञानको प्रयोग सही ढङ्गबाट नहुदा पर्यावरणमा प्रशस्त चुनौतिहरू देखा परेका छन् । तसर्थ विकास पर्यावरण सन्तुलनका लागि परिलक्षित हुनुपर्छ । अन्यथा यसले पर्यावरण नै तहसनहस पार्न सक्छ । पर्यावरणलाई मानव र उसको क्रियाकलापद्वारा नै स्वच्छ सन्तुलित राख्नुपर्ने हुन्छ । यति भनिरहँदा मानव सिर्जित क्रियाकलापबाट नै पर्यावरणको अवस्था अहिलेको परिप्रेक्ष्यमा प्रविधिजन्य तथा औद्योगिक विकासक्रमले ह्रास हुँदै गइरहेको छ । जनसङ्ख्या वृद्धि र विलासी जीवनशैली, बढ्दो सहरीकरण, अव्यवस्थित औद्योगिकीरण, अत्यधिक रासायनिक मलको प्रयोग, विषादीको प्रयोग, वनविनाश आदि कारण पर्यावरणीय असन्तुलन र वातावरण प्रदूषण भइरहेको छ । खास गरी औद्योगिक मुलुकहरूमा हुने आणविक भट्टी सञ्चालन, हतियारको प्रयोग, इन्धनको अत्याधिक प्रयोग, कोइला, तेल तथा प्राकृतिक ग्याँसजस्ता जैविक इन्धनको प्रयोग, प्लाष्टिकजन्य सामग्रीको अति प्रयोग, डँढेलो आदिले जलवायु परिवर्तन र पर्यावरणीय असन्तुलनमा भूमिका खेलेको हुन्छ । यस्तै विकासोन्मुख मुलुकहरूले आफ्नो स्वार्थभन्दा माथि उठेर रोकथामका लागि ठोस कदम चाल्नुपर्छ । अन्य मुलुकले पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनमा रहेका प्रतिबद्धताअनुसारको नीतिलाई अनुशरण गर्नुपर्छ ।

स्वार्थप्रेरित प्राकृतिक स्रोत-साधनमाथि मानवले गरेका रसायन तथा फोहोरको गलत व्यवस्थापनले गर्दा जलवायु प्रदूषण र ध्वनि प्रदूषणका कारण विश्वका एक चौथाइ मानिसको ज्यान गइरहेको र वार्षिक करिब ३० लाख मानिसको वायु प्रदूषणका कारण ज्यान गइरहेको देखिन्छ । विकासोन्मुख मुलुकहरूमा दाउरा, कोइला, गुइँठा जस्ता ऊर्जाको परम्परागत स्रोतबाट निस्किएको धुवाँबाट करिव ४० लाख मानिसको ज्यान गइरहेको र जल प्रदूषित रोगबाट विश्वका आधा अस्पताल भरिने गरेका तथ्यका साथै जल प्रदूषणबाट करिब वार्षिक १ अर्ब मानिसको ज्यान जोखिमा परेको, विकासोन्मुख मुलुकहरूमा करिब ६० हजार मानिस मौसम सम्वन्धित दुर्घटनामा परी मरेका तथ्य देखिन्छ । त्यस्तै कयौँ जीवजन्तु, वनस्पतिसमेत लोप हुँदै गएको हामीले अनुभव गरेका छौँ । ठुलाठुला राष्ट्रहरूले गरेका विकासगतिसगैं वातावरणमा निकै नै असहजपन आएको छ । प्रकृतिसँग जुध्ने र उन्नति एवम् प्रगतिका नाममा प्रकृतिलाई जिस्काएर वातावरण स्वच्छतामा खलल पुऱ्याउने समस्या विश्वव्यापी बनेको छ । प्रकृतिको काखमा हुर्किएका हामी प्रकृतिलाई तहसनहस बनाएर आफ्नो खुट्टामा आफैले बन्चरो हानिरहेका छौँ । वायुमण्डलीय आवरणभित्र भएका स्थलमण्डल, जलमण्डल विकासका नाममा

भएको प्रदूषणबाट अछुतो छैनन्। यसको नकारात्मक असर जैविक तथा अजैविक वस्तुमा परेको छ। पृथ्वीको परिस्थितिको प्रणाली सन्तुलन राख्न सबै राष्ट्रहरूको पहल अनिवार्य छ । अव्यवस्थित सहरीकरण, बसाइँसराइ, उपवैज्ञानिक कृषि प्रणाली, कृषि उपजमा विषादीको प्रयोग, रासायनिक पदार्थको दुरुपयोग, माटो प्रदूषण आदि मिश्रित हावामा स्वास लिनुपर्ने अवस्थामा रक्तचाप, हृदयरोग, आँखाको रोग, श्वास रोग, टिबीजस्ता रोग लाग्ने सम्भावना बढिरहेको देखिन्छ। वन फँडानीले अक्सिजनको मात्रा बढ्दो र कार्बनडाइअक्साइडको मात्रा बढ् दो छ । सजिलोका लागि प्रयोग गरिने प्लाष्टिक र यिनीहरूलाई जलाइने गर्दा हानिकारक ग्यासहरू जस्ता कार्बनडाइअक्साइड, कार्बनमोनोअक्साइड, नाइट्रोजन अक्साइड, सल्फरडाइअक्साइडको अधिक उत्सर्जनको कारण अम्लीय वर्षा हुन गई मानिसको सबै कार्यका लागि घातक हुन्छ। फ्रिज र एयरकन्डिसनजस्ता चिस्यान उपकरणका कारण क्यान्सर र दीर्घकालीन रोग निम्त्याउन गई शरीरको विभिन्न तन्तुहरूको काम गर्ने क्षमतामा ह्रास गराउँछ । सवारी साधन, उद्योगधन्दाबाट निस्कने चर्को आवाजले हाम्रो श्रवण शक्तिलाई कमजोर बनाउनुका साथै उच्च रक्तचाप, हृदयरोग, टाउको दुख्ने अनिद्रा तथा मानसिक रोगहरूको व्यापकता बढ्न थालेको छ। जल, ध्वनि र वायु प्रदूषणले पर्यावरणमा लाउड स्पिकर, डिप बोरिङ गर्ने क्रममा क्रसर मेसिन तथा डोजर खनाइले हरितगृहलाई नकारात्मक असर परेको छ।

हरितगृह प्रभावलले गर्दा १९औँ शताब्दीको तुलनामा विश्व लगभग १.१ डिग्री बढी तातेको र कार्बनडाइअक्साइडको मात्रा ५० प्रतिशत वृद्धि भएको विभिन्न अध्ययनले देखाएको छ । हरितगृहको प्रभावका कारण वायुमण्डलमा मुख्यरूपमा कार्बनडाइअक्साइडको मात्रा बढ्दै जादा यसले सिसाको जस्तो गुण देखाउँछ र पृथ्वीमा तापक्रम बढ्दै जान्छ । यस्ता कारण पृथ्वीमा तापक्रम दिनानुदिन बढ्दो छ। जसले गर्दा चरम गर्मी, खडेरी, आँधी तथा टापु राष्ट्रहरू समुद्रमा डुब्नेजस्ता सम्भावना रहेको छ। नेपालको सन्दर्भमा हेर्ने हो भने प्रतिवर्ष औषत ०.०४ डि.से. तापक्रम बढेको विविध तथ्यमा देखिन्छ। त्यसले सुन्दर हिमालहरू काला पत्थरमा परिणत हुने, हिमतालको निर्माण हुने र फुट्नेजस्ता सम्भावना देखिने छ। जलवायु परिवर्तनले गरिबीलाई अझ नोक्सानमा पार्दछ। हाम्रो देशको अत्यन्त न्यून आयले परिवर्तित परिस्थितिको चुनौति सामना गर्न कठिन छ। पर्यावरण सन्तुलन, कृषि उत्पादन र स्वास्थ सेवा वा अन्य प्रकारका सुरक्षात्मक उपायका निम्ति दक्षता, सीप र पहुँच पुग्दैन । पर्यावरण असन्तुलन र वातावरण प्रदूषणका मुख्य कारण रोगवाहक कीरा चिसोस्थानतर्फ जाने क्रम बढ्ने, रोग-महामारी फैलने, बाढीपहिरो हुने, कृषिमा नयाँ झार पलाउने वा कीरा

प्रवेश गर्नेजस्ता नकारात्मक असर परेको छ । यदि हामीले पर्यावरण असन्तुलन राख्ने हो भने हाम्रो रक्षा कसले गर्ला ? हामीले स्वयम् आफू, परिवार, देश र पृथ्वीको संरक्षण राख्न मनमा यो ध्येय राखेर काम गर्नुपर्छ ।

विकासका नाममा प्राकृतिक स्रोत-साधनमाथि आएका चरम दोहनपश्चात् सिर्जित वातावरण असन्तुलनको समाधानका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयोगहरूलाई बढवा दिँदै यसले दिगो विकासलाई अगाडि बढाएको छ । दिगो शब्दको प्रयोग बारम्बार उठ्दै गर्दा 'दिगो' शब्दको अवधारणा संयुक्त राष्ट्र सङ्घले नेतृत्वमा विश्वको साझा समस्याहरूलाई साझेदारी र एकरूपताका साथ सम्बोधन गर्ने क्रममा विश्व सङ्घीय महासभाबाट पारित विश्व विकासको १५ वर्षे मागचित्र नै यसको उद्देश्य उन्मुख छ । वर्तमान आवश्यकतासँगै सम्झौता नगरी भावी पुस्ताको आवश्यकता पूर्ति गर्दै जानु दिगो विकास हो । यसको १७ लक्ष्य रहेका छन् । प्रत्येक वर्ष जुन ५ मा वातावरण दिवस मनाइने गरिन्छ । नेपालले जलवायु परिवर्तनमा विश्वको ध्यानाकर्षण गर्न सगरमाथाको आधार शिविरमा मन्त्रिपरिषदको बैठक बसेका तथा माल्दिभ्सको पानीमुनि बैठक बस्नेजस्ता कार्य गरिसकेका छन् । वातावरण संरक्षणसम्बन्धमा अन्तर्राष्ट्रिय महत्त्वको क्षेत्रलाई सिमसार सूचीमा सूचीकृत गरेका सम्पदामध्ये नेपालको १० सम्पदाहरू सूचीकृत भएका छन् । विश्व सिमसार दिवस प्रत्येक वर्ष फ्रेब्रुअरी २ मा मनाइने गरिन्छ । नेपालामा पनि विभिन्न सङ्घ-संस्थाले समयसमयमा वृक्षरोपण, बाममति वा अन्य नदी सरसफाइ अभियानजस्ता कार्यलाई जोड दिएका छन् ।

शास्त्रमा भनिए जस्तै "प्रकृति रक्षति रक्षीतः" अर्थात् प्रकृतिलाई हामीले रक्षा गर्‍यौं भने प्रकृतिले पनि हाम्रो रक्षा गर्छ । अङ्ग्रेजी साहित्यकार सेक्सपियरको यो कुरालाई गम्भीरताका साथ मनन गर्नुपर्छ "प्रकृतिको हल्का स्पर्शले विश्वलाई एक बनाइदिन सक्छ ।" पर्यावरण र विकास एक सिक्काको दुई पाटा हुन्, यिनलाई सन्तुलित राखेर अगाडि बढेमा मानव जीवनको भविष्य उज्ज्वल हुनेछ । एउटा राष्ट्रले मात्र यसको न्यूनीकरण गर्न सम्भव छैन । तसर्थ विकासबाट पुगेको असर कम गर्न र विश्वव्यापी प्रतिबद्धता जनचेतना अभिवृद्धि सन्धि सम्झौताका नियम पालना गर्दै राज्यले अघि सारेको नियमको परिपालना गर्नुपर्छ । अतः स्वच्छ एवम् हरित पृथ्वी भाविलाई हस्तान्तरण गर्नुपर्छ । दिगो विकासको लक्ष्य पुरा गर्दै हाम्रो पृथ्वीलाई पर्यावरणीय सन्तुलन हस्तान्तरण गर्नुपर्छ ।

❒

# राजेश्वर देवकोटाका प्रकाशित कृतिहरू

| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशन साल | प्रकाशक |
|---|---|---|---|---|
| 1 | शाही भोज | निबन्धसङ्ग्रह | 2014 | |
| 2 | राम्रो नेपाली साहित्य (१-९ भाग) | सहलेखन जनकलाल शर्मा | 2016 | रत्न पुस्तक भण्डार |
| 3 | नेपाली व्याकरण | व्याकरण | 2018 | सहयोगी प्रकाशन |
| 4 | नेपाली निबन्धावली | सहलेखन जनकलाल शर्मा | 2019 | रत्न पुस्तक भण्डार |
| 5 | असल पञ्चको लागि अनिवार्य पाठ | राजनैतिक लेख | 2024 | |
| 6 | बालसाहित्य | सहलेखन | 2019 | |
| 7 | निबन्ध र चिठ्ठी | सहलेखन जनकलाल शर्मा | 2026 | एजुकेशनल इन्टरप्राइजेज |
| 8 | हाम्रा पुर्खाहरू | जीवनीसङ्ग्रह | 2034 bf]; []2055 | साझा प्रकाशन ईश्वरचन्द्र देवकोटा |
| 9 | युगल काव्य | हास्यव्यङ्ग्य | 2039 | कौवा प्रकाशन |
| 10 | आवर्तन | उपन्यास | 2042, 073 | साझा प्रकाशन, लिपि बुक्स प्रा.लि. |
| 11 | द्वन्द्वको अवसान | उपन्यास | 2044, 075 | साझा प्रकाशन, लिपि बुक्स प्रा.लि. |
| 12 | पूर्वकथा | उपन्यास (नवौँ सं.) | 2043, 2075 | साझा प्रकाशन, लिपि बुक्स प्रा.लि. |
| 13 | उत्सर्ग प्रेम | उपन्यास (मदन पुरस्कार प्राप्त) | 2044, 075 | जनकलाल शर्मा र लिपि बुक्स प्रा.लि. |
| 14 | पूर्णिमा | उपन्यास (नवौँ सं.) | 2054 2075 | साझा प्रकाशन लिपि बुक्स प्रा.लि. |
| 15 | विनोद पुष्पाञ्जलि | काव्य | 2058 | आँखा प्रकाशन |
| 16 | डबली Journey's End | उपन्यास English Transleted | 2059 2068 | साझा प्रकाशन Adarsha Enterprises |
| 17 | पाँच कथा | कथासङ्ग्रह | 2067 | शब्दार्थ प्रकाशन |
| 18 | स्वन | काव्य | 2067 | शब्दार्थ प्रकाशन |
| 19 | आफू-आफैमा | संस्मरण | 2067 | |
| 20 | महाराजको भूत | उपन्यास | 2068 | हिमालय बुक स्टल |
| 21 | माया | संस्मरणात्मक जीवनी | 2068 | नइ प्रकाशन |
| 22 | विश्वास | उपन्यास | 2071 | सेन्चुरी प्रिन्टिङ |
| 23 | वसन्त काव्य | काव्य | 2071 | हिमालय बुक्स |
| 24 | आत्मकथा | आत्म कथा | 2073 | ईश्वरचन्द्र देवकोटा |
| 25 | उदारवाद | राजनैतिक लेख | 2065 | राष्ट्रिय प्रजातन्त्र पार्टी |